# वन्यजन्तु सम्बन्धी मुद्दा कारवाही, फैसला र फैसला कार्यान्वयन दिग्दर्शन, २०७७

# वन्यजन्तु सम्बन्धी मुद्दा
# कारवाही, फैसला र फैसला कार्यान्वयन दिग्दर्शन, २०७७

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
**केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय**
बबरमहल, काठमाडौं

**प्रकाशकः**
नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय, बबरमहल, काठमाडौं

**© सर्वाधिकारः** प्रकाशकमा
यस पुस्तकमा प्रकाशित सामग्रीहरु प्रकाशकको नाम साभार गरि पुरै वा आंशिक रुपमा पुनः प्रकाशन गर्न सकिनेछ । त्यस्तो प्रकाशनको एक प्रति यो पुस्तक प्रकाशकको जानकारीको लागि उपलब्ध गराउनको साथै सामग्री प्रकाशकको पूर्व अनुमति लिई प्रकाशन गर्न सकिनेछ।

**उद्धरण (Citation):** वन्यजन्तु सम्बन्धी मुद्दा कारवाही, फैसला र फैसला कार्यान्वयन दिग्दर्शन, २०७७, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय, बबरमहल, काठमाडौं ।

**संस्करणः** चैत्र, २०७७ (प्रथम)

**प्रकाशन प्रतिः** १००० प्रति

**सहयोगः** डब्लु डब्लु एफ नेपाल

**सम्पर्क ठेगानाः**
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय, बबरमहल, काठमाडौं
सम्पर्क नं.: ९७७-१-५३२२१५१
इमेलः info@dnpwc.gov.np
वेबसाइटः www.dnpwc.gov.np
पो.ब.नं.: ८६०, काठमाडौं

**मुद्रणः** समा प्रिन्टर्स प्रा. लि., भैसेपाटि, ललितपुर

**सल्लाहकारः**

डा. दीपक कुमार खराल, महानिर्देशक/संयोजक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाई

श्री गोपाल प्रकाश भट्टराई, पूर्व महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

डा. रामचन्द्र कँडेल, पूर्व उपमहानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

**पुस्तक तयारी/लेखन/संयोजनः**

श्री केशरी राज पण्डित, पूर्व मुख्य न्यायाधीश, उच्च अदालत

श्री विनोदप्रसाद शर्मा, पूर्व न्यायाधीश, उच्च अदालत

श्री विष्णु प्रसाद थपलिया, सहायक अनुसन्धान अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री माधव खड्का, प्रमुख, वन्यजन्तु व्यापार अनुगमन, डव्लु डव्लु एफ नेपाल

**पुनरावलोकनकर्ताः**

डा. विश्वनाथ ओली, सचिव, वन तथा वातावरण मन्त्रालय

श्री मन वहादुर खड्का, महानिर्देशक, वन तथा भू-संरक्षण विभाग

डा. दीपक कुमार खराल, महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री सञ्जीवराज रेग्मी, सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

श्री रामजी दनै, उपसचिव (कानून), वन तथा वातावरण मन्त्रालय

श्री वेद कुमार ढकाल, योजना अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री हरिभद्र आचार्य, इकोलोजिष्ट, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री नारायण रुपाखेती, संरक्षण शिक्षा अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री शिवराज भट्ट, प्रमुख, संरक्षण कार्यक्रम, डब्लु डब्लु एफ नेपाल

श्री कमलजङ्ग कुँवर, पूर्व प्रमुख संरक्षण अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री रुपक महर्जन, संरक्षण अधिकृत, भानुभक्त प्राणी उद्यान कार्यालय

श्री श्रृजना घिमिरे, सहायक न्यायाधिवक्ता, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री पुष्पराज धिताल, कानून अधिकृत, वन तथा भू-संरक्षण विभाग

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय

फोन नं. ४२२०८५० ४२२०९१२ ४२२७९२६
फ्याक्स नं. ४२२७६७

पत्र संख्याः
चलानी नम्बरः

पो.ब.नः ८६०
बबरमहल, काठमाडौं
Email: info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np


# मेरो भनाई

प्रचलित कानूनद्वारा वन तथा वन्यजन्तु सम्बन्धी कसूरहरुको अनुसन्धान, अभियोजन र मुद्दा पुर्पक्ष गर्न अर्धन्यायिक निकायको रुपमा अधिकार पाएका राष्ट्रिय निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र कार्यालय र डिभिजन वन कार्यालयको काम संवेदनशिल रहेको छ। मुद्दाको अभियोजन पश्चात अर्धन्यायिक निकायबाट सम्पादन हुने न्याय सम्बन्धी काममा न्यायका मान्य सिद्धान्तहरुको प्रयोग महत्वपूर्ण रहेको छ। यसै कुरालाई दृष्टिगत गर्दै अर्धन्यायिक कार्यको अधिकार पाएका यस विभाग अन्तर्गतका कार्यालय र डिभिजन वन कार्यालयबाट कारवाही र किनारा हुने मुद्दाहरुमा कार्यविधि कानूनको प्रयोगमा एकरुपता ल्याउन आवश्यक भएकोले यो **"वन्यजन्तु सम्बन्धी मुद्दा कारवाही, फैसला र फैसला कार्यान्वयन दिग्दर्शन, २०७७"** तयार गरिएको छ।

यस दिग्दर्शनमा मुद्दाको कारवाही सम्बन्धी आधारभूत विषय, संवैधानिक प्रत्याभूति, फौजदारी न्यायका सामान्य सिद्धान्त, मुद्दा दर्ता हुनुभन्दा पहिलेको कार्यविधि, मुद्दा दर्ता प्रक्रिया, मुद्दाको प्रारम्भिक कारवाही, फरार अभियुक्तलाई झिकाउने कार्यविधि, तारिख सम्बन्धी व्यवस्था, प्रमाण प्रस्तुति र परीक्षण, दसी र पेशी व्यवस्थापन, मुद्दाको सुनुवाई र फैसला, पुनरावेदन दर्ता र कारवाही, फैसला कार्यान्वयन, अभिलेख संरक्षण समेतका विषयमा सरल र सिलसिलावद्ध रुपमा उल्लेख गरिएको छ। मुद्दाको कारवाहीको क्रममा तयार गर्नुपर्ने विभिन्न लिखतहरुको ढाँचालाई परिशिष्टमा दिइएकोले वन्यजन्तु सम्बन्धी मुद्दाको कारवाही, फैसला र फैसला कार्यान्वयन गर्ने कर्मचारी र सरोकारवालाको लागि यो दिग्दर्शन भरपर्दो र सहयोगी हुनेछ। साथै, वन तथा वन्यजन्तु संरक्षणमा कार्यरत कर्मचारीहरुले मौजुदा कानूनको कार्यान्वयन र परिपालना गर्न छरिएर रहेका कार्यविधिगत कानूनी व्यवस्थालाई एकीकृत एवं चरणवद्ध श्रृङ्खलाको रुपमा सरलीकृत गरि उल्लेख गरिएकोले यस दिग्दर्शनबाट छिटो छरितो न्याय सम्पादनमा सघाउ पुग्ने र न्यायका मान्य सिद्धान्तको प्रयोगमा एकरुपता आउने विश्वास लिएको छु।


अन्तमा, यस दिग्दर्शन तयार गरि प्रकाशन योग्य बनाई दिनु भएकोमा उच्च अदालतका पूर्व मुख्य न्यायाधीश माननीय श्री केशरी राज पण्डित र पूर्व न्यायाधीश माननीय श्री विनोदप्रसाद शर्मा प्रति आभार व्यक्त गर्न चाहन्छु। यस काममा संलग्न भई सहयोग गर्ने विभागका योजना अधिकृत श्री वेद कुमार ढकाल र सहायक अनुसन्धान अधिकृत श्री विष्णु प्रसाद थपलिया, डब्लु डब्लु एफ नेपालका वन्यजन्तु व्यपार अनुगमन प्रमुख श्री माधव खड्का लगायत पुनरावलोकनकर्ताहरु, सरोकारवाला निकाय एवं व्यक्तिहरु तथा यस दिग्दर्शनको लागि सहयोग पुऱ्याउने डब्लु डब्लु एफ नेपाललाई धन्यवाद दिन चाहन्छु।


मितिः २०७७/१२/३०

..............................
(डा. दीपक कुमार खराल)
महानिर्देशक एवं संयोजक

# प्रकाशकीय

नेपालको संविधानले अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशका प्राकृतिक स्रोत साधन एवं वन, वन्यजन्तु, पंक्षी, वनस्पति लगायत समग्र जैविक विविधताको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो उपयोग गर्ने विषयलाई राज्यको नीतिको रुपमा स्वीकार गरेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र वन ऐन, २०७६ मा सामयिक संशोधन र परिमार्जन गरि नेपालको संवैधानिक व्यवस्था र नेपाल पक्ष बनेका अन्तराष्ट्रिय प्रतिवद्धता पुरा गर्ने प्रयास भएका छन्।

नेपालमा वन्यजन्तु सम्बन्धी कसूरको अनुसन्धान, अभियोजन र किनारासमेत अर्धन्यायिक निकायबाट सम्पादन गरिंदै आएको लामो अनुभव छ। नेपालको संविधानले एक वर्ष भन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा अदालत वा न्यायिक निकाय बाहेक अन्य निकायको अधिकार क्षेत्रमा पर्न नसक्ने संवैधानिक व्यवस्था गरेको छ। संविधान प्रारम्भ हुनुभन्दा पहिले संरक्षणसँग सम्बन्धित अर्धन्यायिक निकायबाट सम्पादन गरिंदै आएका एक वर्ष कैद सजाय भन्दा बढि हुने मुद्दाहरु हाल नियमित अदालतबाट कारवाही र किनारा हुने गरेको छ। अपितु एक वर्षभन्दा कम अवधिको सजाय हुने मुद्दाहरु वन र वन्यजन्तु संरक्षण सम्बन्धी निकायबाट सुरु कारवाही र किनारा गर्ने हाम्रो अभ्यास कायमै छ।

वि.सं. २०७५ भदौ १ गतेदेखि लागू भएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले लामो समयसम्म प्रचलनमा रहेको मुलुकी ऐनमा आधारित फौजदारी कार्यविधिमा उल्लेख्य परिवर्तन ल्याएको छ। न्यायिक निर्णय, अन्तर्राष्ट्रिय दायित्व र समकालीन न्यायिक अभ्यासको सन्दर्भले परम्परागत न्याय सम्पादन प्रक्रियामा परिमार्जन र सुधारलाई इङ्गित गरेको छ। मुद्दा कारवाहीको सिलसिलामा विशेष संवेदनशील रुपमा हेरिनु पर्ने मानव अधिकार संरक्षण, स्वच्छ सुनुवाईका आधारभूत मान्यता, प्राकृतिक न्यायको सिद्धान्त तथा पीडितको क्षतिपूर्ति सम्बन्धमा भएका व्यवस्थाहरुको बारेमा मुद्दाको कारवाही र किनारा गर्ने अधिकारीहरु पूर्ण जानकार र कानूनको पालनामा प्रतिवद्ध रहनु पर्ने हुन्छ। गैरकानूनी रुपमा वन पैदावारको प्रयोग, वन्यजन्तुको चोरी शिकार तथा तिनका अङ्गको अवैध व्यापार लगायतका कसूरको बढ्दो संख्या र बदलिँदो स्वरुपले यस सम्बन्धी कसूरको अनुसन्धान, अभियोजनमा मात्र नभएर मुद्दाको कारवाहीमा समेत चुनौती थपेको छ।

नेपालको संविधान, प्रचलित कानून, अदालतका व्याख्या र मानव अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय कानूनको समेत पूर्ण पालना हुने गरि यस्ता मुद्दाको कारवाही र किनारा गर्न आवश्यक छ। वन र वन्यजन्तु सम्बन्धी कसूरको अनुसन्धान, मुद्दा दायर, मुद्दाको कारवाही सम्बन्धी प्रक्रिया, मुद्दाको फैसला तथा फैसला कार्यान्वयन गर्ने कार्यमा संलग्न व्यक्तिको दक्षता अभिवृद्धि गर्ने उद्देश्य रहेको छ। यसै पृष्ठभूमिमा मुद्दा प्रशासन र न्याय सम्पादन गर्ने कार्यमा संलग्न कर्मचारी र सरोकारवालालाई समेत समसामयिक कानूनी व्यवस्थाको बारेमा पूर्ण परिचित गराई अनुसन्धान तथा मुद्दा सम्बन्धी काम कारवाही त्रुटिरहित ढङ्गले पुरा गर्न सहयोग पुऱ्याउनको लागि सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेटेर यो दिग्दर्शन तयार गरिएको छ।

# विषय सूची


| परिच्छेद | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १ | **मुद्दाको कारवाही सम्बन्धी आधारभूत विषय** | १-८ |
| | • पृष्ठभूमि | १ |
| | • अधिकार क्षेत्र सम्बन्धी सिद्धान्तहरु | ३ |
| | • भौगोलिक अधिकार क्षेत्र सम्बन्धी व्यवस्था | ५ |
| | • विभिन्न क्षेत्रसँग सम्बन्धित कसूरमा क्षेत्राधिकार | ६ |
| | • मुद्दाको कारवाहीमा अपनाउनु पर्ने कार्यविधि | ६ |
| २ | **संवैधानिक प्रत्याभूति तथा फौजदारी न्यायका सामान्य सिद्धान्त** | ९-१४ |
| | • संवैधानिक प्रावधान | ९ |
| | • फौजदारी न्यायका सामान्य सिद्धान्तहरु | १० |
| | • कानून कार्यान्वयन अधिकारीसँग सम्बन्धित केही कसूरहरु | १३ |
| ३ | **मुद्दा दर्ता हुनुभन्दा पहिलेको कार्यविधि** | १५-२१ |
| | • पक्राउ पूर्जी जारी गर्ने अनुमति | १५ |
| | • जरुरी पक्राउ पूर्जीको स्वीकृति | १६ |
| | • हिरासतमा राख्ने अनुमति | १७ |
| | • हिरासतमा राख्ने अनुमतिको लागि दिइने निवेदनमा खुलाउनु पर्ने कुरा | १८ |
| | • हिरासतमा राख्ने अनुमति दिँदा विचार गर्नुपर्ने कुरा | १९ |
| | • अन्य आदेश | २० |
| ४ | **मुद्दा दर्ता प्रक्रिया** | २२-२८ |
| | • अभियोगपत्र जाँच गर्ने | २२ |
| | • मुद्दा दर्ता वा दरपीठ गर्ने | २५ |
| | • दसीको सामानको अभिलेख राख्ने | २६ |
| | • अभियोगपत्र परिमार्जन वा संशोधन | २६ |
| | • थप अभियोगपत्र | २७ |
| | • अभियोगपत्र संशोधन | २७ |
| | • अभियोगपत्रको सानातिना त्रुटि सच्याउने | २८ |
| | • दसी वा मालसामानको व्यवस्थापन | २८ |
| ५ | **मुद्दाको प्रारम्भिक कारवाही** | २९-३८ |
| | • मुद्दा हेर्ने अधिकारी समक्ष अभियुक्तको बयान | २९ |
| | • अभियुक्तले कसूर स्वीकार गरे तत्काल मुद्दाको फैसला गर्न सकिने | ३१ |
| | • अधिकार क्षेत्र, हकदैया र हदम्याद सम्बन्धमा निर्णय गर्नु पर्ने | ३२ |

| | | |
|---|---|---|
| | • थुनछेक, धरौट तथा जमानत सम्बन्धी व्यवस्था<br>○ अभियुक्तलाई थुनामा राख्ने<br>○ अभियुक्तसँग धरौट वा जमानत वा बैङ्क जमानत लिने<br>○ धरौट जफत हुने<br>○ धरौट वा जमानत फुकुवा हुन सक्ने<br>○ धरौट, जमानत वा बैङ्क जमानत तोक्ने आधार<br>○ तारिखमा राख्ने<br>○ थुनछेकको आदेश उपर पुनरावेदन सुन्ने निकायमा निवेदन दिन सकिने | ३२ |
| ६ | **फरार अभियुक्तलाई झिकाउने कार्यविधि**<br>• समाव्हान जारी गर्ने<br>• समाव्हान तामेल गर्ने कार्यविधि<br>• समाव्हानको म्याद थामिने अवस्था | ३९-४४<br>३९<br>४०<br>४३ |
| ७ | **तारिख सम्बन्धी व्यवस्था**<br>• तारिख तोक्दा विचार गर्ने कुराहरु<br>• तारिखमा अनुपस्थिति र तारेख थमाउने<br>• प्रमाण बुझिसकेपछि तारिखमा नबसे पनि हुने | ४५-४८<br>४५<br>४७<br>४८ |
| ८ | **प्रमाण प्रस्तुति र परीक्षण**<br>• लिखित प्रमाण<br>• मौखिक प्रमाण<br>• प्रमाणको प्रस्तुति<br>○ वादी प्रतिवादीवीच छलफल गराउन सक्ने<br>○ प्रमाण बुझ्न तारिख तोक्ने<br>○ कैद वा थुनामा रहेको साक्षीको उपस्थिति<br>○ सक्कल लिखत प्रमाण झिकाउने<br>○ साक्षीको उपस्थिति<br>• साक्षी परीक्षण<br>• साक्षीको बकपत्र र कार्यविधि<br>• साक्षी बुझ्ने तरिका<br>• सम्बन्धित अदालतमा साक्षी परीक्षण | ४९-६७<br>४९<br>५१<br>५२<br><br><br><br><br><br>५५<br>५८<br>५९<br>६२ |
| ९ | **दसी व्यवस्थापन**<br>• सुरक्षित राख्न सकिने अवस्था नभएका मालसामानको व्यवस्थापन<br>• जफत गर्नुपर्ने दाबी नभएका मालसामानको व्यवस्थापन | ६८-७०<br>६८<br><br>६८ |

| | | |
|---|---|---|
| | • जफतको दाबी भएको वा फिर्ता दिन नमिल्ने प्रकृतिका मालसामानको व्यवस्थापन | ६९ |
| १० | **पेशी व्यवस्थापन**<br>• साप्ताहिक मुद्दा पेशी सूची<br>• दैनिक मुद्दा पेशी सूची | **७१-७२**<br>७१<br>७२ |
| ११ | **मुद्दा सुनुवाई र फैसला**<br>• सुनुवाई सम्बन्धी आधारभूत कुराहरु<br>• सुनुवाईका चरणहरु<br>○ प्रारम्भिक सुनुवाई<br>○ पूर्व सुनुवाई<br>○ अन्तिम सुनुवाई<br>○ बहस पैरवी<br>○ राय निर्माण र राय लेखन<br>○ फैसला वा अन्तिम आदेश लेखन<br>○ फैसला प्रमाणीकरण<br>○ फैसलाको जानकारी<br>○ फैसला वा आदेशको सामान्य त्रुटि सच्याउने<br>○ थुनुवा वा कैदीलाई रिहाई गर्दाको कार्यविधि<br>○ रोक्का रहेको सम्पत्ति फुकुवा | **७३-८३**<br>७३<br>७४ |
| १२ | **फैसलाको जानकारी र पुनरावेदनको म्याद**<br>• फैसला बन्धनकारी हुने<br>• पुनरावेदनको म्याद सुरु हुने<br>• पुनरावेदनको म्याद थमाउन सकिने | **८४-८५**<br>८४<br>८४<br>८५ |
| १३ | **पुनरावेदन दर्ता र कारवाही**<br>• मुद्दा हेर्ने निकाय मार्फत पुनरावेदन गर्न सकिने<br>• पुनरावेदनपत्रको ढाँचा र पुनरावेदनपत्रमा खुलाउनु पर्ने कुरा<br>• पुनरावेदनपत्रको जाँच<br>• पुनरावेदनपत्र र सम्बन्धित मिसिल पठाउने | **८६-८९**<br>८६<br>८६<br>८७<br>८९ |
| १४ | **फैसला कार्यान्वयन**<br>• फैसला कार्यान्वयन सम्बन्धी अभिलेख<br>○ सजायको लगत<br>○ फैसला कार्यान्वयन गर्ने निकाय<br>○ फैसला कार्यान्वयन स्थगन<br>○ फैसला कार्यान्वयनको क्रममा भएको कारवाही उपरको उजुरी | **९०-१०२**<br>९० |

| | | |
|---|---|---|
| | ○ सम्पत्ति रोक्का, कब्जा र नियन्त्रण राख्ने कार्यविधि<br>• सजाय असूली<br>○ कैद असूली<br>▪ कैद वापत रकम तिर्न सकिने<br>▪ मृत्यु भएमा सजाय मिनाहा हुने<br>▪ सजाय माफी<br>○ जरिवाना असूली<br>• विगो असूली<br>○ सरकारी बिगो असूली<br>▪ सरकारी विगो वापत कैद गर्न सकिने<br>○ फरार प्रतिवादीको हकमा सजाय असूली प्रक्रिया<br>▪ सम्पत्ति लिलाम गर्न सकिने | <br>९३<br><br><br><br><br><br>९९ |
| १५ | **अभिलेख संरक्षण**<br>• अभिलेख संरक्षणको आवश्यकता<br>• संरक्षित मिसिलको अभिलेखीकरण<br>• पुराना कागजात धुल्याउने | १०३-१०५<br>१०३<br>१०३<br>१०४ |
| १६ | **विविध**<br>• साक्षीको संरक्षण<br>• मुद्दा फिर्ता<br>• प्रतिवादीको मृत्यु भएमा<br>• लिखतको पञ्जिका<br>• लिखतको अनुवाद<br>• अनुवादकको सहयोग<br>• नक्कल दिनु पर्ने | १०६-१०७<br>१०६<br>१०६<br>१०६<br>१०७<br>१०७<br>१०७<br>१०७ |
| १७ | **सजाय निर्धारण**<br>• सजायको उद्देश्य<br>○ घटी सजाय हुने<br>○ कानून बमोजिम सजाय निर्धारण गर्नु पर्ने<br>○ छुट्टाछुट्टै सजाय निर्धारण गर्नु पर्ने<br>○ सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने कुराहरु<br>○ बालबालिकालाई सजाय गर्दा विचार गर्नु पर्ने कुराहरु<br>○ जरिवानाको सजाय निर्धारण गर्ने आधार<br>○ प्रत्येक कसूरदारले जरिवाना बेहोर्नु पर्ने गरि जरिवाना निर्धारण गर्नु पर्ने<br>○ जरिवाना तत्काल बुझाउनु पर्ने | १०८-११२<br>१०८ |

| | | |
|---|---|---|
| | ○ अन्य सजाय पर्याप्त नभएमामात्र कैद सजाय गर्नु पर्ने<br>○ कैद सजाय निलम्बन<br>○ कैद अवधिको गणना | |
| **परिशिष्ट** | **विभिन्न लिखतको ढाँचा** | **११३** |
| परिशिष्ट-१ | पक्राउ पूर्जीको अनुमति सम्बन्धी अभिलेखको ढाँचा | ११४ |
| परिशिष्ट-२ | जरुरी पक्राउको स्वीकृति सम्बन्धी अभिलेखको ढाँचा | ११५ |
| परिशिष्ट-३ | अनुसन्धानको लागि हिरासतमा राख्ने अनुमति सम्बन्धी आदेशको ढाँचा | ११६ |
| परिशिष्ट-४ | जाहेरी दरखास्त वा सूचनाको अभिलेखको ढाँचा | ११७ |
| परिशिष्ट-५ | अभियुक्तको बयानको नमूना | ११८ |
| परिशिष्ट-६ | थुनछेक आदेशको नमूना | १२० |
| परिशिष्ट-७ | थुनुवा पूर्जीको ढाँचा | १२२ |
| परिशिष्ट-८ | तारेखमा अनुपस्थित भए धरौट जफत हुने कागजको नमूना | १२३ |
| परिशिष्ट-९ | पक्राउ पूर्जी बमोजिम उपस्थित हुन आउने सूचना | १२४ |
| परिशिष्ट-१० | पक्राउ पूर्जी/समाह्वान/म्याद-सूचनाको अभिलेखको ढाँचा | १२५ |
| परिशिष्ट-११ | पक्राउ पूर्जी/समाह्वान/म्याद-सूचनाको तामेलीको ढाँचा | १२६ |
| परिशिष्ट-१२ | पक्राउ पूर्जी/समाह्वान/म्याद-सूचनाको तामेली प्रतिवेदनको ढाँचा | १२८ |
| परिशिष्ट-१३ | तारिख किताबको ढाँचा | १३० |
| परिशिष्ट-१४ | तारिख भरपाईको ढाँचा | १३१ |
| परिशिष्ट-१५ | तारिख पर्चाको ढाँचा | १३२ |
| परिशिष्ट-१६ | साक्षीले लिने शपथको ढाँचा | १३३ |
| परिशिष्ट-१७ | साक्षी बकपत्रको ढाँचा | १३४ |
| परिशिष्ट-१८ | फैसलाको ढाँचा | १३५ |
| परिशिष्ट-१९ | फैसलाको सूचनाको ढाँचा | १३७ |
| परिशिष्ट-२० | लिखत पञ्जिकाको ढाँचा | १३८ |

# परिच्छेद - १
# मुद्दाको कारवाही सम्बन्धी आधारभूत विषय

## पृष्ठभूमि

मुद्दा हेर्ने अधिकारीले कुनै मुद्दाको कारवाही सुरु गर्नुभन्दा पहिले तीनवटा कुरामा स्पष्टता कायम गर्नु पर्छः (१) त्यस्तो मुद्दा हेर्ने अधिकार आफूलाई छ कि छैन ?, (२) त्यो मुद्दा कानूनले तोकेको हदम्याद भित्र ल्याइएको छ छैन?, र (३) मुद्दा दर्ता गर्न आउने पक्षलाई त्यस्तो मुद्दा दर्ता गर्न पाउने हकदैया वा हक अधिकार छ छैन ? कानूनी भाषामा पहिलोलाई क्षेत्राधिकार (Jurisdiction), दोस्रोलाई हदम्याद (Limitation) र तेस्रोलाई हकदैया (Locus Standi) भनिन्छ।

कुनै मुद्दा कुन निकाय र सो निकायको कुन अधिकारीले हेर्न र त्यसमा निर्णय दिन पाउँछ भन्ने कुरा कानूनले निर्धारण गरिने विषय हो। कानूनले अधिकार नदिएको निकाय वा अधिकारीले कुनै मुद्दा हेरेमा वा निर्णय दिएमा त्यस्तो कारवाही र निर्णयले कानूनी मान्यता पाउन सक्दैन। त्यस्तो कार्य गैरकानूनी र बदरभागी हुन्छ। यसैले कुनै पनि मुद्दा हेर्ने अधिकारीले कुनै मुद्दाको कारवाहीमा संलग्न हुनुभन्दा पहिले उक्त मुद्दा हेर्ने अधिकार कानूनले आफूलाई दिएको छ कि छैन भनेर निश्चित गर्नु पर्दछ। आफ्नो अगाडि ल्याइएको मुद्दाको कारवाही र निर्णय (किनारा) गर्ने अधिकार अर्थात् क्षेत्राधिकार आफूलाई प्राप्त भएको कुरा निश्चित भएपछि मात्र मुद्दा हेर्ने अधिकारीले उक्त मुद्दाको कारवाही र किनारा गर्नुपर्छ। क्षेत्राधिकार भनेको मुद्दाको सुनुवाई गर्ने र निर्णय गर्ने अधिकार (Authority to decide) हो।

नेपालको संविधानले न्याय सम्बन्धी अधिकार यो संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था गरेको छ। संविधानले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरि तीन तहको अदालतको व्यवस्था गरेको छ। यस बाहेक खास किसिम र प्रकृतिका मुद्दाको कारवाही र किनारा गर्न संघीय कानून बमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय र न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने व्यवस्था गरेको छ।

नेपालको संविधान प्रारम्भ हुनुभन्दा पहिले वन्यजन्तु कसूर सम्बन्धी सबै मुद्दाको सुरु तहको कारवाही र किनारा गर्ने क्षेत्राधिकार निकुञ्ज/आरक्षका/संरक्षण क्षेत्रको संरक्षक (वार्डेन) तथा जिल्ला वन अधिकृतले प्रयोग गर्दै आएको अवस्था थियो। संविधानमा गरिएको नयाँ व्यवस्था अनुसार एक वर्ष वा सो भन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार जिल्ला अदालतलाई भएकोले वन्यजन्तु अपराध सम्बन्धी धेरै मुद्दाको कारवाही जिल्ला अदालतबाट हुने भएकोले सो अनुरुप राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को कसूर र सजाय सम्बन्धी व्यवस्थालाई परिवर्तन गर्ने गरि संशोधन गरिएको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३१ ले ऐनको **दफा २६ को उपदफा (१), (१क) र (२)** अन्तर्गत कसूर हुने मुद्दाको सुरु कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुने र दफा ३१ को उपदफा (२) ले सो बाहेक उक्त ऐन अन्तर्गतको अन्य मुद्दाको सुरु कारवाही र किनारा गर्ने अधिकार तोकिएको अधिकारीलाई हुने व्यवस्था गरेको छ।

यो कानूनी व्यवस्थाको परिप्रेक्षमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले कसूर भनि निर्धारण गरेको अन्य कसूर सम्बन्धी मुद्दाको सुरु कारवाही र किनारा गर्ने अधिकार तोकिएको अधिकारीलाई हुने हुँदा सो बमोजिम नै मुद्दाको सुरु कारवाही र किनारा गर्नुपर्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३८ ले यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षको संरक्षण क्षेत्रको संरक्षकलाई हुने व्यवस्था गरेको छ।

यो कानूनले मुद्दा हेर्न प्रदान गरेको क्षेत्राधिकार हो। यसको अर्थ कानूनले यो प्रकृतिका मुद्दाहरु यो अधिकारी वा यो निकायले कारवाही किनारा गर्न प्रदान गरेको अधिकार हो। यस सम्बन्धमा कानून र केही मान्य सिद्धान्तहरुले मार्गदर्शन गरेका छन्। यस्ता केही सिद्धान्तहरुको चर्चा उपयोगी नै हुने हुँदा यस दिग्दर्शनमा उल्लेख गरिएको छ।

## अधिकार क्षेत्र सम्बन्धी सिद्धान्तहरुः

अदालत वा मुद्दा हेर्न निकायले ग्रहण गर्ने क्षेत्राधिकार सम्बन्धमा अन्तराष्ट्रिय रुपमा नै केही सिद्धान्तहरु स्थापित भएका छन्। ती मध्ये केही सिद्धान्त हाम्रो कार्यविधि संहितामा पनि समावेश भएका छन्।

### १. क्षेत्राधिकारको सृजना कानूनद्वारा हुनेः

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ ले ***मुद्दाको कारवाही, सुनुवाई र किनारा कानूनबमोजिम अधिकार प्राप्त अदालतबाट मात्र हुने*** व्यवस्था गरेको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले ***कुनै कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार त्यस्तो कसूर भएको क्षेत्रको अदालतलाई हुने*** व्यवस्था गरेको छ। फौजदारी कार्यविधि संहिताले अदालत भन्नाले ***कुनै खास किसिमका फौजदारी मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्न कानून बमोजिम अधिकार प्राप्त न्यायिक निकाय वा अधिकारीलाई समेत जनाउने*** गरि अदालतको परिभाषा गरेको छ। मुद्दामा अदालत वा न्यायिक निकायले निर्णय गर्दा कुन कानून अन्तर्गत सो मुद्दा हेर्ने अधिकार क्षेत्र आफूलाई प्राप्त भएको हो सो कुरा फैसलामा खुलाउनु पर्ने हुन्छ। संहितामा भएका यी व्यवस्थाले क्षेत्राधिकारको सृजना कानूनद्वारामात्र हुन सक्ने सिद्धान्त आत्मसात गरेको देखिन्छ।

### २. अधिकार क्षेत्र शून्यको स्थितिमा नरहनेः

अधिकार क्षेत्र शून्यको स्थितिमा रहँदैन। कार्यविधि संहिताहरुले कुनै मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्न कानून बमोजिम कुनै अदालत वा अधिकारीलाई अधिकार क्षेत्र नतोकिएकोमा त्यस्तो मुद्दामा कारवाही, सुनुवाई र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुने व्यवस्था गरेको छ। यस अतिरिक्त कानून बमोजिम कुनै अदालत, निकाय वा अधिकारीलाई मुद्दामा कारवाही, सुनुवाई र किनारा गर्ने अधिकार भएको तर त्यस्तो अदालत वा निकाय गठन नभएको वा अधिकारी नतोकिएको अवस्थामा त्यस्तो अदालत वा निकाय गठन नभएसम्म वा अधिकारी नतोकिएसम्म त्यस्तो मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्ने अधिकार पनि सम्बन्धित जिल्ला अदालतलाई हुन्छ।

फौजदारी मुद्दा सम्बन्धमा फौजदारी कार्यविधि संहिताले अपराध संहितामा उल्लिखित मुद्दामा जिल्ला अदालतले सुरु कारवाही, सुनुवाइ र किनारा गर्नेछ भनि व्यवस्था गरेकोले अपराध संहितामा उल्लेखित मुद्दा हेर्ने अधिकार क्षेत्र सम्बन्धमा द्विविधाको अवस्था

छैन। यस अतिरिक्त कानून बमोजिम कुनै अदालत, निकाय वा अधिकारीलाई मुद्दामा कारवाही, सुनुवाइ र किनारा गर्ने अधिकार भएको तर त्यस्तो अदालत वा निकाय गठन नभएको वा अधिकारी नतोकिएको अवस्थामा त्यस्तो अदालत वा निकाय गठन नभएसम्म वा अधिकारी नतोकिएसम्म त्यस्तो मुद्दाको कारवाही, सुनुवाइ र किनारा गर्ने अधिकार समेत सम्बन्धित जिल्ला अदालतलाई हुने[१] व्यवस्था रहेको छ। अपराध संहितामा मुद्दा हेर्ने अधिकारी सम्बन्धमा छुट्टै व्यवस्था भएको वा संहितामा उल्लिखित मुद्दा मध्ये नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरि छुट्टै मुद्दा हेर्ने अधिकारी तोकेकोमा त्यस्तो अधिकारिबाट मुद्दा सुरु कारवाही किनारा गर्न सकिन्छ।[२]

## ३. अधिकार नभएको मुद्दा हेरे छिनेमा बदर हुनेः

१. मुद्दाको कारवाही, सुनुवाई र किनारा कानून बमोजिम अधिकार प्राप्त अदालतबाट मात्र हुने [३] र मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्न कुनै पनि अदालतलाई कानून बमोजिम अधिकार क्षेत्र हुनु पर्छ। अधिकार नभएको मुद्दा हेर्न पाईंदैन कानूनले हेर्न छिन्न अधिकार नदिएको मुद्दा हेरे छिने अधिकार क्षेत्र विहीन हुन गई बदर हुन्छ भनि सिद्धान्त समेत प्रतिपादन भएको छ।[4]

## ४. न्यायिक कारवाही सामान्यत अदालतको अधिकार क्षेत्रभित्र पर्नेः

मुद्दाको सुरु कारवाही, सुनुवाई र किनारा गर्ने, सो उपर पुनरावेदन सुन्ने, मुद्दा दोहोऱ्याउने वा पुनरावलोकन गर्ने अधिकार कानूनमा व्यवस्था भए बमोजिम सम्बन्धित अदालतलाई हुने कानूनी व्यवस्था रहेको छ। यसका साथै एउटै विषयको कुनै मुद्दा अदालत र अन्य न्यायिक निकाय दुवैमा दायर भएकोमा त्यस्तो मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्ने अधिकार नियमित अदालतलाई हुने व्यवस्था पनि गरिएको छ। यसबाट न्यायिक कारवाही सामान्यत अदालतको अधिकार क्षेत्र भित्र पर्ने र अदालत र प्रशासकीय अधिकार बीच कसको क्षेत्राधिकार भित्र पर्ने भन्ने स्पष्ट कानून नभएमा अदालतकै अधिकार क्षेत्र भित्र पर्ने सिद्धान्तलाई संहिताले आत्मसात गरेको देखिन्छ।

---

[१] मुलुकी फौजदारी कार्यविधी संहिता ,२०७४ को दफा १६९ (३)

[२] मुलुकी फौजदारी कार्यविधी संहिता ,२०७४ को दफा १६९ (२)

[३] मुलुकी देवानी कार्यविधी संहिता ,२०७४ को दफा ६

[४] नेपाल कानून पत्रिका, २०३० अङ्क १ नि. नं. ७७७

**५. अधिकार क्षेत्रको अज्ञानताको परिणाम क्षम्य नभई सम्बन्धित पक्षले नै व्यहोर्नु पर्नेः**

कानून सबैले जानेको अनुमान गरिने सर्वमान्य सिद्धान्त हो। मुद्दाको कारवाही, सुनुवाई र किनारा कानून बमोजिम अधिकार प्राप्त अदालतबाट मात्र हुने व्यवस्था र अधिकार क्षेत्र नभएको अदालतले मुद्दाको सिलसिलामा गरेको कारवाही, सुनुवाई, आदेश वा निर्णय बदर हुने भनि व्यवस्था भएकोले अधिकार क्षेत्रको अज्ञानताको परिणाम सम्बन्धित पक्षले नै व्यहोर्नु पर्ने स्वाभाविक परिणती देखिन आउँछ।

यस बाहेक पनि क्षेत्राधिकार सम्बन्धमा केही विश्वव्यापी मान्यताहरु छन्। तिनमा अदालतमा विचाराधिन मुद्दामा असर पर्ने गरि निर्णय गर्ने अधिकार सरकारलाई नहुने, अधिकारको दुरुपयोग हुने गरि काम कारवाही गर्न नहुने, हदम्याद सम्बन्धी प्रश्नको निरुपण नगरि अधिकार क्षेत्रमा प्रवेश गर्न नमिल्ने। कार्यविधि र कानुनी व्यवस्थाहरु पुरा नगरि दायर भएको मुद्दामा अधिकार क्षेत्र ग्रहण गरि मुद्दामा प्रवेश गर्न नहुने, मुद्दाका पक्षहरुको सहमति हुँदैमा क्षेत्राधिकारको सिर्जना र अन्त्य हुन नसक्ने, क्षेत्राधिकार प्रमाणित गर्ने भार मुद्दाको पक्षमा नै रहने जस्ता सिद्धान्तहरु हाम्रो न्यायिक अभ्यासमा भईसकेको छन्।

त्यस्तै प्राकृतिक न्यायको सिद्धान्त विपरीत भएको निर्णय क्षेत्राधिकार विहीन हुने, अधिकार क्षेत्र विहीन निर्णयका विरुद्ध रिट निवेदन लाग्न सक्ने, बढी अधिकार क्षेत्राधिकारको प्रयोग वा अधिकारको दुरुपयोग गरेमा अधिकार क्षेत्रामा त्रुटिहुने जस्ता सिद्धान्तहरु सर्वोच्च अदालतले विभिन्न रिटहरुको माध्यमले स्थापित गरि सकेको छ।

यसैगरि समबर्ति अधिकार क्षेत्र भएमा कुन निकायमा नालेश गर्ने भन्ने विषय पक्षले रोज्न पाउने, अधिकार क्षेत्र सम्बन्धी विषयमा व्याख्याको प्रश्न उठेमा उदार किसिमबाट व्याख्या गर्नुपर्ने र अदालतमा मुद्दा विचाराधिन रहेको अवस्थामा अन्य निकायद्धारा निर्णय भएता पनि यस्तो निर्णय बदर हुने जस्ता सिद्धान्तहरु पनि विभिन्न मुद्दाहरुको रोहमा सर्वोच्च अदालतबाट निर्णय भएको देखिन्छ।

**भौगोलिक अधिकार क्षेत्र सम्बन्धी व्यवस्थाः**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले मूलतः कसूर भएको क्षेत्रको अदालतले नै सो कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने गरि अधिकार प्रदान गरेको

छ।[५] तर कसूरको आंशिक कामहरु भिन्न भिन्न क्षेत्रमा भएको, घटनाको निरन्तरता भएको, एक क्षेत्राबाट अर्को क्षेत्रसम्म यात्रा गरि रहेको अवस्थामा कसूर भएको, सञ्चार माध्यम प्रयोग गरि कसूर भएको वा दुई मुलुकको सिमानामा भएको कसूरमा विश्वव्यापी अधिकार क्षेत्र कायम हुने कसूरका लागि भने केही अपवादक् प्रावधानको व्यवस्था गरेको छ।

## विभिन्न क्षेत्रसँग सम्बन्धित कसूरमा क्षेत्राधिकारः

विभिन्न क्षेत्रसँग सम्बन्धित कसूर भएमा त्यस्तो क्षेत्रमध्ये देहायको अवस्थामा कुनै क्षेत्रको अदालतले मुद्दाको कारवाही र किनारा गर्न सक्ने अधिकार संहिताले दिएको छः[६]

**क)** कसूर ठहरिने कुनै काम आंशिक रुपमा एउटा क्षेत्र र आंशिक रुपमा अर्को इलाकामा भएकोमा त्यस्तो क्षेत्रहरुमध्ये कुनै क्षेत्रको अदालतले।

**ख)** कुनै काम एउटा क्षेत्रमा भएको र त्यसको परिणाम कसूरको रुपमा अर्को क्षेत्रमा प्रकट भएकोमा त्यसमध्ये कुनै क्षेत्रको अदालतले।

**ग)** एकै घटनाको सिलसिलामा विभिन्न कसूरहरु विभिन्न क्षेत्रमा भएकोमा त्यस्तो कसूर मध्ये यकिन  कसूर भएको क्षेत्रको अदालतले।

**घ)** कुनै कसूर विभिन्न क्षेत्रमा भई कुन क्षेत्रमा कसूर हुने काम पुरा भएको हो भन्ने यकिन हुन नसकेमा त्यस्ता क्षेत्रहरु मध्ये कुनै क्षेत्रको अदालतले।

**ङ)** कसूरको तयारी र षडयन्त्र एक क्षेत्रमा भई कसूर हुने काम अर्को क्षेत्रमा पुरा भएकोमा सो मध्ये कुनै क्षेत्रको अदालतले।

**च)** कुनै कसूर दुई मुलुकको सिमाना (दश गजा) मा भएकोमा त्यस्तो सिमाना जोडिएको अदालतले।

## मुद्दाको कारवाहीमा अपनाउनु पर्ने कार्यविधिः

वन्यजन्तु कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनु पर्ने भनि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,

---

[५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५

[६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४६

२०२९ को दफा ३१ को उपदफा (३) ले व्यवस्था गरेको छ। विशेष अदालत ऐन, २०५९ ले मुद्दाको कारवाही र किनारा गर्दा यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र सो बाहेकका अन्य कुरामा प्रचलित कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्यविधि प्रयोग गर्न सक्ने व्यवस्था गरेको छ।

यस प्रकार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले यस्ता प्रकृतिका मुद्दाहरुको कारवाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनु पर्ने भनि व्यवस्था गरेको र विशेष अदालत ऐन, २०५९ ले यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र सो बाहेकका अन्य कुरामा प्रचलित कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्यविधि प्रयोग गर्न सक्ने व्यवस्था गरेबाट विशेष अदालत ऐन, २०५९ ले नसमेटेका कार्यविधि सम्बन्धमा प्रचलित कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्यविधि प्रयोग गर्नु पर्ने हुन्छ।

फौजदारी मुद्दा सम्बन्धमा जिल्ला अदालतले प्रयोग गर्ने अधिकार र कार्यविधिको मूल स्रोत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ हो। यस बाहेक मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ अन्तर्गतको मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ र न्याय प्रशासन ऐन, २०७३ को अधिकार प्रयोग जारी भएको जिल्ला अदालत नियमावली, २०७५ यसका कार्यविधिगत स्रोतहरु रहेका छन्।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले छुट्टै कानूनी व्यवस्था भएकोमा असर नपर्ने भनि कुनै कसूरको अनुसन्धान, अभियोजन, मुद्दा हेर्ने अधिकार क्षेत्र, सुनुवाई, फैसला कार्यान्वयन वा अन्य कुनै कारवाहीका सम्बन्धमा छुट्टै ऐनमा व्यवस्था गरिएको रहेछ भने त्यस्तो विषयमा यस संहिताको व्यवस्थाले असर पार्ने छैन भन्ने व्यवस्था गरेको छ। तथापि छुट्टै ऐनमा व्यवस्था नभएको कार्यविधिको विषयमा यस संहिताको व्यवस्था लागू हुने व्यवस्था समेत गरेको छ।

यस व्यवस्थाले क्षेत्रगत विशेष कानून अर्थात् राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा व्यवस्था भए जति कार्यविधिगत विषयमा सोही बमोजिम सो बाहेक विशेष अदालत ऐन, २०५९ मा व्यवस्था भए जति कार्यविधिगत कुरामा सोही बमोजिम र अन्यमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ बमोजिमको कार्यविधि अपनाउनु पर्दछ।

त्यसैले वन्यजन्तु सम्बन्धी कुनै कसूरको मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्ने सिलसिलामा तत्काल गर्नु पर्ने काम कसरी गर्ने वा कुन कार्यविधि अपनाउने वा कुन रीत पुर्‍याउने भन्ने कुराको निर्णय गर्दा पहिले वन्यजन्तु संरक्षण सम्बन्धी ऐन वा वन्यजन्तु संरक्षण सम्बन्धी नियमावलीमा कुनै कार्यविधि तोकिएको छ छैन भनि हेर्नु पर्छ। ती ऐन वा नियममा कुनै कार्यविधि तोकिएको भए सोही अनुसार गर्नुपर्छ। त्यस्तो कुनै कार्यविधि तोकिएको रहेनछ भने विशेष अदालत ऐनमा भए बमोजिम र त्यसमा स्पष्ट उल्लेख नभएको विषयमा फौजदारी कार्यविधि संहिता र नियमावलीमा लेखिए अनुसारको कार्यविधि अपनाउनु पर्छ।

# परिच्छेद - २
# संवैधानिक प्रत्याभूति तथा फौजदारी न्यायका सामान्य सिद्धान्त

## संवैधानिक व्यवस्थाः

नेपालको संविधानले नेपाली नागरिकलाई विभिन्न मौलिक हकहरु प्रत्याभूत गरेको छ। यी मौलिक हकहरु मध्ये केही हक न्याय प्रशासनसँग सम्बन्धित छन्। कुनै पनि अपराध अनुसन्धान वा मुद्दाको कारवाही गर्ने अधिकारीले यी हकहरुको बारेमा स्पष्ट जानकारी राख्नु पर्दछ। कानून कार्यान्वयनको सिलसिलामा यी हकहरुको पूर्ण सम्मान गर्नु पर्दछ।

**न्याय सम्बन्धी हकः** नेपालको संविधानले प्रत्येक व्यक्तिलाई देहाय बमोजिमको न्याय सम्बन्धी हक प्रत्याभूत गरेको छः[७]

- कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन।
- पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ।
- पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन।
- प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन।

[७] नेपालको संविधानको धारा २०

- कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन।
- कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन।
- कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन।
- प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुनेछ।
- प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ।
- असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ।

**अपराध पीडितको हकः**[८]

○ अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुनेछ।

○ अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ।

**यातना विरुद्धको हकः**[९]

○ पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन।

○ त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

## फौजदारी न्यायका सामान्य सिद्धान्तहरुः

मुलुकी अपराध संहितामा फौजदारी न्यायका सामान्य सिद्धान्तहरु भनि केही सिद्धान्तहरुलाई लेखवद्ध गरिएको छ। कानूनको व्याख्यामा र अवधारणाको पुष्ट्याइँमा

---

[८] नेपालको संविधानको धारा २१

[९] नेपालको संविधानको धारा २२

सामान्य सिद्धान्तको प्रयोग हुन्छ। यसले सारवान वा कार्यविधि कानूनका व्यवस्थाहरुको प्रयोगका सन्दर्भमा मार्गनिर्देश गर्ने हुँदा यसको प्रकृति निर्देशात्मक हुन्छ। कानूनका सामान्य सिद्धान्तहरु, कानूनको व्याख्यामा, वा जहाँ कानून स्पष्ट छैन वा त्यस्ता खाडलहरु छन् जसलाई पुर्नु पर्ने आवश्यकता (filling gap) छ। त्यहाँ कानून सच्याउनु पर्ने आवश्यकता छ भने त्यस कार्यका लागि प्रयोग गरिन्छ। यी सिद्धान्तहरू अपराध संहिता लगायत अन्य ऐन अन्तर्गत कसूर सम्बन्धी मुद्दाका सम्बन्धमा पनि लागू हुन्छन्। यो अवस्था वन्यजन्तु सम्बन्धी कसूरमा पनि समान रुपमा लागू हुन्छन्।

मुलुकी अपराध संहिता, २०७४ मा उल्लेख भएका फौजदारी न्यायका सामान्य सिद्धान्तहरु निम्नानुसार रहेका छन्।

१. **कानून बमोजिमको काम कसूर नहुनेः** कानून बमोजिम गर्नु पर्ने वा कानूनले क्षम्य मानेको कामलाई कसूर मानिदैन।[१०]

२. **कानून बमोजिम बाहेक सजाय नहुनेः** कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुँदैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएको भन्दा बढी सजाय हुँदैन। [११]

३. **तथ्यको भ्रममा परी गरेको काम कसूर नहुनेः** तथ्यको भ्रममा परी कानून बमोजिम गर्नु पर्ने वा क्षम्य मानिएको विश्वास गरि असल नियतले गरेको कुनै काम कसूर मानिदैन।[१२]

४. **कानूनको अनभिज्ञतामा गरिएको काम क्षम्य हुँदैन।**[१३]

५. **एउटै कसूरमा दोहोरो सजाय नहुनेः** कुनै व्यक्ति विरुद्ध अदालतमा एउटै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिदैन। [१४]

---

[१०] मुलुकी अपराध संहिता, २०७४ को दफा ६

[११] मुलुकी अपराध संहिता, २०७४ को दफा ७

[१२] मुलुकी अपराध संहिता, २०७४ को दफा ८

[१३] मुलुकी अपराध संहिता, २०७४ को दफा ८

[१४] मुलुकी अपराध संहिता, २०७४ को दफा ९

६. **स्वच्छ सुनुवाईबाट बञ्चित नहुनेः** कुनै व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारवाहीमा स्वच्छ सुनुवाईबाट बञ्चत गर्नु हुँदैन। [१५]

७. **आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्नेः** कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्दैन।[१६]

८. **कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिनेः** कुनै कसूको अभियोग लागेको व्यक्तिलाई त्यस्तो कसूर गरेको प्रमाणित नभएसम्म कसूरदार मानिदैन।[१७]

९. **बालबालिकाले गरेको काम कसूर नहुनेः** दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर मानिदैन।[१८]

१०. **होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर नमानिनेः** कुनै काम गर्दाका बखत मानसिक अस्वस्थताको कारणले त्यस्तो कामको प्रकृति, गुण, दोष वा परिणाम बुझ्न नसक्ने गरि होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर मानिदैन।[१९]

११. **निजी रक्षाको लागि गरेको काम कसूर नमानिनेः** प्रत्येक व्यक्तिलाई आफ्नो वा अरु कसैको जिउ, ज्यान वा सम्पत्तिलाई कुनै गैरकानूनी क्षतिबाट बचाउने अधिकार हुन्छ। तत्काल कुनै काम नगरेमा आफ्नो वा अरु कसैको जिउ, ज्यान वा सम्पत्तिलाई कुनै गैरकानूनी क्षतिबाट बचाउन सकिदैन भन्ने मनासिव विश्वास भए वा विश्वास गर्नु पर्ने मनासिव कारण भएको अवस्थामा निजी रक्षाको अधिकार प्रयोग गर्दा भएको कुनै काम कसूर मानिदैन।[२०]

१२. **बालबालिकाबाट गराएको कसूरमा उमेर पुगेकालाई सजाय हुनेः** कसैले कुनै बालबालिकालाई फकाई, सिकाई वा प्रभावमा पारी कुनै कसूर गर्न लगाएको

---

[१५] मुलुकी अपराध संहिता, २०७४ को दफा १०

[१६] मुलुकी अपराध संहिता, २०७४ को दफा ११

[१७] मुलुकी अपराध संहिता, २०७४ को दफा १२

[१८] मुलुकी अपराध संहिता, २०७४ को दफा १३

[१९] मुलुकी अपराध संहिता, २०७४ को दफा १४

[२०] मुलुकी अपराध संहिता, २०७४ को दफा २४

रहेछ भने त्यसरी कसूर गर्न लगाउने व्यक्तिलाई निज आफैंले त्यस्तो कसूर गरे सरह सजाय हुन्छ।[२१]

**१३. अपराध पीडितलाई मुद्दाको कारवाहीको जानकारी र क्षतिपूर्ति पाउने हक हुनेः** अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुन्छ। अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुन्छ।[२२]

## कानून कार्यान्वयन अधिकारीसँग सम्बन्धित केही कसूरहरुः

यस अतिरिक्त मुलुकी अपराध संहिता, २०७४ ले कानून बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकारको प्रयोग गर्दा फौजदारी कसूरहरु हुन सक्ने कुराको परिकल्पना गरि त्यस्ता कसूरको लागि सजायको समेत व्यवस्था गरेको छ। त्यस्ता केही सान्दर्भिक फौजदारी कसूरहरु निम्नानुसार छनः

१. **बदनियतपूर्वक अनुसन्धान तथा अभियोजन गर्न नहुनेः** कानून बमोजिम अनुसन्धान तथा अभियोजन गर्ने जिम्मेवारी भएको अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान गर्न वा अभियोग लगाउन हुँदैन।[२३] तर अनुसन्धान तथा अभियोजन गर्दा असल नियतले अनुसन्धान अधिकारी र अभियोजन गर्ने सरकारी वकीलले गरेको काम कारवाही उपर भने कुनै कारवाही हुँदैन।[२४]

२. **भेदभावपूर्ण व्यवहार गर्न नहुनेः** कानून बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकारको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन।[२५]

---

[२१] मुलुकी अपराध संहिता, २०७४ को दफा २८

[२२] मुलुकी अपराध संहिता, २०७४ को दफा ३२

[२३] मुलुकी अपराध संहिता, २०७४ को दफा ९९

[२४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८८

[२५] मुलुकी अपराध संहिता, २०७४ को दफा १६०

३. **यातना दिन नहुनेः** कानून बमोजिम कसूरको अनुसन्धान गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन, दिन लगाउन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न गराउन हुँदैन।[२६]

४. **मानवोचित न्यूनतम सुविधा नदिई थुनामा राख्न नहुनेः** कानून बमोजिम थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई पनि कानून बमोजिम उपलब्ध गराउनु पर्ने सुविधा नदिई वा थुनामा राखिएको ठाउँमा उपलब्ध न्यूनतम मानवोचित सुविधा नदिई थुनामा राख्न वा राख्न लगाउन हुँदैन।[२७]

५. **गोप्य तरिकाले थुनामा राख्न नहुनेः** अधिकार प्राप्त अधिकारीले कुनै व्यक्तिलाई थुनामा राख्दा निज थुनिएको कुरा वा थुनिएको ठाउँको जानकारी नहुने गरि वा पत्ता नलाग्ने गरि गोप्य रुपमा थुनामा राख्न हुँदैन।[२८]

६. **व्यक्ति बेपत्ता पार्ने काम गर्न गराउन नहुनेः** कसैले कसैलाई बेपत्ता पार्ने कार्य गर्न वा गराउन हुँदैन। कानून बमोजिम पक्राउ गर्न, अनुसन्धान गर्न वा कानून कार्यान्वयन गर्न अख्तियार पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई पक्राउ गरेको वा नियन्त्रणमा लिएको मितिले बाटोको म्याद बाहेक चौबीस घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराई वा सरोकारवालालाई भेटघाट गर्न नदिई निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने जानकारी नदिने कार्यलाई व्यक्ति बेपत्ता पार्ने कार्य भनि परिभाषित गरिएको छ। यसरी व्यक्ति वेपत्ता पारिएको अवस्थामा पक्राउ गर्न, थुनामा राख्न वा नियन्त्रणमा लिन आदेश दिने र त्यस्तो आदेश कार्यान्वयन गर्ने दुबै थरी व्यक्ति बेपत्ता पार्ने मुख्य कसूरदार मानिन्छन्।[२९]

---

[२६] मुलुकी अपराध संहिता, २०७४ को दफा १६७

[२७] मुलुकी अपराध संहिता, २०७४ को दफा २०१

[२८] मुलुकी अपराध संहिता, २०७४ को दफा २०३

[२९] मुलुकी अपराध संहिता, २०७४ को दफा २०६

# परिच्छेद - ३
# मुद्दा दर्ता हुनुभन्दा पहिलेको कार्यविधि

कसूरसँग सम्बन्धित कुनै व्यक्ति कसूर गर्दागर्दैको अवस्थामा फेला परेमा अनुसन्धान अधिकारी वा संरक्षण कार्यसँग सम्बन्धित कर्मचारी, सुरक्षाकर्मी वा प्रहरीले त्यस्तो व्यक्तिलाई पक्राउ गर्न सक्छ। यसका साथै कुनै कसूर गरेको हुन सक्ने भनि आशङ्का गरिएको तर तत्काल पक्राउ नपरेको कुनै व्यक्तिलाई अपराध अनुसन्धानको सिलसिलामा पक्राउ गर्न आवश्यक भएमा पनि अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई पक्राउ गर्न सक्छ। यसरी कुनै पनि व्यक्तिलाई पक्राउ गर्नु पर्ने अवस्थामा मुद्दा हेर्ने अधिकारीको भूमिका रहन्छ।

### पक्राउ पूर्जी जारी गर्ने अनुमतिः

कसूरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्ने भएमा अनुसन्धान गर्ने अधिकारीले सोको कारण र त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनु पर्छ।[३०]

सो निवेदनमा सम्भव भएसम्म देहायका विवरणहरु उल्लेख गरि सो सम्बन्धी कागजात समेत संलग्न हुनु पर्छ।[३१]

- पक्राउ गर्नुपर्ने व्यक्तिको नाम, थर, वतन वा अन्य परिचयात्मक विवरण,
- कसूरको छोटकरी विवरण र पक्राउ गर्नुपर्ने व्यक्तिको संलग्नता देखिने प्रमाण,
- वारदात मिति, समय र स्थान,
- पक्राउ गर्नुपर्ने आधार र कारण।

यसरी पक्राउ पूर्जी जारी गर्ने अनुमति माग भएको अवस्थामा अदालत वा मुद्दा हेर्ने अधिकारीले आवश्यक देखेमा पक्राउ पूर्जी जारी गर्ने अनुमति दिनु पूर्व निवेदकसँग थप विवरण वा कागजात माग गर्न सक्छ।[३२]

---

[३०] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४(१)

[३१] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३(२)

[३२] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३(२)

सो निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्छ।[३३]

पक्राउ पूर्जी जारी गर्ने अनुमति दिएको अभिलेख परिशिष्ट-१ बमोजिमको ढाँचामा राख्नु पर्छ।[३४]

कुनै मुद्दाको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नको लागि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारी गर्ने अनुमति प्राप्त भएको कुरा त्यस्तो व्यक्ति पक्राउ नपरेसम्म सार्वजनिक गर्न हुँदैन।[३५]

### जरुरी पक्राउ पूर्जीको स्वीकृतिः

वन्यजन्तु सम्बन्धी कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने, उम्कने वा निजले प्रमाण, दसी वा सवुत नष्ट गर्ने मनासिव कारण भएमा वा कसूरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कुनै व्यक्ति कसूर गरिरहेको अवस्थामा फेला परेमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरि पक्राउ गर्न सक्छ।[३६]

अनुसन्धान अधिकारीले जरुरी पक्राउ पूर्जी जारी गरि पक्राउ गरेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि उपस्थित गराउनु पर्छ।[३७]

अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई तत्काल जरुरी पक्राउ पूर्जी जारी गरेर पक्राउ गरेको अवस्थामा त्यस्तो व्यक्ति उपरको अनुसन्धान कारवाही अगाडि बढाउनुभन्दा पहिले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरि स्वीकृति लिनु पर्छ। मुद्दा हेर्ने अधिकारीबाट स्वीकृति नलिई त्यस्तो कसूर सम्बन्धी अन्य अनुसन्धान कारवाही गर्न सकिँदैन।[३८]

---

[३३] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४(२)

[३४] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३(५) अनुसूची -३

[३५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(५)

[३६] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४(४) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६)

[३७] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४(४)

[३८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६) र (७)

अनुसन्धान अधिकारी वा अनुसन्धान गर्ने कार्यालयको प्रमुखले जरुरी पक्राउ पूर्जी जारी गरि पक्राउ गरेको अवस्थामा तोकिएको ढाँचाको निवेदनमा देहायका विवरण उल्लेख गरि पक्राउ गरेको व्यक्ति र सम्बन्धित कागजातहरु सहित पक्राउको स्वीकृतिका लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्छ।

- पक्राउ गरेको व्यक्तिको नाम, थर, वतन वा अन्य परिचयात्मक विवरण,
- पक्राउ गरेको मिति, समय र स्थान,
- वारदात मिति, समय र स्थान,
- कसूरको नाम,
- सम्भव भएसम्म पक्राउ गरेको व्यक्तिको संलग्नता देखिने प्रमाण,
- खानतलासी गर्दा दसी प्रमाण बरामद भएको भए सोको मुचुल्का,
- जरुरी पक्राउ पूर्जी जारी गरि पक्राउ गर्नु परेको कारण।

यसरी निवेदन पेश भएपछि पक्राउको कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउको स्वीकृति दिन सक्छ। यस्तो स्वीकृति दिएकोमा सोको अभिलेख परिशिष्ट- २ बमोजिमको ढाँचामा राख्नु पर्छ।[३९]

## हिरासतमा राख्ने अनुमतिः

वन्यजन्तु सम्बन्धी कसूरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गरेपछि अनुसन्धान अधिकारीले त्यसरी पक्राउ गरेको व्यक्तिलाई पक्राउ गरेको चौबीस घण्टाभित्र जतिसक्दो चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्छ। पक्राउ गरिएको व्यक्तिलाई पक्राउ परेको ठाउँबाट अनुसन्धान अधिकारीको कार्यलयसम्म ल्याउन र उक्त कार्यालयबाट मुद्दा हेर्ने अधिकारीको कार्यालयसम्म पुऱ्याउन बाटोमा लाग्ने अवधिलाई चौबीस घण्टामा गणना गरिदैन।[४०]

गिरफ्तार गरिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पुरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने कर्मचारीले

---

[३९] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५ र अनुसूची ५

[४०] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४क (१) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(१)

निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नु पर्छ।[४१]

## हिरासतमा राख्ने अनुमतिको लागि दिइने निवेदनमा खुलाउनु पर्ने कुराः

पक्राउ परेको व्यक्तिलाई चौबीस घण्टाभन्दा बढी अवधि थुनामा राख्नु पर्ने भई त्यसको लागि मुद्दा हेर्ने अधिकारी समक्ष अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान भईसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नुपर्छ।[४२]

अनुसन्धान अधिकारीले पक्राउ गरिएको व्यक्तिलाई चौबीस घण्टाभन्दा बढी अवधि हिरासतमा राख्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष दिने निवेदनमा हिरासतमा रहेको व्यक्ति (पक्राउ गरिएको व्यक्ति) उपर लागेको अभियोग, त्यसको आधार, निजलाई हिरासतमा राखेर अनुसन्धान गर्नु पर्ने कारण र निजको बयान भई सकेको भए सो बयान कागज अनुसारको व्यहोरा समेत उल्लेख गर्नुपर्छ।[४३]

निवेदनमा अनुसन्धान सन्तोषजनक रुपमा भएको र अभियुक्तलाई हिरासतमा राखेर अनुसन्धान गर्नुपर्ने आधार र कारण तथा सम्पन्न गर्नुपर्ने कामहरुको विवरण समेत खुलाउनु पर्छ।[४४]

---

[४१] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४क (२)

[४२] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४क (२)

[४३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(४)

[४४] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६ (३)

## हिरासतमा राख्ने अनुमति दिँदा विचार गर्नुपर्ने कुरा :

अभियुक्तलाई हिरासतमा राख्ने अनुमति माग गरि निवेदन परेमा अदालत वा मुद्दा हेर्ने अधिकारीले देहायका कुराहरु विचार गरि अनुसन्धान सन्तोषजनक रुपमा भएको र निवेदन माग बमोजिम हिरासतमा राख्न आवश्यक देखिएमा माग बमोजिम अनुमति दिन सक्छः-

(क) अभियुक्तको नाम, थर, उमेर, वतन, बाबु आमाको नाम, सम्पर्क फोन नम्बर, ईमेल ठेगाना जस्ता परिचयात्मक विवरण मिसिलमा उल्लेख भए वा नभएको,

(ख) अभियुक्तको वास्तविक परिचय खुल्ने नागरिकताको प्रमाणपत्र वा सवारी चालक अनुमतिपत्र वा राहदानी वा निजको परिचय खुल्ने अन्य कागजात मिसिल संलग्न रहे नरहेको,

(ग) पक्राउ परेको मिति, स्थान र निजको परिचयात्मक विवरण भिडे नभिडेको,

(घ) अभियुक्तलाई हिरासतमा उचित व्यवहार गरे नगरेको,

(ङ) अभियुक्तलाई थुनुवा पूर्जी दिए नदिएको तथा पक्राउको कारण जानकारी गराए नगराएको,

(च) अभियुक्तको स्वास्थ्य जाँच गराए नगराएको,

(छ) अभियुक्तले कानून व्यवसायीसँग सल्लाह लिन पाए नपाएको।

उल्लिखित कुराहरु यकिन गर्नको लागि मुद्दा हेर्ने अधिकारीले अभियुक्तसँग आवश्यक सोधपुछ गर्न वा जानकारी लिन सक्छ।[४५]

अभियुक्तलाई हिरासतमा राख्ने अनुमतिको लागि पेश भएकोमा कानून व्यवसायीको बहस सुन्न आवश्यक देखिएमा अभियुक्तले नियुक्त गरेको कानून व्यवसायी वा वैतनिक कानून व्यवसायी र सरकारी वकीलबाट बहस गराउन पनि सकिन्छ।[४६]

हिरासतमा राख्ने अनुमतिको लागि पेश भएको अभियुक्तलाई हिरासतमा राख्न अनुमति दिनु पूर्व मुद्दा हेर्ने अधिकारीले निजको अधिकारको बारेमा जानकारी गराउनु पर्छ।[४७]

[४५] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ७ (२)

[४६] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ७ (६)

[४७] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ७ (३)

यसले संविधानले प्रत्याभुत गरेका न्याय सम्बन्धी हक र यातना विरुद्धको हकलाई इङ्गित गरेको हो।

मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गरि सन्तोषजनक रुपमा तहकिकात भईरहेको देखिएमा एकैपटक वा पटक पटक गरि बढीमा ४५ दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्छ।[४८]

मुद्दा हेर्ने अधिकारीले अभियुक्तलाई हिरासतमा राख्ने अनुमति दिँदा परिशिष्ट-३ बमोजिमको ढाँचामा आदेश पर्चा खडा गरि सोको अभिलेख राख्नु पर्छ।[४९]

यसका साथै अनुसन्धान अधिकारीबाट प्राप्त जाहेरी दरखास्त वा सूचनाको प्रतिलिपि मुद्दा हेर्ने अधिकारीले परिशिष्ट-४ बमोजिमको ढाँचाको दर्ता किताबमा जनाई अभिलेख राख्नु पर्छ।[५०]

### अन्य आदेशः

हिरासतमा राख्ने अनुमतिको लागि प्रस्तुत भएको कुनै व्यक्तिको हकमा निम्न अवस्था देखिए वा आवश्यक देखिए वा निजबाट अनुरोध भएका अवस्थामा मुद्दा हेर्ने अधिकारीले निम्न आदेश गर्नुपर्छ।

- हिरासतमा रहेको अभियुक्त बिरामी भइ उपचार गर्नुपर्ने अवस्थाको देखिएमा आवश्यक उपचारको व्यवस्था गर्न।[५१]
- हिरासतमा रहेको अभियुक्त विशेष हेरचाह गर्नुपर्ने गर्भवती वा सुत्केरी महिला, बालबालिका, बृद्ध अवस्था वा बिरामी वा अन्य कुनै प्रकारको अशक्त देखिए आवश्यक हेरचाहको व्यवस्था गर्न।[५२]
- हिरासतमा रहेको व्यक्तिको शारीरिक जाँच गर्न।[५३]

हिरासतमा राख्ने अनुमतिको लागि अदालतमा पेश भएको अवस्थामा बाहेक पनि हिरासतमा रहेको व्यक्ति वा निजको तर्फबाट अरु कसैले निवेदन दिएको अवस्थामा वा

---

[४८] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४क (३)

[४९] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ७ (७) र अनुसूची ७

[५०] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १० र अनुसूची ८

[५१] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ७ (४)

[५२] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ७ (५)

[५३] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ८ (१)

अन्य कुनै व्यहोराबाट हिरासतमा रहेको व्यक्तिको शारीरिक जाँच हुन आवश्यक छ भनि जानकारी हुन आएको अवस्थामा मुद्दा हेर्ने अधिकारीले आवश्यक देखेमा हिरासतमा रहेको व्यक्तिको कुनै अस्पतालबाट शारीरिक जाँच गर्न आदेश दिन सक्छ। यस्तो आदेश गर्दा अस्पतालले त्यस्तो जाँच प्रतिवेदन बढीमा तीन दिनभित्र सम्बन्धित कार्यालय वा अनुसन्धान अधिकारीलाई पठाई सोको प्रतिलिपि मुद्दा हेर्ने अधिकारी समक्ष पठाउने व्यहोरा उल्लेख गर्नुपर्छ।[५४] शारीरिक जाँचसम्बन्धी प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित अनुसन्धान अधिकारीले त्यस्तो प्रतिवेदन सम्बन्धित मिसिल सामेल गरि तत्काल मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्छ।[५५]

प्राप्त परीक्षण प्रतिवेदन समेतका आधारमा हिरासतमा राखिएको व्यक्तिलाई अन्तरिम राहत उपलब्ध गराउनु पर्ने देखिएमा मुद्दा हेर्ने अधिकारीले आवश्यकता अनुसार उपचारको उपयुक्त प्रबन्ध गर्ने वा निजलाई पुगेको शारीरिक चोट एवं मानसिक पीडाका आधारमा अन्तरिम राहत स्वरुप उपयुक्त रकम उपलब्ध गराउने आदेश दिनु पर्छ।[५६]

[५४] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ८ (४)

[५५] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ८ (५)

[५६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २२(५) र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९

# परिच्छेद – ४
# मुद्दा दर्ता प्रक्रिया

वन्यजन्तु सम्बन्धी कसूरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३० ले वन्यजन्तु सम्बन्धी कसूरको तहकिकात गर्ने अधिकारीले ***"तहकिकातको काम पुरा भएपछि राष्ट्रिय निकुञ्ज कार्यालय वा आरक्ष कार्यालय वा वन्यजन्तु संरक्षण कार्यालय वा वन कार्यालय वा वन सम्बन्धी कार्य गर्ने अन्य कार्यालयको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ"*** भन्ने व्यवस्था गरेको छ। वन्यजन्तु सम्बन्धी कसूरको अभियोजनमा सम्बन्धित ऐनले गरेको यो विशेष व्यवस्था हो। ऐनको यो विशेष व्यवस्था नै यस विषयको प्रचलित नेपाल कानून हो। वन्यजन्तु सम्बन्धी कसूरको मुद्दा सम्बन्धित राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण कार्यलय वा वन कार्यलयको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष दायर गर्नु पर्ने हुन्छ।

### अभियोगपत्र जाँच गर्ने

मुद्दा दर्ता गर्न अधिकार प्राप्त अधिकारीले मुद्दा दर्ताको लागि मुद्दा हेर्ने अधिकारी समक्ष अभियोगपत्र पेश गरे पछि मुद्दा दर्ता गर्ने अधिकारीले सो अभियोग पत्रमा कानूनले निर्धारण गरेका कुराहरु स्पष्टसँग उल्लेख भएका छन् छैनन् र त्यसमा कानूनले रीत पुगेको छ छैन भन्ने कुरा निश्चित गर्न त्यस्तो अभियोग पत्र जाँच गर्नुपर्छ। त्यस्तो जाँच गर्दा अभियोगपत्रमा कानून बमोजिम पुरा गर्नु पर्ने कुराहरु सो बमोजिम भए नभएको हेर्नु पर्छ। सो हेर्नलाई अभियोगपत्रमा कानून बमोजिम के के विवरण उल्लेख हुनु पर्ने हो भन्ने जानकारी हुनु पर्दछ। अभियोगपत्रमा निम्न कुराहरु उल्लेख भएको हुनु पर्छ।[५७]

(१) अभियुक्तको पुरा नाम, थर, ठेगाना, हुलिया, उमेर, पेशा वा व्यवसाय,

(२) अभियुक्तको बाबु, आमा वा पति, पत्नीको नाम,

(३) अभियुक्त बसोबास गरेको गाउँपालिका वा नगरपालिका, वडा नं., गाउँ, टोल, भएसम्म ब्लक नं.,

---

[५७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२(१)

(४) अभियुक्तको वास्तविक पहिचान हुने विवरण, निजको फोटो, नागरिकता वा राहदानी, सवारी चालक इजाजतपत्र वा निजको वास्तविक परिचय खुल्ने अन्य कागजातको प्रतिलिपि,

(५) अभियुक्तको भएसम्मको दुवै हातको चोरी औँलाहरुको छाप,

(६) अरुको घरमा डेरा गरि बसेको भए घरधनीको नाम, थर र ठेगाना सहितको विवरण,

(७) कसूरसँग सम्बन्धित सूचनाको व्यहोरा,

(८) कसूर सम्बन्धी विवरण,

(९) अभियुक्तले कसूर गरेको कुरा प्रमाणित गर्ने दसी, प्रमाणको विवरण,

(१०) अभियुक्त उपर लगाइएको अभियोग र त्यसको आधार र कारणहरु,

(११) प्रयोग हुनु पर्ने सम्बन्धित कानून र त्यसको कारण,

(१२) अभियुक्तलाई हुनु पर्ने सजायको माग दाबी र त्यसको कारण,

(१३) कसूरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने भए त्यस्तो क्षतिपूर्तिको रकम,

(१४) कसूरको प्रकृतिसँग सम्बन्धित अन्य आवश्यक कुनै कुरा भए त्यसको विवरण।

(१५) कुनै अभियुक्त फरार रहेको भए निजको सम्पत्ति तथा अन्य विवरण र निज कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति भए सोको विवरण,

(१६) अभियोग लगाईएको कसूरबाट अभियुक्तको नैतिक पतन हुने भएमा सोको लागि माग दाबी,

यस अतिरिक्त कुनै अभियुक्तलाई हुने सजायमा छुट दिन प्रस्ताव गरि दायर भएको अभियोगपत्रमा निजलाई छुट दिन प्रस्ताव गरिएको सजायको प्रतिशत स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्छ। [५८]

---

[५८] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ (२)

अभियोगपत्रमा दसी प्रमाणको रुपमा पेश भएका वा जफतको माग दाबी लिईएका मालसामान तथा अन्य सम्पत्तिको देहाय बमोजिमको विवरण पनि खुलाइएको हुनु पर्छः-[५९]

- मालसामान तथा सम्पत्तिको भौतिक अवस्था, परिमाण र अन्य विवरण,
- मालसामान तथा सम्पत्ति फिर्ता वा जफत वा नष्ट वा हस्तान्तरण गर्नु पर्ने विषय,
- सवारी साधन लगायतका दर्ता स्रेस्ता हुने मालसामान तथा सम्पत्तिको दर्ता स्रेस्ताको प्रमाणित प्रतिलिपि,
- बहुमूल्य चिजवस्तु भए सोको परिमाण र गुणस्तर,
- मूल्य खुल्ने मालसामान तथा सम्पत्ति भए सोको प्रचलित मूल्य,
- अन्य आवश्यक विवरण।

अभियोगपत्र दर्ता एउटा महत्वपूर्ण पक्ष भनेको एक भन्दा बढी व्यक्ति उपर अभियोगपत्र प्रस्तुत गर्दा कति वटा अभियोगपत्र प्रस्तुत हुनु पर्ने हो भन्ने पनि छ। सामान्यतः प्रत्येक कसूर वा अभियुक्तको सम्बन्धमा छुट्टाछुट्टै अभियोगपत्र पेश हुनु पर्छ।[६०] देहायका व्यक्तिहरु उपर एउटै अभियोगपत्रबाट संयुक्त रुपमा, मुद्दा चलाउन सकिन्छ।[६१]

(क) एउटै कामको सिलसिलामा एउटै वा विभिन्न कसूर गर्ने व्यक्तिहरु,

(ख) एउटै कामको सिलसिलामा नभए पनि संयुक्त रुपमा वा मिलोमतोबाट एक वा एकभन्दा बढी कसूर गर्ने व्यक्तिहरु, वा

(ग) एक अर्कोसँग सम्बन्धित विभिन्न कसूर गर्ने व्यक्तिहरु।

यस बाहेक कसूरको उद्योग, दुरुत्साहन वा अपराधिक षडयन्त्र, मतियार भएको कसूर, कसूरबाट प्राप्त कुनै चीजवस्तु राखेको, किनेको, बेचेको, दिएको वा लिएको कसूर, कसूर गर्ने मनसायले कुनै चीजवस्तु राखेको, बेचेको दिएको वा लिएको कसूर, वा

---

[५९] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ (३)

[६०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५५

[६१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५४(१)

कसूरसँग सम्बन्धित कुनै व्यक्तिलाई लुकाएको वा भगाएको कसूरहरुमा संलग्न व्यक्तिहरुको हकमा एउटै अभियोगपत्रबाट मुद्दा चलाउन सकिन्छ।[६२]

## मुद्दा दर्ता तथा दरपीठ गर्ने

अभियोगपत्र पेश भएपछि मुद्दा दर्ता गर्ने अधिकारीले त्यस्तो अभियोगपत्रमा माथिका विवरण कुरा स्पष्ट उल्लेख भए नभएको जाँच गर्नुपर्छ। अभियोगपत्रको जाँच गर्दा उल्लेखित कुराहरु वा विवरण स्पष्ट भएको तथा अदालतको क्षेत्राधिकारभित्रको र हदम्यादभित्रको देखिएमा सम्बन्धित अधिकारीले त्यस्तो अभियोगपत्र दर्ता गर्नुपर्छ।[६३] यस्ता मुद्दाहरुमा नेपाल सरकार वादी हुने व्यवस्था छ।[६४] नेपाल सरकारलाई वादी कायम गरि मुद्दाको कारवाही चलाइने हुँदा नेपाल सरकारलाई वादी कायम गरि मुद्दा दर्ता गर्नुपर्छ।[६५]

कुनै अभियोगपत्रको व्यहोराबाट त्यस्तो उजुरी सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने आफ्नो अधिकार क्षेत्र नभएको वा रीत नपुऱ्याई दर्ता गर्न ल्याएको देखिएमा अदालत वा मुद्दा हेर्ने अधिकारीले सोही कुरा उल्लेख गरि त्यस्तो अभियोगपत्र वा उजुरी दरपीठ गरि दिनु पर्छ।[६६]

दर्ता हुन नसक्ने लिखतहरु दर्ता हुन सक्दैन भनि लेखेर दिने आदेशलाई दरपीठ भनिन्छ। दर्ता हुन नसक्ने सबै लिखत कागज अदालत तथा सरकारी कार्यालयले समेत दरपीठ गर्नुपर्ने व्यवस्था कानूनले गरेको छ। अदालत वा मुद्दा हेर्ने निकायका काम कारवाहीहरु लिखित रुपमा गरिन्छ। दर्ता गर्न ल्याएका लिखत दर्ता हुन नसक्ने भए मुद्दा दर्ता गर्ने अधिकारीले यो यति कारणले दर्ता हुन सक्दैन भनि लेखि सहिछाप गरि फिर्ता पठाई दिनुपर्छ। यहि प्रक्रियालाई दरपीठ भनिन्छ।

अदालत वा मुद्दा हेर्ने निकायमा दर्ता गर्न ल्याएको लिखत जाँच गर्दा त्यस्तो लिखत हदम्याद वा म्यादभित्र नभएको, सम्बन्धित अदालत वा निकायको अधिकार क्षेत्रभित्र

[६२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५४(२)
[६३] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १२
[६४] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २९
[६५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५६
[६६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५०(१)

नरहेको, अदालत वा सम्बन्धित निकायले हेर्न नपर्ने वा नहुने वा कानून विपरीत भएकोले दर्ता गर्न नमिल्ने देखिएमा सम्बन्धित अधिकृतले दरपीठ गरि अदालत वा कार्यालयको छाप लगाई सम्बन्धित व्यक्तिलाई भरपाई गराई फिर्ता दिनु पर्छ। दरपीठ गरिएको लिखतको एक प्रति अदालत वा मुद्दा हेर्ने निकायमा अभिलेखको रुपमा राख्नुपर्छ।

### दसीको सामानको अभिलेख राख्नेः

अभियोगपत्रसाथ कुनै मालसामान वा वस्तु दसी प्रमाणको रुपमा वा जफतको माग दाबी लिई पेश गरेको भए सम्बन्धित अधिकारीले त्यस्ता दसी सामानहरुको फोटोसहितको छुट्टै अभिलेख खडा गरि सुरक्षित रुपमा राख्नु पर्छ। यसरी अभिलेख राख्दा दसी तथा अन्य मालसामान रुजु गरि सुन, चाँदी, हीरा जवाहरत जस्ता बहुमूल्य धातुको हकमा त्यस्तो धातुको किसिम, सङ्ख्या र वजन तथा विदेशी मुद्राको हकमा कुन देशको र कति परिमाणको हो सो समेत खुलाउनु पर्छ।[६७]

### अभियोगपत्र परिमार्जन वा संशोधनः

अभियोगपत्र दर्ता भए पछि केही अवस्थामा अभियोगपत्र परिमार्जन वा संशोधन गर्न सकिन्छ। कानूनले सजाय कम गर्ने माग दाबी लिई अभियोग पत्र दायर गर्न सकिने व्यवस्था[६८] गरेकोले अभियोगपत्र पेश भई दर्ता भएकोमा त्यस्तो अभियुक्तले अदालत वा मुद्दा हेर्ने निकायमा अनुसन्धान अधिकारी वा सरकारी वकील समक्ष दिएको भन्दा फरक बयान दिएमा वा प्रतिकूल प्रमाण दिएमा वा आफ्नो कसूर इन्कार गरेमा वा न्यायिक कारवाहीमा सहयोग नपुऱ्याएमा निजले सजाय छूटको सुविधा पाउन सक्दैन।[६९]

यस्तो अवस्थामा प्रस्ताव गरिएको छुट सजाय रद्द गरि थप सजायको माग गरि निवेदन पर्न सक्छ। त्यस्तो निवेदन सोही अभियोग पत्रको अभिन्न अङ्ग हुन्छ।[७०] यस्तो निवेदन दर्ता गराएमा त्यस्तो सजायको छुटको प्रस्ताव फिर्ता लिएको मानिन्छ।[७१] यस्तो छुट

[६७] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १३
[६८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३
[६९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ (६)
[७०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ (७)
[७१] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम २०

सजाय रद्द गरि थप सजायको माग गरि अदालत वा मुद्दा हेर्ने निकायमा निवेदन दिनु पर्दा सकभर त्यस्ता अभियुक्तको थुनछेक आदेश हुनुपूर्व नै दिनु पर्छ।[७२]

## थप अभियोगपत्रः

अदालत वा मुद्दा हेर्ने निकायमा कुनै मुद्दा दर्ता भईसकेपछि त्यस्तो मुद्दामा अन्य सम्बद्ध थप प्रमाणहरुबाट मुद्दा दायर भईसकेका अभियुक्त बाहेक अन्य अभियुक्तहरु उपर समेत दाबी लिन पर्ने भएमा वा मुद्दा दायर भई अभियुक्त कायम भई सकेका व्यक्ति उपर थप अभियोग लगाउनु पर्ने देखिएमा त्यसको कारण खुलाई थप अनुसन्धान गर्न लगाई अन्य थप अभियुक्तको हकमा समेत थप दाबी लिई सरकारी वकील वा मुद्दा दायर गर्न अधिकार प्राप्त अधिकारीले मुद्दा दायर गर्न सक्छ।[७३]

थप दाबी लिइने अभियोगपत्रमा पनि माथिका विवरण उल्लेख भएको हुनु पर्छ। यस अतिरिक्त मूल मुद्दाको नाम, मुद्दा नम्बर, दर्ता मिति, मुद्दाको संक्षिप्त विवरण र कारवाहीको अवस्था समेत उल्लेख गर्नुपर्छ। यसरी अभियोगपत्र पेश भएमा दर्ता गरि त्यस्तो मुद्दालाई मूल मुद्दा कारवाहीयुक्त अवस्थामा भए साथै राखी कारवाही र किनारा गर्नुपर्छ।[७४]

## अभियोगपत्र संशोधनः

अदालत वा मुद्दा हेर्ने निकायमा एकपटक दायर भईसकेको मुद्दामा थप प्रमाण फेला परी पहिले लिएको माग दाबी संशोधन गर्नु पर्ने देखिएमा महान्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धित सरकारी वकील वा मुद्दा दायर गर्न अधिकारप्राप्त अधिकारीले अभियोगपत्रमा संशोधन गर्न कारण खुलाई निवेदन दिन सक्छ। यस्तो निवेदन पर्न आएमा र त्यसको व्यहोरा मनासिब देखिए निवेदन बमोजिम अभियोगपत्रमा माग दाबी संशोधन गर्ने आदेश सम्बन्धित अदालत वा मुद्दा हेर्ने अधिकारीले दिन सक्छ। त्यस्तो संशोधन गर्ने आदेश सुरु तहको सम्बन्धित अदालत वा मुद्दा हेर्ने अधिकारीले फैसला गर्नुअघि नै दिइसकेको हुनु पर्छ।[७५]

---

[७२] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १८

[७३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५

[७४] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम २१

[७५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६

मागदाबी संशोधन गर्ने निवेदन परी अभियोगपत्र संशोधन गर्ने आदेश भएमा सो संशोधनबाट असर पर्ने अभियुक्तलाई सोको जानकारी दिनु पर्छ। [७६] तारिख गुजारी बसेको वा फरार रहेको अभियुक्तका हकमा निजउपर असर पर्ने गरि अभियोग माग दाबी संशोधन गरिएको भए समाव्हान जारी गर्नुपर्छ। अभियोगपत्र संशोधन हुँदा बयान गरिसकेको कुनै अभियुक्तलाई असर पर्ने गरि अभियोग माग दाबी संशोधन गरिएको भए अदालत वा मुद्दा हेर्ने अधिकारीले आवश्यकता अनुसार संशोधन भएको माग दाबी सम्बन्धमा त्यस्ता अभियुक्तको पुनः बयान गराउने, थुनछेक आदेश गर्ने लगायतका कारवाही गर्नुपर्छ।[७७]

### अभियोगपत्रको सानातिना त्रुटी सच्याउनेः

अदालत वा मुद्दा हेर्ने निकायमा दायर भएको मुद्दाको अभियोगपत्रमा अभियुक्तको नाम, थर, उमेर वा ठेगानाको हिज्जे वा टाइपिङ्ग वा छपाइ जस्ता सानातिना त्रुटि भई सच्याउन परेमा त्यसको कारण खुलाई मुद्दा दायर गर्ने अधिकारीले निवेदन दिन सक्छ। यसरी पर्न आएको निवेदन जाँचबुझ गर्दा त्रुटी सच्याउन मनासिब देखिएमा अदालत वा मुद्दा हेर्ने अधिकारीले त्यस्तो त्रुटी सच्याउन आदेश दिन सक्छ।[७८]

### दसी वा मालसामानको व्यवस्थापन

अभियोगपत्रसाथ कुनै मालसामान वा वस्तु दसी प्रमाणको रुपमा वा जफतको माग दाबी लिई पेश गरेको भए सम्बन्धित अधिकारीले त्यस्ता दसीका सामानहरुको फोटोसहितको छुट्टै अभिलेख खडा गरि सुरक्षित रुपमा राख्नु पर्छ।[७९] तर दसीका सामानहरु **सुरक्षित राख्न सकिने अवस्था नभएमा वा जफत गर्नुपर्ने दाबी नभएका** सामानहरु छन् वा **लिलाम वा फिर्ता गर्न नमिल्ने प्रकृतिका सामान छन्** भने तिनको फरक प्रकारले व्यवस्थापन गर्ने गरि कानूनमा व्यवस्था गरिएको छ।

---

[७६] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम २२ (१)
[७७] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम २२ (३)
[७८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३७
[७९] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १३ (१)

# परिच्छेद – ५
# मुद्दाको प्रारम्भिक कारवाही

कुनै कसूरका सम्बन्धमा अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भएपछि वा अभियोगपत्र प्रस्तुत भएपछि अदालत वा मुद्दा हेर्ने अधिकारीले त्यस्तो मुद्दाको कारवाही प्रारम्भ गर्नुपर्छ। मुद्दाको यस्तो कारवाही भित्र अभियोगपत्रमा दाबी गरिएको अभियोग र सजायको मागदावी अभियुक्तको बयान लिने, अभियुक्तलाई मुद्दाको कारवाहीको क्रममा थुनामा राख्ने वा धरौट वा जमानतमा छाड्ने, दसी प्रमाणको व्यवस्थापन गर्ने, फरार प्रतिवादीलाई झिकाउने, दुबै पक्षका प्रमाणहरु बुझ्ने लगायतका कार्यहरु पर्दछन्। वन्यजन्तु सम्बन्धी कसूरमा दायर भएको मुद्दा सम्बन्धमा पनि यही प्रक्रिया अवलम्बन गर्नु पर्दछ।

## क. मुद्दा हेर्ने अधिकारी समक्ष प्रतिवादीको बयान

अभियोगपत्र सहित अभियुक्तलाई उपस्थित गराइएको अवस्थामा वा समाव्हानको म्याद भित्र अभियुक्त मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित भएको अवस्थामा वा फरार अभियुक्त पक्राउ परी आएको अवस्थामा अभियुक्तलाई मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरि मुद्दा हेर्ने अधिकारीले त्यस्तो अभियुक्तको बयान गराउनु पर्छ। त्यसरी बयान गराउँदा मुद्दा हेर्ने अधिकारीले अभियुक्त उपर लगाइएको अभियोग, तत्सम्बन्धी तथ्य सहितको विवरण र अभियोग प्रमाणित गर्न अनुसन्धान अधिकारीले पेश गरेको प्रमाण तथा अभियोग प्रमाणित भएमा अभियुक्तलाई हुन सक्ने सजाय स्पष्ट रुपमा सम्झाई बुझाई अभियोगपत्रमा लिएको माग दाबी पढेर सुनाउनु पर्छ।[८०] कुनै सहअभियुक्तले निजलाई पोल गरेको भए त्यसरी पोल गरेको बयान व्यहोरा समेत निजलाई बयान गर्नु अगावै पढिबाँची सुनाउनु पर्छ।[८१]

पछि बयान गर्ने अभियुक्तले अघि बयान गर्ने कुनै सहअभियुक्तलाई पोल गरेमा र त्यसरी पोलमा पर्ने सहअभियुक्त तारिखमा वा थुनामा रहेको भएमा मुद्दा हेर्ने अधिकारीले सोको

[८०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२१ (१)
[८१] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५५(२)

जानकारी त्यस्तो सहअभियुक्तलाई दिनु पर्छ।[८२] जानकारी दिँदा पोलमा पर्ने सहअभियुक्त मुद्दामा तारिखमा रहेको भए तारिखको दिनमा सो बयानको व्यहोरा पढिबाँची सुनाउनु पर्छ। थुनामा रहेको भए त्यस्तो बयानको प्रतिलिपि समेत सामेल गरि कारागार कार्यालय मार्फत जानकारी दिनु पर्छ।[८३]

त्यसरी अभियोग तथा सो अभियोगमा हुन सक्ने सजायका सम्बन्धमा सम्झाउँदा बुझाउँदा कुन आरोप कुन कुन सवुद, प्रमाण वा लिखतमा आधारित छ त्यस्तो अभियोगमा हुनसक्ने सजाय समेत खुलाई अभियुक्तले त्यस्ता सवुद, प्रमाण वा लिखत हेर्न वा त्यसको प्रतिलिपी लिन चाहेमा निजलाई त्यसको मौका दिनु पर्छ।[८४]

मुद्दा दायर भइसके पछि पहिले मुद्दा चलाइएका अभियुक्त बाहेक अन्य अभियुक्त उपर थप दाबी लिई अभियोगपत्र पेश भएको अवस्थामा निजको हकमा समेत बयान गराउने, थुनछेक आदेश गर्ने लगायतका कारवाही गर्नुपर्छ।[८५]

यसरी अभियुक्तलाई अभियोग तथा त्यस्तो अभियोगमा हुन सक्ने सजाय सुनाई सकेपछि मुद्दा हेर्ने अधिकारीले त्यस्तो अभियोग उपर निजको के भनाई छ ? सोधेर निजको बयान अभिलेख गर्नुपर्छ। [८६] अभियुक्तसँग बयान लिनु अगाडि नै निजले कुनै कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा निजलाई मौका दिनु पर्छ।[८७] नेपाली भाषा बोल्न र बुझ्न नसक्ने प्रतिवादीको हकमा दोभाषे वा अनुवादकको सहयोग लिई बयान गराउनु पर्छ।

बयान अभिलेख गर्नु भन्दा अगाडि अदालतले अभियुक्तलाई निजले आफ्नो विरुद्ध बयान दिन कर नलाग्ने कुरा जानकारी गराई निजले दिएको बयान निजको विरुद्ध प्रमाण लाग्न सक्छ भनि[८८] तथा मुद्दा दायर गर्ने अधिकारीबाट निज विरुद्धको सजायमा छुट

[८२] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५५(३)
[८३] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५५ (४)
[८४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२१ (२)
[८५] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम २१ (३) र (४)
[८६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२२ (१)
[८७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२२ (२)
[८८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२२ (३)

हुन प्रस्ताव गरिएको रहेछ भने त्यस्तो कुरा र त्यस सम्बन्धी प्रचलित कानूनको व्यवस्था समेत जानकारी गराउनु पर्छ।[८९]

अभियुक्तको बयान अभिलेख गर्दा प्रत्येक प्रश्न र त्यसको जवाफ दुवै लेखवद्ध गर्नुपर्छ। श्रव्य—दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत बयान लिएको भए त्यसको समेत अभिलेख राख्नु पर्छ।[९०] बयान अभिलेख भई सकेपछि त्यस्तो अभिलेखमा अभियुक्तको सहीछाप गराई मुद्दा हेर्ने अधिकारीले पनि आफ्नो सहीछाप गर्नुपर्छ। श्रव्य—दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत बयान लिएकोमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो कुरा प्रमाणित गरि राख्नु पर्छ।[९१]

अभियुक्तसँग बयान गराउँदा बुझ्नु पर्ने कुनै कुरा छुट हुन गएमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो अभियुक्तलाई उपस्थित गराउन लगाई निजसँग छुट कुराको ततिम्बा बयान लिन सक्छ।[९२]

अभियुक्तको बयान लिने काम न्यायाधीश वा मुद्दा हेर्ने अधिकारी आफैले गर्नुपर्छ।[९३] तर मुद्दा हेर्ने अधिकारीको अनुपस्थितिमा अभियुक्तको बयान लिने काम भने मुद्दा हेर्ने निकायमा उपस्थित भएका मध्ये सबैभन्दा वरिष्ठतम कर्मचारीले गर्न सक्छ।[९४] प्रतिवादिको बयानको ढाँचा परिशिष्ट -५ मा दिइएको छ।

### ख. अभियुक्तले कसूर स्वीकार गरे तत्काल मुद्दाको फैसला गर्न सकिनेः

कुनै अभियुक्तले निज उपर लागेको कसूरको आरोप स्वीकार गरि मुद्दा हेर्ने अधिकारी समक्ष साविती बयान गरेमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो बयानको सत्यता र विश्वसनीयतालाई समेत विचार गरि तत्काल उक्त मुद्दाको फैसला गर्न सक्छ। अभियुक्तले साविती बयान गरे तापनि मिसिल संलग्न प्रमाण, कसूर गर्दाको परिस्थिति वा अन्य कुनै कुराले निजको साविती साँचो होइन भन्ने विश्वास हुने कुनै कारण भएमा वा साविती भएको अभियुक्तले सजायमा छुट वा कमी हुनु पर्ने जिकीर लिएमा मुद्दा

[८९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२२ (४)
[९०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२२ (५)
[९१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२२ (६)
[९२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२२ (७)
[९३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७७ (१)
[९४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७७ (२)(ख)

फैसला नगरि प्रमाण बुझ्न आदेश दिनु पर्छ।[९५] धेरै जना प्रतिवादीहरु भएको मुद्दामा कसैले अभियोग स्वीकार गरि साविती बयान गरेमा र कसैले अभियोग अस्वीकार गरि इन्कारी बयान गरेमा इन्कारी गर्नेको हकमा समेत प्रमाण बुझी एकै पटक फैसला गर्नुपर्छ। साविती हुने र इन्कार हुनेको अलग अलग फैसला गर्नु हुँदैन।

### ग. अधिकार क्षेत्र, हकदैया र हदम्याद सम्बन्धमा निर्णय गर्नु पर्नेः

कुनै मुद्दा सम्बन्धमा अभियुक्तले बयान गर्दा अदालत वा मुद्दा हेर्ने निकाय वा अधिकारीको अधिकार क्षेत्र नभएको, वादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको वा मुद्दा दर्ता गर्ने हदम्याद नभएको भन्ने प्रश्न उठाएमा अदालत वा मुद्दा हेर्ने अधिकारीले पहिले त्यस्तो प्रश्नका सम्बन्धमा निर्णय गरेर मात्र उक्त मुद्दाको अन्य कारवाही अगाडि बढाउनु पर्छ। अभियुक्तको जिकिर अनुसार उक्त मुद्दा आफ्नो अधिकार क्षेत्रभित्र नपर्ने देखिएमा अधिकार क्षेत्र भएको अदालत वा अधिकारी वा निकायमा पठाउन आदेश दिनु पर्छ।[९६]

यस्तो निर्णय उपर त्यस्तो निर्णय भएको मितिले तीस दिनभित्र पुनरावेदन सुन्ने अदालतमा उजुर गर्न सकिन्छ।[९७] यस बमोजिम निरुपण भएको प्रश्न पुनरावेदन सुन्ने अदालतमा पुनःउठाउन पाईंदैन।[९८]

### घ. थुनछेक, धरौट तथा जमानत सम्बन्धी व्यवस्था

प्रतिवादीको बयान भईसकेपछि कानून बमोजिम कैदको सजाय हुन सक्ने अभियुक्तको हकमा पुर्पक्षको निमित्त थुनामा राख्ने वा निजसँग धरौट वा जमानत लिई तारिखमा राख्ने हो सो सम्बन्धी आदेश गर्नुपर्छ। सो आदेश गर्दा अभियुक्तले कानून व्यवसायी राखेमा निजको बहस समेत सुनी आदेश गर्नुपर्छ। अभियुक्तको बयान लिने तथा पुर्पक्षका लागि थुनामा राख्ने वा धरौट वा जमानतमा राख्न आदेश दिने काम मुद्दा हेर्ने अधिकारी आफैले गर्नुपर्छ।[९९] मुद्दा हेर्ने अधिकारीको अनुपस्थितिमा अभियुक्तको बयान गराउने वा निजलाई थुनामा राख्ने वा निजसँग धरौट वा जमानत लिन आदेश दिने काम मुद्दा

---

[९५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२३ (१)
[९६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५१ (१)
[९७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५१ (२)
[९८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५१ (३)
[९९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७७ (१)

हेर्ने निकायमा उपस्थित भएका मध्ये सबैभन्दा वरिष्ठतम कर्मचारीले गर्न सक्छ। यस्तो आदेश मुद्दा हेर्ने अधिकारी कार्यालयमा हाजिर हुनासाथ निज समक्ष पेश गर्नुपर्छ र निजले त्यस्तो आदेश जाँची सदर, बदर वा संशोधन गर्न सक्छ।[१००] थुनछेकको ढाँचा परिशिष्ट - ६ मा दिइएको छ।

**अ. अभियुक्तलाई थुनामा राख्नेः**

मुलुकी फौजदारी कार्यविधि संहिताले तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने सो संहिताको अनुसूची—२ अन्तर्गतका कुनै कसूरको अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई कारण सहितको आदेश पर्चा खडा गरि[१०१] पुर्पक्षको लागि थुनामा राख्नु पर्ने व्यवस्था गरेको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले यस ऐन अन्तर्गतको कसूर सम्बन्धमा कारवाही किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउने व्यवस्था गरेको छ। **विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (ङ)** ले तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नु पर्ने पर्याप्त र मनासिब कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजलाई थुनामा राखी पुर्पक्ष गर्ने र **दफा ७ को खण्ड (घ)** ले तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नु पर्ने नदेखिएमा निजसँग निजले हानि नोक्सानी गरेको बिगो वा गैरकानुनी रूपमा लिएको रकम र निजलाई हुन सक्ने कैद वा जरिवाना समेतलाई दृष्टिगत गरि धरौटी वा जमानत माग्ने, अधिकार प्रदान गरेको छ।

सामान्य कार्यविधि अर्थात् मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले भने अपवाद बाहेक एक वर्ष र सो भन्दा कम कैदको सजाय हुने कसूर सम्बन्धमा पुर्पक्षको लागि थुनामा राख्न मिल्ने अवस्था हुँदैन। कानून बमोजिम कैदको सजाय हुन सक्ने अभियुक्तलाई देहायको अवस्थामा मुद्दा हेर्ने अधिकारीले पुर्पक्षको लागि थुनामा राख्न सक्छ।[१०२]

---

[१००] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७७ (२) (ख)

[१०१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९

[१०२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ (२)

(क) अभियुक्तले अदालतमा कसूर स्वीकार गरेको र मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गर्दा थुनामा राख्न मनासिब देखिएको,

(ख) अभियोग लाग्नुभन्दा तीन वर्षअघिको अवधिभित्र अन्य कुनै कसूरको अभियोगमा निजले कैद सजाय पाउने ठहर भएकोमा।

- **विशेष अवस्थाका अभियुक्तसँग धरौटी वा जमानत लिन सकिने**

अभियुक्त बालबालिका वा शारीरिक वा मानसिक रोग लागि अशक्त भएको वा ७ महिनाभन्दा बढीकी गर्भवती महिला वा पचहत्तर वर्ष माथिको वृद्ध भएमा त्यस्तो अभियुक्तलाई अदालतले धरौटी वा जमानत लिई तारिखमा छोड्न सक्छ।[१०३]

- **खास अवधिभित्र मुद्दा फैसला नभएमा थुनाबाट छोड्न सकिने**[१०४]

पुर्पक्षको लागि थुनामा राखिएको कुनै अभियुक्तको लागि र पटके कसूरदारको बारेमा प्रमाण बुझ्न पहिलो पटक तारिख तोकिएको मितिले एक वर्षभित्र मुद्दाको किनारा हुन नसकेमा धरौटी वा जमानत लिई मुद्दाको कारवाही र किनारा गर्न सकिन्छ।

- **थुनामा राख्न सकिने अधिकतम अवधि**

कुनै पनि अभियुक्तलाई निज उपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राख्न पाईंदैन।[१०५]

- **थुनुवा पूर्जी दिनु पर्ने**

कुनै पनि व्यक्तिलाई पुर्पक्षको निमित्त थुनामा राख्दा त्यसको कानूनी आधार र कारण खुलाई अधिकार प्राप्त अधिकारीले थुनुवा पूर्जी दिई थुनामा राख्नु पर्छ।[१०६] थुनुवा पूर्जीको ढाँचा परिशिष्ट — ७ मा दिइएको छ।

### आ. अभियुक्तसँग धरौट वा जमानत वा बैङ्क जमानत लिने

थुनामा राखेर मुद्दा पुर्पक्ष गर्नु पर्ने अवस्थामा बाहेक कुनै अभियुक्त उपरको अभियोग प्रमाणित हुने मनासिब आधार भएमा अदालतले निजसँग धरौटी, जमानत वा बैंक

---

[१०३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ (३)
[१०४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ (१)
[१०५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७८
[१०६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८०

जमानत लिई तारिखमा राख्न सक्छ। बैङ्क जमानत विनासर्तको र अदालतले तोके बमोजिमको अवधिसम्म अद्यावधिक हुन सक्ने हुनु पर्छ।[१०७] यस्तो आदेश बमोजिमको धरौट, जमानत वा बैङ्क जमानत नदिने अभियुक्तलाई अदालतले थुनामा राख्नुपर्छ।[१०८] कुनै अभियुक्तबाट लिएको धरौट, जमानत वा बैंक जमानतको रकम पछि अपर्याप्त भएको देखिन आएमा अदालतले निजसँग थप धरौट, जमानत वा बैङ्क जमानत माग्न सक्छ।[१०९] यसरी मागिएको थप धरौट, जमानत वा बैङ्क जमानत दिन नसकेमा त्यस्तो अभियुक्तलाई अदालतले थुनामा राख्न सक्छ।[११०] त्यस्तो व्यक्तिले पछि धरौट वा जमानत दिए थुनाबाट तत्काल छाडेर तारिखमा राखेर मुद्दाको कारवाही गर्नुपर्छ।[१११]

मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले प्रमाण बुझ्दै जाँदा अभियुक्तलाई अवस्था अनुसार निजसँग धरौट, जमानत वा बैङ्क जमानत माग्न सक्छ।[११२]

कुनै व्यक्तिबाट धरौट लिँदा अदालतबाट तोकिएको समय र स्थानमा त्यस्तो व्यक्ति उपस्थित नभएमा धरौट जफत हुने सर्त उल्लेख गरि कागज गराउनु पर्छ।[११३]

जमानत वा बैङ्क जमानत लिँदा जमानतको रकमको अङ्क तोकी त्यस्तो बमोजिमको सम्पत्ति जमानत लिनु पर्छ।[११४] जमानत दिनु पर्ने व्यक्तिले आफ्नो सम्पत्ति जमानत दिएको भए अदालतबाट तोकिएको समय र स्थानमा आफू उपस्थित नभएमा जमानतको रकम जमानत रहेको त्यस्तो सम्पत्ति वा निजको अरु कुनै सम्पत्तिबाट असूल गर्ने सर्त उल्लेख गरि कागज गराउनु पर्छ।[११५] यस्तो कागजको नमूना परिशिष्ट – ८ मा दिइएको छ।

---

[१०७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८(१)
[१०८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८(२)
[१०९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७०(१)
[११०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७०(२)
[१११] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३१
[११२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ (१)
[११३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७४ (१)
[११४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७४ (२)
[११५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७४ (३)

जमानत दिनु पर्ने व्यक्तिको लागि अरु कसैले आफ्नो सम्पत्ति जमानत दिएको भए अदालतबाट तोकिएको समय र स्थानमा निजलाई उपस्थित नगराएमा जमानतको रकम त्यस्तो जमानत रहेको सम्पत्ति वा आफ्नो अरु कुनै सम्पत्तिबाट असूल गर्न निजको मञ्जुरी रहेको व्यहोरा सहितको सर्त गराई त्यस्तो व्यक्तिसँग कागज गराउनु पर्छ।[११६]

जमानत दिइएको सम्पत्तिको मूल्य पछि कुनै कारणवश घट्न गएमा त्यस्तो जमानत दिने व्यक्तिले त्यस्तो घटेको मूल्य बराबरको सम्पत्ति अदालत समक्ष पेश गर्नुपर्छ।[११७]

- **धरौटी जफत हुनेः**

धरौट राख्ने व्यक्ति अदालत समक्ष तोकिएको तारिखमा उपस्थित नभएमा निजले राखेको धरौटी जफत हुन्छ।[११८] राखिएको धरौटी अचल सम्पत्ति रहेछ भने त्यस्तो व्यक्तिले बुझाउनु पर्ने रकम बराबरको सम्पत्ति बिक्री वा असूल गरि अरु सम्पत्ति निजलाई फिर्ता गर्नुपर्छ।[११९]

साविक मुलुकी ऐन, २०२० को अदालती बन्दोवस्त महलको १२४ नं मा यस्तै प्रकारको व्यवस्था रहेको थियो। सो कानूनी व्यवस्थाका सन्दर्भमा सर्वोच्च अदालतबाट भएको व्याख्या सान्दर्भिक देखिन्छ। अदालतले तोकेको तारिखमा उपस्थित हुन नसकेको सन्तोषप्रद कारण सहितको निवेदन परेको नदेखिएको अवस्थामा मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको १२४ नं को व्यवस्था आकर्षित हुने देखिन्छ। उक्त कानूनी व्यवस्थाले धरौटी जफत गर्ने सम्बन्धमा तजवीजी अधिकार दिएको नदेखिंदा कानूनी व्यवस्था बाध्यात्मक (Mandatory) रुपमा पालना गनुपर्छ। राखेको धरौटी रकम पूरै जफत गर्नु नपर्ने कुनै मनासिव आधार र कारण उल्लेख नगरेको अवस्थामा मुद्दा पुर्पक्षको सिलसिलामा धरौट राखी अदालतले तोकेको तारिख गुजारी न्यायिक प्रक्रियालाई बेवास्ता र असहयोग गरि बसेको अवस्थामा निजले राखेको धरौटी रकम पूरै जफत गर्नुपर्ने भन्ने व्याख्या भएको देखिन्छ।[१२०]

---

[११६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७४ (४)

[११७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७४ (५)

[११८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७५ (१)

[११९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७५ (२)

[१२०] नेपाल कानून पत्रिका, २०६८ अङ्क १ नि नं ८५४७

तोकिएको तारिखका दिनभन्दा अगावै मुद्दाको पक्षको मृत्यु भएको अवस्थामा निजले राखेको धरौट जफत गर्न युक्तिसँगत र कानूनसम्मत नहुने भन्ने निर्णय भएको देखिन्छ। तोकिएको तारिखका दिनभन्दा अगावै मुद्दाको पक्षको मृत्यु भएको अवस्थामा सो तोकिएको तारिखका दिन निज अदालतमा उपस्थित हुन नसक्नु स्वाभाविक भएको र यस्तो कारणवाट अदालतमा पक्ष उपस्थित हुन नसकेकोलाई अ वं १२४ नं मा उल्लेख भएको मनासिव, तथ्ययुक्त र वस्तुपरक कारण मान्नुपर्ने हुन्छ। पक्षको मृत्यु भएको मनासिव कारणवाट निजलाई तोकिएको तारिखका दिन अदालतमा उपस्थित हुन नसकेको अवस्थामा अ वं १२४ नं बमोजिम निजले राखेको धरौट जफत गर्न युक्तिसँगत र कानूनसम्मत समेत मान्न मिल्दैन।[१२१]

- **धरौट फिर्ता र जमानत फुकुवा हुन सक्नेः**

अदालतमा दायर भएको मुद्दामा अभियुक्तलाई थुनामा राख्ने आदेश भएमा थुनामा राख्नुअघि निजले राखेको धरौट वा जमानत फुकवा गरिदिनु पर्छ।[१२२] त्यस्तो मुद्दाको अन्तिम निर्णय हुँदा अभियुक्तले सफाई पाएमा अभियुक्तबाट लिएको धरौटी वा जमानत निजलाई तुरुन्त फिर्ता वा फुकुवा गरि दिनु पर्छ।[१२३]

- **धरौट, जमानत वा बैङ्क जमानतको रकम तोक्ने आधारः**

कुनै अभियुक्तलाई कानून बमोजिम लिनु पर्ने धरौट, जमानत वा बैङ्क जमानतको रकम तोक्दा देहायको कुरा विचार गरि मनासिब किसिमले तोक्नु पर्छ। [१२४]

(क) कसूरको प्रकृति र गम्भीरता,

(ख) अभियुक्त वा कसूरदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति,

(ग) अभियुक्त वा कसूरदारको उमेर र शारीरिक स्थिति,

(घ) निजले पहिले कुनै कसूरमा कसूरदार ठहरी सजाय पाएको वा नपाएको,

(ङ) निजले एकै वारदातमा विभिन्न कसूर गरे वा नगरेको,

---

[१२१] नेपाल कानून पत्रिका, २०६६ अङ्क १ नि नं ८०६४

[१२२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७६ (१)

[१२३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७६ (२)

[१२४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ (१)

(च) निजलाई भएको वा हुन सक्ने सजाय र निजले व्यहोर्नु पर्ने क्षतिपूर्ति,

(छ) कसूरबाट सृजित परिणाम,

(ज) कसूरमा साबिती भए वा नभएको,

(झ) असहाय वा अशक्त व्यक्ति वा गर्भवती वा दूधे बालबालिका भएकी महिला अभियुक्त रहेको।

**इ. तारिखमा राख्नेः**

कुनै अभियुक्तको हकमा पुर्पक्षको निमित्त थुनामा राख्ने वा निजसँग धरौट वा जमानत लिई तारिखमा राख्ने अवस्था नदेखिएमा निजलाई तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ।[१२५]

**ई. थुनछेकको आदेश उपर पुनरावेदन सुन्ने निकायमा निवेदन दिन सकिने**

कानून बमोजिम भएको थुनछेक वा तोकिएको धरौट, जमानत वा बैङ्क जमानतमा चित्त नबुझ्ने पक्षले एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्छ।

कुनै व्यक्तिसँग मागिएको धरौट, जमानत वा बैङ्क जमानतको रकम घटी वा बढी भई मनासिब नभएको कारण देखाई मुद्दाको कुनै पक्षले निवेदन दिएमा पुनरावेदन सुन्ने अदालतले त्यस्तो विषयमा सुनुवाई गरि त्यस्तो धरौट, जमानत वा बैङ्क जमानत रकम थप घट गर्ने वा परिवर्तन गर्ने आदेश दिन सक्छ।[१२६]

---

[१२५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९

[१२६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ को उपदफा (२)

# परिच्छेद - ६
# फरार अभियुक्तलाई झिकाउने कार्यविधि

अभियोग पत्र दर्ता भएपछि अभियोगपत्र साथ प्रस्तुत नभएका अभियुक्तका हकमा अभियुक्तको उपस्थितिको लागि समाव्हान जारी गर्नुपर्छ। तर अभियुक्त भागी पक्राउ हुन नसक्ने सम्भावना छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा वा समाव्हानमा तोकिएको म्यादमा अभियुक्त अदालतमा उपस्थित नभएमा त्यस्तो अभियुक्तका हकमा अदालत वा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्न सक्छ।[१२७] यस अतिरिक्त मुद्दा हेर्ने निकाय समक्ष दाखिल गर्नु पर्ने कुनै लिखत वा दसी प्रमाण लुकाउने वा नास गर्ने सम्भावना छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा वा जारी भएको समाव्हानमा तोकिएको म्यादभित्र कुनै लिखत वा दसी प्रमाण अदालत वा मुद्दा हेर्ने निकायमा दाखिल नगरेमा त्यस्तो लिखत वा दसी प्रमाण दाखिल गर्नु पर्ने कर्तव्य भएको व्यक्तिलाई पक्राउ गरि उपस्थित गराउन पक्राउ पूर्जी जारी गर्न सकिन्छ।[१२८]

## क. समाव्हान जारी गर्ने

मुद्दा हेर्ने निकाय समक्ष उपस्थित हुन भनि अभियुक्त वा प्रतिवादीको नाउँमा समाव्हान जारी गर्दा बाटाको म्याद बाहेक २१ दिनको अवधि तोकी समाव्हान जारी गर्नुपर्छ।[१२९] समाव्हान जारी गर्दा उजुरीको व्यहोरा समेत खुल्ने गरि *परिशिष्ट-१०* बमोजिमको ढाँचामा सूचना पठाउनु पर्छ।[१३०] समाव्हान तामेल गर्न पठाउँदा तीन प्रति समाव्हान पूर्जी दिई कुनै प्रहरी कर्मचारी, मुद्दा हेर्ने निकायको कुनै कर्मचारी वा मुद्दा हेर्ने अधिकारीले तोकेको अन्य कुनै सरकारी कार्यालयद्वारा तामेल गराउन पठाउनु पर्छ।[१३१] मुद्दा हेर्ने निकायले आफूले जारी गरिएको समाव्हानको अभिलेख *परिशिष्ट-१०* बमोजिमको ढाँचामा राख्नु पर्छ।[१३२]

---

[१२७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ (३)

[१२८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ (४)

[१२९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९(१)

[१३०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७(७) र अनुसूची २२

[१३१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(१)

[१३२] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३० (१) र अनुसूची ११

आफ्नो क्षेत्रभन्दा बाहिरको अन्य कुनै क्षेत्रमा बसोबास गरिरहेको कुनै व्यक्तिलाई समाव्हान तामेल गर्नु पर्ने भएमा समाव्हान जारी गरिएको व्यक्ति बसोबास गरिरहेको क्षेत्रको सम्बन्धित निकायमा समाव्हान पठाई सो निकाय मार्फत तामेल गराउनु पर्छ र त्यस्तो निकायले पनि कानून बमोजिम समाव्हान तामेल गराई त्यसको एक प्रति समाव्हान जारी गर्ने निकायमा फिर्ता पठाइदिनु पर्छ।[१३३]

समाव्हान तामेल गर्दा *परिशिष्ट-११* बमोजिमको ढाँचामा तामेल गर्नुपर्छ।[१३४] समाव्हानको तामेलीको ढाँचालाई जारी हुने सम्बन्धित समाव्हानको पीठमा छपाउनु पर्छ।[१३५] समाव्हान तामेल गर्ने कर्मचारीले तामेली सम्बन्धी कार्य सम्पन्न गरेपछि कार्यालयमा हाजिर भएको भोलिपल्टसम्ममा तामेल भएको मिति र व्यहोरा उल्लेख गरि *परिशिष्ट-१२* बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्छ।[१३६]

## ख. समाव्हान तामेल गर्ने कार्यविधिः

### अ. व्यक्तिलाई तामेली

समाव्हान तामेल गर्दा सम्भव भएसम्म जुन व्यक्तिको नाममा समाव्हान जारी भएको हो सोही व्यक्तिलाई बुझाई तामेल गर्नुपर्छ।[१३७] सम्बन्धित व्यक्ति फेला नपरेमा वा फेला परे पनि निजले बुझी नलिएमा निजको एकाघरको कम्तीमा अठार वर्ष उमेर पुगिसकेको कुनै व्यक्तिलाई बुझाउन सकिन्छ।[१३८]

सम्बन्धित व्यक्ति वा एकाघरका व्यक्ति फेला नपरेमा वा फेला परेमा पनि निजले वा निजको एकाघरका व्यक्तिले पनि बुझी नलिएमा स्थानीय तहको सम्बन्धित वडाको सदस्य एक जना र कम्तिमा दुई जना स्थानीय व्यक्ति समेतको रोहवरमा राखी एक प्रति निजको घर दैलामा टाँसी एक प्रति म्याद सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बुझाई रोहवरमा बस्ने व्यक्तिहरुको सही गराई तामेल गर्ने व्यक्तिले

---

[१३३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(१५)

[१३४] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम २९(१) र अनुसूची १०

[१३५] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम २९(२)

[१३६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(१४), मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ नियम ३०(२) र अनुसूची १२

[१३७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(२)

[१३८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(३)

आफ्नो समेत सही गरि एक प्रति तामेली समाव्हान मुद्दा हेर्ने निकायमा दाखिला गर्नुपर्छ। यस्तो सूचना स्थानीय तहको सम्बन्धित वडा कार्यालयले आफ्नो सूचना पाटीमा टाँस गर्नुपर्छ।[१३९]

- **ठेगानामा बसोबास भएको नदेखिए**

समाव्हान जारी गरिएको व्यक्तिको समाव्हानमा उल्लिखित ठेगानामा बसोबास नभएको भन्ने कुरा स्थानीय तहको सम्बन्धित वडा समितिको कम्तीमा एक जना सदस्य र कम्तीमा दुई जना स्थानीय व्यक्तिहरुले प्रमाणित गरेमा निजको बसोबास भएको ठेगाना खुल्न सक्ने भए खुलाई र खुल्न नसक्ने भए सोही व्यहोरा जनाई समाव्हान मुद्दा हेर्ने निकायमा फिर्ता बुझाउनु पर्छ।[१४०]

यसरी समाव्हान फिर्ता भएकोमा मुद्दा हेर्ने निकायले वादी पक्षलाई समेत बुझी ठेगाना खुलाई नयाँ ठेगाना खुल्न आएमा त्यस्तो नयाँ ठेगानामा अर्को समाव्हान जारी गरि तामेल गराउर्नुपर्छ।[१४१]

### आ. नेपाल सरकार वा कुनै सङ्गठित संस्थाको पदाधिकारी वा कर्मचारीलाई तामेली

नेपाल सरकार वा कुनै सङ्गठित संस्थाको पदाधिकारी वा कर्मचारीका नाममा समाव्हान तामेल गर्नु परेमा त्यस्तो पदाधिकारी वा कर्मचारी वहाल रहेको कार्यालयमा समाव्हान तामेल गर्न सकिन्छ।[१४२]

यसरी कुनै समाव्हान तामेल गर्न पठाएकोमा त्यस्तो कार्यालय वा संस्थाको तत्काल उपलब्ध भएको प्रमुखले एक प्रति समाव्हान सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई बुझाई अर्को प्रतिमा तामेलीको व्यहोरा र मिति जनाई सम्भव भएमा सम्बन्धित पदाधिकारी वा कर्मचारीको सहीछाप गराई अदालतमा फिर्ता पठाउनु पर्छ। समाव्हान तामेल हुन नसकेमा सम्बन्धित कार्यालय वा संस्थाको सूचना पाटीमा टाँसी दिनु पर्छ। यसरी सूचना पाटीमा टाँसिएको प्रतिवेदन सम्बन्धित अदालत वा मुद्दा हेर्ने निकायमा दिनु पर्छ। यस बमोजिम समाव्हान तामेल गर्दा त्यस्तो पदाधिकारी वा कर्मचारी बिदामा

---

[१३९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(५)

[१४०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(६)

[१४१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(७)

[१४२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(८)

रहेकोमा सम्बन्धित कार्यालय वा संस्थाले यथाशीघ्र त्यस्तो कर्मचारीलाई त्यसरी समाव्हान तामेल भएको व्यहोराको सूचना दिनु पर्छ।[१४३]

### इ. सङ्गठित संस्थालाई तामेली

कुनै सङ्गठित संस्थाको नाममा समाव्हान तामेल गर्नु परेमा त्यस्तो समाव्हानको एक प्रति त्यस्तो संस्थाको प्रधान वा स्थानीय कार्यालयमा बुझाई सोको भरपाई अदालत वा मुद्दा हेर्ने निकायमा बुझाउनु पर्छ। स्थानीय कार्यालयमा समाव्हान तामेल भएकोमा सो समाव्हान त्यस्तो संस्थाको प्रधान कार्यालयमा तामेल भएको मानिन्छ।[१४४]

### इ. समाव्हान जारी भएको व्यक्ति विदेशमा रहेको भएमा

कुनै अदालतमा विचाराधीन रहेको कुनै कसूरको अभियुक्त विदेशमा रहे बसेको भए त्यस्ता व्यक्तिको नाममा **समाव्हान** जारी गर्नुपर्दा पारस्परिक कानून सहायता सम्बन्धी प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको नाममा समाव्हान तामेल गर्न सकिन्छ।[१४५] **समाव्हान** तामेल भएको सूचना नेपाल सरकारलाई प्राप्त भएमा सोको जानकारी सम्बन्धित अदालतलाई दिनु पर्छ।[१४६] यसरी जारी भएको **समाव्हान** तामेल हुन नसकेमा त्यस्तो **समाव्हान** नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन गरि वा विद्युतीय सञ्चार माध्यममा प्रसारण गरि तामेल गर्न सकिन्छ।[१४७]

यसरी तामेल भएको समाव्हानमा तोकिएको म्यादभित्र उपस्थित नहुने अभियुक्त वा प्रतिवादीको हकमा निजलाई पक्राउ गरि उपस्थित गराउनु पर्ने भन्ने अदालतलाई लागेमा पक्राउ पूर्जी जारी गर्न सक्छ।[१४८]

---

[१४३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(९) देखी (११)
[१४४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(१२) र (१३)
[१४५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६४(१)
[१४६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६४(२)
[१४७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६२ र दफा ६४(३)
[१४८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९(५)

## ग. समाव्हानको म्याद थामिने व्यवस्था

अदालत वा मुद्दा हेर्ने अधिकारीले अभियुक्त वा प्रतिवादीको नाउँमा अदालतमा उपस्थित हुन समाव्हान जारी गर्दा बाटाको म्याद बाहेक २१ दिनको अवधि तोकिएको हुन्छ। सो २१ दिनको म्यादभित्र उपस्थित हुन नसकेको कारण देखाई समाव्हानको म्याद थामी पाउन निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिब देखिएमा अदालत वा मुद्दा हेर्ने अधिकारीले एकपटकको लागि बढीमा पन्ध्र दिनसम्मको समाव्हानको म्याद थामी दिने आदेश दिन सक्छ।[१४९]

समाव्हानमा तोकिएको म्यादभित्र उपस्थित नहुने अभियुक्त वा प्रतिवादीको हकमा निजलाई पक्राउ गरि उपस्थित गराउनु पर्ने भन्ने अदालत वा मुद्दा हेर्ने अधिकारीलाई लागेमा पक्राउ पूर्जी जारी गर्न सक्छ। काबू बाहिरको परिस्थितिमा तोकिएको म्यादभित्र उपस्थित हुन नसकेको कारण देखाई अभियुक्तले निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिब ठहराएमा अदालत वा मुद्दा हेर्ने अधिकारीले **काबू बाहिरको परिस्थिति कायम रहेको अवधि** व्यतित भएको मितिले बाटोको म्याद बाहेक बढीमा पन्ध्र दिनसम्मको म्याद थामी दिने आदेश दिन सक्छ।[१५०] यस्तो निवेदन साथ काबू बाहिरको परिस्थिति उत्पन्न भएको व्यहोरा पुष्टि गर्न आवश्यक पर्ने प्रमाण संलग्न गर्नुपर्छ।[१५१]

**"काबू बाहिरको परिस्थिति कायम रहेको अवधि"** भन्नाले देहायको अवधिलाई जनाउँछ।

(क) अदालत वा मुद्दा हेर्ने निकायमा उपस्थित हुनु पर्ने व्यक्तिको कोही मृत्यु भई परम्परा अनुसार निज आफै किरिया वा किरिया सरहको शोकवरण गरि बस्नु परेको भए त्यस्तो व्यक्तिको मृत्यु भएको पन्ध्र दिन पुगेको मितिले बाटोको म्याद बाहेक ७ दिन,

(ख) अदालत वा मुद्दा हेर्ने निकायमा उपस्थित हुनु पर्ने व्यक्ति महिला भई सुत्केरी भएको भए सुत्केरी भएको मितिले बाटोको म्याद बाहेक साठी दिन,

(ग) अदालत वा मुद्दा हेर्ने निकायमा उपस्थित हुनु पर्ने म्यादभित्र खोलो पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्यूको घोषणा भएको वा अन्य कुनै कारणले

---

[१४९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९(३)

[१५०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९(५)

[१५१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९(७)

सार्वजनिक यातायातको साधन नचलेको भए बाटो खुलेको वा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

(घ) अदालत वा मुद्दा हेर्ने निकायमा उपस्थित हुनु पर्ने म्यादभित्र भूकम्प वा ज्वालामुखी जस्ता विपद् परेको भए त्यस्तो भएको मितिले बाटोको म्याद बाहेक दश दिन,

(ङ) अदालत वा मुद्दा हेर्ने निकायमा उपस्थित हुनु पर्ने व्यक्तिलाई कसैले अपहरण गरि लगेको वा शरीर बन्धक बनाएको भए त्यस्तो अपहरण वा बन्धकबाट मुक्त भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

(च) अदालत वा मुद्दा हेर्ने निकायमा उपस्थित हुनु पर्ने व्यक्ति कुनै दुर्घटनाको कारण अचेत वा हिँडडुल गर्न नसक्ने भई वा अशक्त विरामी भएको कारण हिँडडुल गर्न नसक्ने भई नेपाल सरकारबाट स्वीकृत अस्पतालमा भर्ना भई उपचार गराएकोमा तीन महिनाभन्दा बढी नहुने गरि अस्पतालबाट डिस्चार्ज नभएसम्मको अवधि।[१५२]

कोभिड-१९ महामारीको सन्दर्भमा लकडाउन घोषणा भएको अवधिलाई शून्य समय मानी सो अवधिमा हदम्याद, म्याद तारिख नगुज्रने गरि सर्वोच्च अदालतबाट मिति २०७७ साल जेठ १५ गते अदालतको प्रतिवेदन समेतमा भएको आदेश यस प्रसँगमा सान्दर्भिक छ।[१५३]

खण्ड (क) र (ङ) को अवस्थामा सम्भव भएसम्म सम्बन्धित व्यक्तिले अदालत वा मुद्दा हेर्ने निकायलाई सोको सूचना तुरुन्त दिनु पर्छ।[१५४]

---

[१५२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ को उपदफा (५)को स्पष्टीकरण

[१५३] प्रतिवेदन नं ०७६-RE-०३९२ र ०७६-WO-०९४४, आदेश मिति २०७७।०२।१५

[१५४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ (६)

# परिच्छेदः ७
# तारिख सम्बन्धी व्यवस्था

मुद्दाका पक्षलाई अदालत वा मुद्दा हेर्ने निकायमा उपस्थित हुनु भनि किटान गरि तोकिएको दिनलाई तारिख भनिन्छ। मुद्दाको कारवाहीको प्रत्येक चरणमा मुद्दाका पक्षको उचित प्रतिनिधित्व र सहभागिता गराउने उद्देश्यको लागि अदालत वा मुद्दा हेर्ने निकायले मुद्दाका पक्षलाई तारिख तोक्ने गर्छ। यसरी तारिख तोक्दा मुद्दाको काम र प्रयोजन समेत तारिख भरपाई र तारिख पर्चामा खुलाउनु पर्दछ। मुद्दाका पक्षले तोकिएको दिनमा तारिख भरपाईमा सहिछाप गरेमा सो तारिखमा अदालत वा मुद्दा हेर्ने निकायमा उपस्थित भएको मानिन्छ।

फौजदारी मुद्दामा तारिख सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा कानूनी व्यवस्था गरिएको छ। संहिताको परिच्छेद ८ मा दफा ८१ मा कारण खुलाई तारिख तोक्ने, दफा ८२ मा तारिख किताब र तारिख भरपाई, दफा ८३ मा तारिख पर्चा, दफा ८४ मा तारिख तोक्दा पक्षहरुलाई सुविधा हुने किसिमले तोक्नु पर्ने, दफा ८५ मा तोकिएको तारिखका दिन उपस्थित हुनुपर्ने, दफा ८६ मा तारिखको दिन मुद्दाका पक्ष अनुपस्थित भएमा त्यसको परिणाम र दफा ८८ मा प्रमाण बुझिसकेपछि तारिखमा नबसे पनि हुने व्यवस्थाहरु छन्।

## क. तारिख तोक्दा विचार गर्ने कुराहरुः

### १. तारिख, तारिख किताब, तारिख पर्चा तथा तारिख भरपाई

अदालत वा मुद्दा हेर्ने निकायमा तारिखको अभिलेख प्रयोजनका लागि तारिख किताब रहन्छ। पक्षलाई जानकारीको लागि तारिख पर्चा दिईन्छ। मिसिलमा तारिख भरपाई रहन्छ। यस्तो तारिख किताब, तारिख पर्चा तथा तारिख भरपाईको ढाँचा समेत तोकिएको छ। तारिख किताब, तारिख पर्चा र तारिख भरपाई तोकिएको ढाँचामा राख्नु पर्छ।

तारिख किताबको ढाँचा *परिशिष्ट-१३* बमोजिम हुनुपर्छ।[१५५] तारिख किताबमा कुन प्रयोजनको लागि कहिलेको तारिख तोकिएको हो त्यस्तो व्यहोरा जनाई सम्बन्धित कर्मचारीले सहीछाप गर्नुपर्छ। मुद्दामा उपस्थित पक्षहरुको सहीछाप गराई *परिशिष्ट-*

---

[१५५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८२(१) र अनुसूची ३३

*१४* बमोजिम तारिख भरपाई खडा गरि मिसिल सामेल राख्नु पर्छ।[१५६] नेपाल सरकार वादी भएको मुद्दामा नेपाल सरकारलाई तारिखमा राख्नु पर्दैन।

तोकिएको तारिखका दिन कुनै पक्ष अदालतमा उपस्थित नभएमा सम्बन्धित कर्मचारीले त्यस्तो कुरा तारिख भरपाईमा जनाई सहीछाप गर्नुपर्छ।

प्रत्येक मुद्दाका पक्षहरुलाई *परिशिष्ट-१५* बमोजिम ढाँचामा तारिख पर्चा दिनु पर्छ। तारिख पर्चामा कुन प्रयोजनको लागि कहिलेको तारिख तोकिएको हो त्यस्तो कुरा जनाई सम्बन्धित कर्मचारीले सहीछाप गर्नुपर्छ।[१५७]

## २. तारिख तोक्दा प्रयोजन उल्लेख गर्नु पर्ने

तारिख तोक्दा मुद्दाका पक्षहरुको उपस्थितिमा गर्नु पर्ने प्रत्येक काम खुलाई तोक्नु पर्छ। प्रत्येक तारिखका दिन सम्पादन हुने काम तारिख पर्चामा खुलाउनु पर्छ। तारिख तोकिएको दिन तोकिएको काम सम्पादन हुनु पर्छ। तोकिएको तारिखमा कुनै कारणबस तोकिएको काम हुन नसकेमा त्यसको कारण खुलाई आदेश पर्चा खडा गरि अर्को तारिख तोक्न सकिन्छ।

मुद्दाको सुनुवाई वा कारवाहीको लागि तारिख तोकिएको सूचना सम्बन्धित सरकारी वकीलको कार्यालयलाई दिनु पर्छ।[१५८]

## ३. तारिख तोक्दा पक्षहरुलाई सुविधा हुने किसिमले तोक्नु पर्ने

मुद्दामा कुनै प्रयोजनको लागि तारिख तोक्दा यथासम्भव मुद्दाका पक्षहरुको सुविधा र तोकिएको काम हुन सक्ने वा नसक्ने कुरालाई विचार गरि तोक्नु पर्छ। तारिख तोक्दा मुद्दाको कारवाही सम्बन्धमा तोकिएको कार्यतालिका अनुसार तोक्नु पर्छ।[१५९]

---

[१५६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८२(२) र अनुसूची ३४

[१५७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८३ र अनुसूची ३५

[१५८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८१

[१५९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८४

## ख. तारिखमा अनुपस्थिति र तारिख थमाउने

### १. तारिख तोकेको दिन सार्वजनिक बिदा परेमा

अदालतले तारिख तोकेको दिन सार्वजनिक बिदा परी अदालत नखुलेमा सार्वजनिक बिदा समाप्त भएको भोलिपल्टको दिन तारिख तोकिएको मानिन्छ।[१६०] यस अर्थमा सार्वजनिक बिदाको अवधीमा तारिख गुज्रेको मानिँदैन।

### २. तारिखमा हाजिर हुनु पर्ने व्यक्ति थुनामा परेमा

तोकिएको तारिखको दिन उपस्थित हुनु पर्ने व्यक्ति कुनै व्यहोराले थुनिएको वा कैद परेको रहेछ भने आफू थुना वा कैदमा परेको कारागार मार्फत त्यस्तो कुराको सूचना सम्बन्धित अदालतमा पठाउनु पर्छ। यसरी सूचना दिएमा थुना वा कैदमा रहेको अवधिभर त्यस्तो व्यक्तिले तारिख गुजारेको मानिँदैन। थुनिएको वा कैद परेको व्यक्तिले त्यसको सूचना दिएमा पुर्पक्षका बखत निजलाई उपस्थित गराउन सम्बन्धित कारागारलाई आदेश दिन सकिन्छ।[१६१]

### ३. गुज्रेको तारिख थमाउने व्यवस्था

कुनै कामका लागि उपस्थित हुन तारिख तोकिएको दिनमा अभियुक्त वा प्रतिवादी अदालतमा उपस्थित हुनुपर्छ। तोकिएको तारिखका दिन काबूबाहिरको परिस्थिति उत्पन्न भई अदालतमा उपस्थित हुन नसकेको कारण देखाई मुद्दाका कुनै पक्षले निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिब देखिएमा अदालतले बढीमा दुई पटकसम्म एक्काईस दिनसम्मको गुज्रेको तारिख थामिदिने आदेश दिन सक्छ।[१६२]

### ४. गुज्रेको तारिख दिनको गणना

मुद्दाका पक्षले म्याद गुजारेकोमा थमाउनको लागि दिन गणना गर्दा तारिख गुज्रेको दिनको भोलिपल्टदेखि थमाउन पाउने दिनसम्मको दिन गणना गर्नुपर्छ।[१६३]

---

[१६०] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३४

[१६१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८५

[१६२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८५

[१६३] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३३(२)

## ५. तारिख गुजारेको परिणाम

तोकिएको तारिखका दिनमा कुनै पक्ष अदालतमा उपस्थित नभएमा सम्बन्धित फाँटवाला कर्मचारीले तारिख भरपाईमा तारिख गुजारेको व्यहोरा जनाई दस्तखत गरि आफूभन्दा माथिल्लो तहको अधिकृतबाट प्रमाणित गराउनु पर्छ।[१६४]

मुद्दाको कुनै पक्ष तोकिएको तारिखको दिन हाजिर नभएमा निजले थमाउने म्यादको हिसाव गरि अर्को तारिख तोक्नु पर्छ। अर्को तारिख तोकिएको दिन वा सोभन्दा अगावै मुद्दाको पक्ष उपस्थित भई काबू बाहिरको कुनै परिस्थिति परेकोले अघिल्लो तारिखमा उपस्थित हुन नसकेको कुनै मनासिब कारण देखाई निवेदन दिएमा अदालतले निजको तारिख थामी कानून बमोजिम मुद्दाको किनारा गर्नुपर्छ।[१६५]

कुनै अभियुक्त पहिले तोकिएको तारिखमा अनुपस्थित रहेछ र निजलाई पक्राउ गरि अदालतमा उपस्थित गराउन पर्ने अदालतलाई लागेमा पक्राउ पूर्जी जारी गरि त्यस्तो अभियुक्तलाई पक्राउ गर्न र त्यस्तो अभियुक्तको सम्पत्ति रोक्का गर्न समेत आदेश दिन सक्छ। यस्तो आदेश दिएकोमा त्यस्तो आदेश बमोजिम सम्बन्धित प्रहरी कर्मचारीले अभियुक्तलाई पक्राउ गर्न र सम्बन्धित मालपोत कार्यालय वा अन्य निकाय वा संस्थाले अभियुक्तको सम्पत्ति रोक्का राख्नु पर्छ।[१६६]

### ग. प्रमाण बुझिसकेपछि तारिखमा नबसे पनि हुने

प्रमाण बुझिसकेपछि कुनै पक्ष तारिखमा बस्न नचाहेमा निजले त्यसको अनुमतिको लागि अदालतमा निवेदन दिन सक्छ। यस्तो निवेदन परेमा अदालतले निजलाई तारिखमा राख्न आवश्यक नदेखिए निजको तारिख टुटाइदिन सक्छ।[१६७]

---

[१६४] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३५

[१६५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८६

[१६६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८७

[१६७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८८

# परिच्छेद - ८
# प्रमाण प्रस्तुत र परीक्षण

अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष कुनै मुद्दा वा विवाद सम्बन्धमा न्याय निरुपणको सिलसिलामा वादी वा प्रतिवादीले आफ्नो दाबीलाई समर्थित हुने गरि कानून बमोजिम मान्यता प्राप्त प्रमाण लाग्ने वस्तु वा लिखत पेश गर्नुलाई प्रमाण प्रस्तुत भनिन्छ।

ती प्रमाण लिखित रुपमा, मौखिक रुपमा, साक्षीको रुपमा, दसीको रुपमा, विशेषज्ञको बकपत्रको रुपमा, सार्वजनिक लिखत, बहि, खाता, श्रेस्ता, खास प्रकारको तथ्याङ्क, सूचीपत्र, निस्सा, प्रतिवेदन, फोटो, भिडियो र अनुसन्धानको सिलसिलामा तयार गरिएका लिखतको रुपमा अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष न्यायिक निरुपणका लागि पेश गर्ने वा जानकारी गराउने कार्य नै प्रमाण प्रस्तुतीकरण हो।

प्रमाण दुई प्रकारका हुन्छन। लिखित प्रमाण र मौखिक प्रमाण। यस परिच्छेदमा यी दुवै प्रकारका प्रमाणहरुको स्वरुप प्रकृति र यीनका परीक्षणका बारेमा चर्चा गरिएको छ।

## क. लिखित प्रमाण

लिखित भनेको लेखिएको भनिएको हो। कुनै कुरा लेखेर अभिव्यक्त भई लिखित रुपमा अभिव्यक्त भएको कुरालाई प्रमाणित गर्न त्यस्तो लिखत प्रस्तुत गरिएको छ भने त्यो लिखित प्रमाण हो। केही कुरामा लेखिएको वा अङ्कित गरिएको वा चित्रण गरिएको कुनै कुरा जो पढ्दा वा हेर्दा केही अर्थ लाग्छ त्यसलाई लिखत भन्न सकिन्छ। (Anything written or marked or inscribed on any substance or document, which conveys any idea meaningful to other who reads it, is regarded as document)

कुनै पनि विषयको मनसाय व्यक्त गर्ने शब्दहरुको समूह, अक्षर, अंङ्क तथा चिन्हहरु द्वारा कुनै विषयमा लेखबद्ध गरि काममा प्रयोग हुन सक्ने वा प्रयोगमा ल्यउने मनसायले गरिएको कागजपत्र जुन कागजपत्र अदालतले प्रमाणको रुपमा ग्रहण गर्दछ भने त्यस्ता कागजपत्रलाई नै लिखित प्रमाण भनिन्छ। उदाहरणको लागि मुद्दासँग सम्बन्धित तमसुक, भरपाई, मञ्जुरनामा, पोष्टर, चित्र, नक्सा, फोटो, शिलापत्र, ताम्रपत्र वा प्रत्यक्ष चित्रण आदिलाई लिन सकिन्छ।

नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० ले लिखत शब्दले अक्षर, अंङ्क तथा चिन्हहरु द्वारा कुनै विषयलाई लेखबद्ध गर्ने कामको निमित्त प्रयोग हुन सक्ने वा प्रयोगमा ल्याउने मनसायले गरिएको उक्त साधनमध्ये एक वा एक भन्दाबढी साधनद्वारा कुनै पनि वस्तुमा लेखिएको, प्रकट गरिएको तथा वर्णन गरिएको विषयलाई लिईने छ भनि परिभाषा गरेको छ।[१६८] सो ऐनले लिखित शब्दले छापिएको, लिथो गरिएको, तस्बीर खिचिएको र अरु कुनै प्रकारले देखिने बुझिने आकारमा लेखिएका शब्दहरुलाई समेत सम्झनु पर्दछ भन्ने समेत परिभाषा गरेको छ।[१६९]

प्रमाण ऐन २०३१ले "लिखत" भन्नाले डिजिटल वा विद्युतीय अभिलेखमा रहेका कुनै विषय वा त्यसको छापिएको वा भण्डारण गरिएको अप्टिकल वा इलेक्ट्रो–म्याग्नेटिक स्वरुपमा रहेको वा प्रकाशित वा पुनःप्रकाशित भएको डिजिटल वा विद्युतीय सामग्री वा त्यस्ता सामग्रीका प्रतिलिपिलाई समेत जनाउँछ[१७०] भनि परिभाषा गरेको छ।

कुनै लिखत वा लिखतमा उल्लेख भएको कुरा सो लिखत नै पेश गरि प्रमाणित गर्नुपर्छ।[१७१] लिखत नै पेश गरि प्रमाणित गर्नु पर्ने यस व्यवस्थाका केही अपवादहरु पनि छन्। कुनै लिखत वा लिखतमा उल्लेख भएको कुनै कुरा देहायका अवस्थामा सो लिखतको फोटो, प्रतिलिपि वा कानूनबमोजिम प्राप्त रीतपूर्वकको नक्कल वा मौखिक प्रमाणद्वारा प्रमाणित गर्न सकिन्छ।[१७२] पक्षले कानूनबमोजिम रीतपूर्वकको नक्कल प्राप्त गर्न सक्ने अवस्थामा भने त्यस्तो नक्कल पेश गर्न अनिवार्य हुन्छ। नेपाल सरकारबाट भएका निर्णय वा आदेश वा राखिएका अभिलेख प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित अधिकृतद्वारा प्रमाणित गरिएको लिखत पेश गरि प्रमाणित गर्न हुन्छ।[१७३]

(क) लिखत जुन व्यक्तिका विरुद्ध प्रमाण लगाउन खोजिएको हो, सो व्यक्तिका साथमा छ भन्ने प्रमाणित भएमा, वा

---

[१६८] नेपाल कानून व्याख्या सम्बन्धी ऐन,२०१० को दफा २(घ)

[१६९] नेपाल कानून व्याख्या सम्बन्धी ऐन,२०१० को २(ल)

[१७०] प्रमाण ऐन, २०३१ को दफा ३५(१) को स्पष्टीकरण

[१७१] प्रमाण ऐन, २०३१ को दफा ३५(१)

[१७२] प्रमाण ऐन, २०३१ को दफा ३५(२)

[१७३] प्रमाण ऐन, २०३१ को दफा ३५(३)

(ख) लिखत जुन व्यक्तिका साथमा छ सो व्यक्तिलाई अदालतले म्याद जारी गर्न नसक्ने अवस्था भएमा वा म्याद तामेल भएर पनि सो व्यक्तिले लिखत पेश नगरेमा, वा

(ग) लिखत हराएको वा नाशिएको प्रमाणित भएमा, वा

(घ) लिखत सजिलैसँग उठाएर ल्याई अदालतमा पेश गर्न नसकिने र

(ङ) लिखतको प्रकृतिबाटै सो लिखत पेश गर्न चाहने पक्षसँग नरहने अवस्थाको भएमा।

## ख. मौखिक प्रमाण

घटनाको विषयमा जानकारी भएको शारीरिक, मानसिक रुपले स्वस्थ र कानूनले निषेध नगरेको व्यक्ति र अपराधमा मतियार भएको व्यक्ति जो स्वयं प्रत्यक्ष रुपमा अदालतमा उपस्थित भई सोधिएको प्रश्न बुझ्न सक्ने, उत्तर दिन सक्ने व्यक्तिको भनाईलाई अदालतले प्रमाणको रुपमा ग्रहण गर्दछ वा प्रमाणको रुपमा अदालतले आवश्यक ठानेमा बुझ्ने कार्य गर्दछ भने त्यस्तो व्यक्तिलाई साक्षी प्रमाण भनिन्छ।

कुनै लिखत वा लिखतमा उल्लेख भएको कुरा सो लिखत नै पेश गरि प्रमाणित गर्नुपर्छ। कुनै कुरा प्रमाणित गर्न लिखत नै पेश गर्नुपर्ने अवस्थामा बाहेक अन्य अवस्थामा मौखिक प्रमाणद्वारा प्रमाणित गर्न हुन्छ।[१७४] कुनै लिखत दाबी लिने पक्षसँग हुन नसक्ने अवस्था अर्थात् लिखत जुन व्यक्तिका विरुद्ध प्रमाण लगाउन खोजिएको हो, सो व्यक्तिका साथमा छ भन्ने प्रमाणित भएमा, वा लिखत जुन व्यक्तिका साथमा छ सो व्यक्तिलाई अदालतले म्याद जारी गर्न नसक्ने अवस्था भएमा वा म्याद तामेल भएर पनि सो व्यक्तिले लिखत पेश नगरेमा, वा लिखत हराएको वा नासिएको प्रमाणित भएमा, वा लिखत सजिलैसँग उठाएर ल्याई अदालतमा पेश गर्न नसकिने अवस्था वा लिखतको प्रकृतिबाटै सो लिखत पेश गर्न चाहने पक्षसँग नरहने अवस्थाको भएमा त्यसलाई मौखिक प्रमाणद्वारा प्रमाणित गर्न हुन्छ।[१७५]

मौखिक प्रमाण प्रत्यक्ष हुनुपर्छ। देख्न, सुन्न वा कुनै इन्द्रियको सहायताले थाहा पाउन सकिने कुनै कुरालाई प्रमाणमा दिन खोजिएको भए, सो कुरा प्रत्यक्ष देख्ने, सुन्ने वा थाहा पाउने व्यक्तिले त्यस सम्वन्धमा मौखिक प्रमाण दिएको हुनुपर्छ।[१७६] मौकामा

---

[१७४] प्रमाण ऐन, २०३१ को दफा ३७ (१)

[१७५] प्रमाण ऐन, २०३१ को दफा३५(३)

[१७६] प्रमाण ऐन, २०३१ को दफा ३७(२)

व्यक्त गरेको कुरा, मृत्युकालीन घोषणा, वा खास अवस्थाका व्यक्तिले व्यक्त गरेको खास खास कुराहरू प्रमाणमा लिन सो कुरा व्यक्त हुँदाकै अवस्थामा सुन्ने वा थाहा पाउने व्यक्तिले साक्षीको रूपमा उपस्थित भई अदालत समक्ष दिएको मौखिक प्रमाणलाई पनि यस् प्रयोजनको लागि प्रत्यक्ष प्रमाण मानिन्छ।[१७७]

अदालतले पक्षहरूले आफ्नो दाबी वा जिकिरसाथ पेस गरेका प्रमाणहरूको परीक्षण गर्ने हुँदा यस्तो मौकामा कागज गर्ने व्यक्तिले अदालतमा बकपत्र गर्दा आफ्नो मौकाको भनाइलाई पुष्टि गर्न सक्दछ तर थप नयाँ भनाइ राख्न पाउँदैन र यदि नयाँ कुरा भनेमा सो हदसम्म प्रमाणमा ग्राह्य हुँदैन।[१७८]

## ग. प्रमाणको प्रस्तुति

फौजदारी मुद्दामा वादीले उजुरी अभियुक्तले निजको बयानमा आफ्ना सबै साक्षी, लिखत र दसी प्रमाण उपलब्ध भएसम्म खुलाउनु पर्छ।[१७९] खुलाएको लिखत वा दसी प्रमाणको प्रकृतिबाट आफूसँग रहनु पर्ने वा आफूले प्राप्त गर्न सक्ने लिखत वा दसी प्रमाण वादीले उजुरीका साथ र अभियुक्तले बयान गर्दाका बखत पेश गर्नुपर्छ।[१८०] अभियुक्तले बयान गर्दा तत्काल पेश गर्न नसकिने कुनै लिखत वा दसी प्रमाण पेश गर्ने अर्को तारिख तोकी पाउँ भनि अनुरोध गरेमा अदालतले बढीमा एक महिनासम्मको अर्को तारिख तोक्न सक्छ। [१८१]

### १. वादी प्रतिवादीवीच छलफल गराउन सक्नेः

अभियुक्तले अभियोगपत्रमा लगाइएको कसूर इन्कार गरेको अवस्थामा अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्नको लागि वादी तथा प्रतिवादीवीच छलफल गराउने आदेश दिन सक्छ।[१८२] यसरी छलफल गराउन आदेश भएकोमा त्यसरी छलफल गर्ने

---

[१७७] प्रमाण ऐन, २०३१ को दफा ३७(२) को स्पष्टीकरण

[१७८] नेपाल कानून पत्रिका, २०७५ अङ्क ३ नि नं ९९७८

[१७९] प्रमाण ऐन, २०३१ को दफा ३७(ख) र मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ९९(१)

[१८०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९९(२)

[१८१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९९ (३) (क)

[१८२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२४(१)

भनि निर्धारण गरिएको दिन वादी, प्रतिवादी अदालतमा उपस्थित हुनु पर्छ र अभियुक्तले चाहेमा निजको कानून व्यवसायी समेत उपस्थित हुन पाउँछन्।[१८३]

यस्तो छलफलमा वादीले दाबी र प्रतिवादीले प्रतिवाद र तत्सम्बन्धी प्रमाण प्रस्तुत गर्न सक्छन्।[१८४] वादी प्रतिवादीले पेश गरेको दाबी, प्रतिबाद तथा प्रमाणबाट अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्न सक्छ।[१८५]

**२. प्रमाण बुझ्न तारिख तोक्नेः**

अदालतले मुद्दामा ठहर गर्नुपर्ने भनि यकिन भएको ठहर गर्नु पर्ने कुराहरु समेत खुलाई आदेश पर्चा खडा गरि प्रमाण बुझ्ने तारिख तोक्नु पर्छ। प्रमाण बुझ्ने तारिख तोक्दा अदालतले साक्षीहरु उपस्थित हुन र प्रमाणका लिखत तथा वस्तुहरु पेश हुन सक्ने समयको अनुमान गरि सम्भव भएसम्म चाँडो प्रमाण सङ्कलन हुन सक्ने गरि तोक्नु पर्छ। प्रमाण बुझ्नको लागि तारिख तोक्ने आदेश गर्दा मुद्दामा बुझ्नु पर्ने सबै प्रमाणहरु सम्भव भएसम्म एकै पटक बुझ्ने आदेश गरि तारिख तोक्नु पर्छ।

यस्तो आदेश भए पछि मुद्दाका सम्बन्धित पक्षले आफूले पेश गर्नु पर्ने प्रमाण वा उपस्थित गराउनु पर्ने साक्षी अदालतमा तोकिएको तारिखका दिन पेश वा उपस्थित गराउनु पर्छ।[१८६]

**३. कैद वा थुनामा परेको साक्षीको उपस्थितिः**

मुद्दाको कुनै साक्षी कैद वा थुनामा रहेको भए निजको बकपत्र गराउनको लागि तोकिएको तारिखको दिन निजलाई उपस्थित गराउन कारण खोली अदालतले सम्बन्धित कार्यालय (वन, निकुञ्ज, आरक्षण कार्यलय) वा कारागार लाई आदेश दिनु पर्छ।

यस्तो आदेश प्राप्त भएपछि सम्बन्धित कार्यालयले सुरक्षाकर्मीको साथ लगाई त्यस्तो साक्षीलाई अदालतमा उपस्थित गराउनु पर्छ। त्यस्तो साक्षीलाई सुरक्षाको कारणले वा शारीरिक अशक्तताको कारणले अदालत समक्ष उपस्थित गराउन नसकिने मनासिब कारण भए त्यस्तो कार्यालयले अदालतको अनुमति लिई श्रव्य दृष्य सम्वाद (भिडियो

---

[१८३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२४ (२)

[१८४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२४ (३)

[१८५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को को दफा १२४ (४)

[१८६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२५

कन्फरेन्स) निजलाई बुझ्ने व्यवस्था गर्न सक्छ। श्रव्य दृष्य सम्वाद मार्फत (भिडियो कन्फरेन्स) बुझिएकोमा निजले भनेको कुरा अभिलेख राख्नु पर्छ।[१८७]

**४. सक्कल लिखत प्रमाण झिकाउनेः**

मुद्दाको कुनै पक्षले सक्कल लिखत प्रमाण अन्य निकाय वा व्यक्तिसँग रहेकोले पेश गर्न नसक्ने कारण देखाई अदालतबाटै झिकाई पाउँ भनि अनुरोध गरेमा अदालतले आवश्यक देखेमा त्यस्तो प्रमाण झिकाउने आदेश गर्न सक्छ।[१८८]

**५. साक्षीको उपस्थितिः**

अदालतले तोकेको दिन सम्बन्धित पक्षले आफ्नो साक्षी उपस्थित गराउनु पर्छ। कुनै खास मुद्दामा त्यस्तो मुद्दा दायर गर्दाकै बखत प्रतिवादी उपस्थित भई वादी वा प्रतिवादी वा दुवै पक्षले आ–आफ्ना साक्षी वा विशेषज्ञ अदालतमा उपस्थित गराउन सक्छ।[१८९] वन्यजन्तु सम्बन्धी मुद्दामा अदालतले वादी पक्षको साक्षी उपस्थित गराउन सम्बन्धित कार्यालयलाई आदेश दिन्छ र सो कार्यालयले तोकिएको दिन सरकारी वकील मार्फत अदालतमा साक्षी उपस्थित गराउनु पर्छ।

साक्षीलाई बकपत्रको लागि तोकिएको दिन अदालत समक्ष निवेदन साथ उपस्थित गराउनु पर्छ। उपस्थित गराइएका साक्षीको पहिचान खुल्ने कागजात समेत पेश गर्नुपर्छ। थुनामा रहेको मुद्दाको पक्षले अदालतले तोकेको दिन आफ्नो साक्षीलाई उपस्थित गराउन नसक्ने कारण देखाई अदालतबाट समाव्हान जारी गरि बुझी पाउँ भनि बयान गर्दा माग गरेमा र सो व्यहोरा मनासिब देखिएमा अदालतले त्यस्तो साक्षीका नाउँमा बकपत्र हुने मिति तोकी समाव्हान जारी गरि झिकाई बुझ्न सक्छ।[१९०] अदालतले उचित ठानेमा श्रव्य—दृश्य संवाद मार्फत् पनि मौखिक प्रमाण बुझ्न सक्छ।[१९१]

[१८७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२६

[१८८] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५२

[१८९] प्रमाण ऐन, २०३१ को दफा को दफा ३७ (ग) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०१ (१)

[१९०] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५३ (१) (२)र (३)

[१९१] प्रमाण ऐन, २०३१ को दफा ३७ (क)

हस्ताक्षर, ल्याप्चे, विदेशी कानून, विज्ञान, रीति रिवाज, कला, वैज्ञानिक वा प्राविधिक रुपमा परीक्षण हुनु पर्ने विषय वा यस्तै अन्य विषय सम्बन्धी कुरा यकिन गर्नुपर्ने हुन आएमा अदालतले त्यस सम्वन्धमा विशेष दक्षता, अनुभव, वा तालीम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकपत्र गराउन हुन्छ।[१९२]

विशेषज्ञ साक्षीको बकपत्रको लागि तोकिएको दिन बकपत्र गर्न उपस्थित हुन नसक्ने भई सोही व्यहोराको लिखित जानकारी प्राप्त भएमा अदालतले त्यस्तो विशेषज्ञलाई उपयुक्त समयमा बकपत्रको लागि उपस्थित हुन आदेश दिन सक्छ। कुनै मुद्दामा विशेषज्ञ राय व्यक्त गर्ने विशेषज्ञको मृत्यु भएमा वा अन्य कुनै कारणले निजलाई बुझ्न सक्ने अवस्था नभएमा र विशेषज्ञलाई नबुझी नहुने भएमा सोही विषयको अर्को विशेषज्ञबाट विशेषज्ञ राय बुझ्न सकिन्छ।[१९३]

## घ. साक्षी परीक्षण

### १. साक्षी हुन सक्ने व्यक्ति

कलिलो उमेर, अति बृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनि अदालतले ठहराएको व्यक्ति बाहेक मतियार वा सहअभियुक्त लगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्छ।[१९४] बोल्न असमर्थ भएका व्यक्तिले अरूले बुझ्न सक्ने गरि लेखेर वा इशाराद्वारा साक्षी गवाही दिन सक्छ।[१९५]

सर्वोच्च अदालतले साक्षीको योग्यता अदालतबाट निजलाई सोधिएको प्रश्न बुझ्न सक्ने र सोको युक्तियुक्त जवाफ दिन सक्ने हुनुपर्दछ भनेको छ। यो कानूनी व्यवस्थाको प्रयोजनार्थ आफूबाट के कुरा जान्न खोजिएको हो सो बुझ्न सक्ने हुनुको साथै निजले सो सोधिएको प्रश्नलाई समुचित ढङ्गले सम्बोधन गरेको छ भन्ने न्यायाधीशलाई लागेमा त्यस्तो साक्षीको बकपत्रलाई प्रमाणमा लिन हुन्छ। प्रमाण ऐन, २०३१ को दफा ३८ ले योग्य साक्षी हुन कुनै उमेरको छेकवार लगाएको छैन। कम उमेरका नाबालिगसमेत

---

[१९२] प्रमाण ऐन, २०३१ को दफा ५२

[१९३] प्रमाण ऐन, २०३१ को दफा ५२ (क)

[१९४] प्रमाण ऐन, २०३१ को दफा ३८

[१९५] प्रमाण ऐन, २०३१ को दफा ३९

निजलाई गरिएको प्रश्नले के मागेको छ बुझ्नसक्ने हुनु र त्यस प्रश्नको जिज्ञासालाई समुचितरूपमा समाधान गर्नसक्ने क्षमता हुनु नै योग्य साक्षी हुन पर्याप्त हुन्छ।[१९६]

## २. साक्षी हुन कर नलाग्ने

प्रमाण ऐनले केही विशेष अवस्था वा नाता वा पदीय हैसियत धारण गरेका व्यक्तिहरुलाई कुनै विशेष सन्दर्भमा साक्षी हुन कर नलाग्ने गरि उन्मुक्ती प्रदान गरेको छ। सो सम्बन्धमा निम्न व्यवस्था गरेको देखिन्छ।

**अ. आमा, बाबु, छोरा, छोरी, पति वा पत्नीः** कुनै पक्षका विरुद्ध गवाही दिन निजको आमा, बाबु, छोरा, छोरी, पति वा पत्नीलाई कर लाग्दैन।[१९७] पतिले पत्नीलाई वा पत्नीले पतिलाई निजको दाम्पत्य सम्बन्ध कायम रहेको अवस्थामा व्यक्त गरेको कुनै कुरा प्रकट गर्न वा त्यस्तो अवस्थामा एक आपसमा भएका पत्राचार प्रस्तुत गर्न कर लाग्दैन।[१९८] त्यस्तो कुरा व्यक्त गर्न वा त्यस्तो पत्राचार प्रस्तुत गर्न त्यस्तो पति वा पत्नीले स्वीकृति नदिएसम्म त्यस्तो कुरा प्रकट गर्न वा प्रस्तुत गर्न सकिँदैन। पति र पत्नीबीच परेको कुनै मुद्दामा वा त्यस्तो पति वा पत्नीका विरुद्ध गरेको कुनै कसूरको सिलसिलामा नेपाल सरकार वादी भई चलेको कुनै फौजदारी मुद्दामा भने यो प्रतिबन्ध छैन।[१९९]

**आ. न्यायाधीशः** माथिल्लो तहको अदालतबाट अन्यथा आदेश भएमा बाहेक कुनै व्यक्तिले अदालतमा न्यायाधीशको हैसियतले गरेको कुनै कार्य वा थाहा पाएको कुनै कुराका सम्वन्धमा सोधिएको कुनै प्रश्नको जवाफ दिन निजलाई कर लाग्दैन। न्यायाधीशको हैसियतले काम गर्दा निजसँग अदालतमा भएको कुनै घटना वा अन्य कुनै कुराका निजलाई साक्षीको रूपमा बुझ्न हुन्छ।[२००]

**इ. सरकारी कार्यालयमा रहेका अप्रकाशित सरकारी लिखतका कुराः** विभागीय प्रमुखले अनुमति दिए बाहेक कुनै व्यक्तिले सरकारी कार्यालयमा रहेका सरकारी

[१९६] नेपाल कानून पत्रिका, २०७० अङ्क ६ नि नं ९०२२
[१९७] प्रमाण ऐन, २०३१ को दफा ४०
[१९८] प्रमाण ऐन, २०३१ को दफा ४१ (१)
[१९९] प्रमाण ऐन, २०३१ को दफा ४१ (२)
[२००] प्रमाण ऐन, २०३१ को दफा ४२

कामकाज सम्बन्धी अप्रकाशित गोप्य लिखत पेश गर्न वा त्यसको कुनै कुरा प्रकट गर्न हुँदैन।[२०१]

**ई. सरकारी कर्मचारीः** कुनै सरकारी कर्मचारीले पदीय विश्वासमा थाहा पाएको जानकारी प्रकट गर्दा जनहित विरुद्ध हुन्छ भन्ने निजलाई लागेमा सो जानकारी प्रकट गर्न निजलाई कर लाग्दैन।[२०२]

**उ. प्रहरी कर्मचारीः** कुनै प्रहरी कर्मचारीलाई अपराध घटेको कुराको आफूलाई कुनै तवरले प्राप्त भएको जानकारीको श्रोत प्रकट गर्न कर लाग्दैन।[२०३]

**ऊ. कानून व्यवसायीः** कानून व्यवसायीले आफूलाई नियुक्त गर्ने पक्षको लिखित अनुमति नलिई आफ्नो नियुक्तिको अवस्थामा वा सो गर्ने उद्देश्यले आफ्नो पक्ष वा निजको वारिसले दिएको कुनै जानकारी वा आफूलाई थाहा भएको कुनै लिखतको व्यहोरा वा आफूले दिएको कुनै सल्लाह प्रकट गर्न हुँदैन।[२०४] कुनै पक्षले आफ्ना तर्फका कुनै कानून व्यवसायीलाई कुनै जानकारी कुनै गवाही दिन लगाएमा सो उपदफाको तात्पर्यको लागि सो पक्षले त्यस्तो जानकारी वा कुरा प्रकट गर्न अनुमति दिएको मानिनेछ।[२०५]

कुनै कानूनी काम गर्ने अभिप्रायले कुनै कानून व्यवसायीलाई दिएको कुनै जानकारी निजले प्रकट गर्न हुन्छ। कानून व्यवसायीको नियुक्ति भई सकेपछि कुनै अपराध भई निजले थाहा पाएमा सो कुरा पनि निजले प्रकट गर्न हुन्छ।[२०६]

कानून व्यवसायी उपर लगाइएको यस्तो प्रतिबन्ध कानून व्यवसायीको रूपमा सो पक्षद्वारा निजको नियुक्ति समाप्त भई सकेपछि पनि कायम रहन्छ र सो प्रतिबन्ध कानून व्यवसायीको कारिन्दा, नोकर तथा दोभाषेलाई समेत लागू हुन्छ।[२०७]

---

[२०१] प्रमाण ऐन, २०३१ को दफा ४३

[२०२] प्रमाण ऐन, २०३१ को दफा ४४

[२०३] प्रमाण ऐन, २०३१ को दफा ४४ (क)

[२०४] प्रमाण ऐन, २०३१ को दफा ४५(१)

[२०५] प्रमाण ऐन, २०३१ को दफा ४५(३)

[२०६] प्रमाण ऐन, २०३१ को दफा ४५(१)

[२०७] प्रमाण ऐन, २०३१ को दफा ४५(२)

मुद्दाका पक्ष र साक्षीहरुका लागि पनि केही उन्मुक्ती प्राप्त हुन्छ। कुनै व्यक्ति र निजको कानूनी सल्लाहकारको बीचमा के कस्तो कुरा वा जानकारी आदान प्रदान भयो भनि प्रकट गर्न सो व्यक्तिलाई कर लगाउन पाईंदैन। निजले त्यस्तो कुनै जानकारी आफैं अदालतमा प्रकट गर्न चाहेमा त्यसलाई स्पष्ट गर्न अदालतले आवश्यक ठहराएको तत्सम्बन्धी अन्य कुनै कुरा निजले प्रकट गर्नुपर्छ।[२०८]

कुनै साक्षीले अदालतमा सोधिएको कुनै प्रश्नको जवाफ दिएमा सो जवाफले आफूलाई सजायको भागी बनाउन सक्छ भन्ने आधारमा त्यस्तो प्रश्नको जवाफ दिन इन्कार गर्न पाउँदैन। तर झुठा बके वापत कुनै कारवाही बाहेक जवाफ दिन कर लगाइएको यस्तो कुनै जवाफको आधारमा निजलाई पक्राउ गर्न वा निज उपर कुनै फौज्दारी कारवाही चलाउन हुँदैन र त्यस्तो जवाफ अरू कुनै फौज्दारी मुद्दामा प्रमाणमा लाग्दैन।[२०९]

## ङ. साक्षीको बकपत्र र कार्यविधि

- **पक्षले साक्षी उपस्थित गराउनु पर्नेः**

फौजदारी मुद्दामा साक्षी बुझ्न तोकेको तारिखका दिन उपस्थित नहुने साक्षीलाई वातेल गरिदिनु पर्छ। काबू बाहिरको परिस्थिति परी उपस्थित हुन नसकेकोमा पक्षले सोही व्यहोरा खुलाई निवेदन दिएमा अदालतले त्यस्तो साक्षी बुझ्ने अर्को तारिख तोक्न सक्छ।[२१०] यस्तो निवेदन दिंदा सोको पुष्टी हुने प्रमाण समेत पेश गर्नुपर्छ।[२११] सरकारवादी फौजदारी मुद्दामा साक्षी पेश गर्दा सरकारी पक्षको साक्षीलाई सम्बन्धित अनुसन्धान अधिकारी वा निजको कार्यालयले सरकारी वकील कार्यालय मार्फत उपस्थित गराउनु पर्छ।[२१२] सबै प्रतिवादीहरु उपस्थित नभएको कारण साक्षी परीक्षणको प्रक्रिया सुरु नभएकोमा कुनै पक्षले आफूले दिएको साक्षी तत्काल उपस्थित नगराएमा पछि उपस्थित गराउन नसकिने कारण देखाई त्यस्ता साक्षीहरु तत्कालै उपस्थित गराई बकपत्र गराउन अनुरोध गर्न सक्छ।[२१३] यसरी अनुरोध भएकोमा र त्यस्तो कारण मनासिब भएमा अदालतले सोको कारण खुलाई त्यस्तो साक्षीको तत्कालै बकपत्र

[२०८] प्रमाण ऐन, २०३१ को दफा ४६

[२०९] प्रमाण ऐन, २०३१ को दफा ४७

[२१०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०१ (४)

[२११] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५३ (४)

[२१२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०१ (३)

[२१३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०१ (५)

गराउन सक्छ। साक्षीले गरेको बकपत्रमा उपस्थित भएसम्मका मुद्दाका पक्ष विपक्षलाई जिरह गर्न दिनु पर्छ र त्यस्तो अवस्था रहेनछ भने त्यस्तो बकपत्रको व्यहोराको हकमा पछि उपस्थित पक्षले खण्डन गर्न सक्छ।

फौजदारी मुद्दामा एक पटक बकपत्र गरिसकेको साक्षीबाट पुनः कुनै कुरा बुझ्न पाईंदैन। त्यस्तो साक्षीबाट नबुझी नहुने कुनै कुरा छुट्न गई न्यायाधीशले कारण खुलाई आदेश गरेमा पुनः समाव्हान जारी गरि निजलाई बुझ्न सकिन्छ।[२१४]

प्रमाण परीक्षणको लागि अदालतले तोकेको दिन उपस्थित नभएको तर मुद्दाको गम्भीरता हेरी नबुझी नहुने नेपाल सरकार वादी हुने फौजदारी मुद्दासँग सम्बन्धित साक्षीलाई उपस्थित गराउन वा कुनै लिखत वा दसी प्रमाण दाखिला गराउन समाव्हान जारी होस् भनि कारण खुलाई मुद्दाको पक्षले निवेदन दिन सक्छ। यस्तो निवेदन परेमा र त्यस्तो निवेदनको व्यहोरा मनासिब भई त्यस्तो साक्षी बुझ्न पर्ने देखेमा अदालतले त्यस्तो साक्षीलाई बढीमा पन्ध्र दिनको म्याद दिई समाव्हान जारी गरि बुझ्न सक्छ।[२१५]

## च. साक्षी बुझ्ने तरिका

सामान्यतः साक्षी बुझ्ने वा बकपत्र गर्ने कार्य अदालतमा न्यायाधीशको इजलाशमा हुन्छ। केही विशेष परिस्थितिमा अदालत बाहिर पनि बकपत्र हुन सक्छ। ती अवस्था र स्थानका सम्बन्धमा निम्न व्यवस्था छ।

### १. साक्षी रहे बसेको ठाउँमाः

फौजदारी मुद्दामा शारीरिक असमर्थताले गर्दा अदालतमा उपस्थित हुन नसक्ने साक्षीको बकपत्र गराउनु पर्दा त्यस्तो साक्षी रहे वसेको ठाउँमा न्यायाधीश आफैं गई वा आफ्नो मातहतको अधिकृत कर्मचारी खटाई बकपत्र गराउन लगाउन सकिन्छ।[२१६] यसरी बकपत्र गराउँदा मुद्दाका सम्बन्धित पक्षहरुलाई त्यस्तो कुराको सूचना दिई परीक्षण गर्ने मौका समेत दिनु पर्छ।[२१७]

---

[२१४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १११

[२१५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२

[२१६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०८(१) को प्रतिवन्धात्मक वाक्यांश

[२१७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०८ (२)

## २. श्रव्य-दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फतः

फौजदारी मुद्दामा बुझ्नु पर्ने साक्षी शारीरिक रुपमा अशक्त वा बालबालिका भएको वा सुरक्षाको कारणले गर्दा निजलाई अदालतमा उपस्थित गराउन नसकिने भएमा सम्बन्धित पक्षले सोही व्यहोरा खोली श्रव्य—दृश्य संवाद मार्फत (भिडियो कन्फरेन्स) त्यस्तो साक्षी बुझ्नको लागि अदालतमा निवेदन दिन सक्छ। यस अतिरिक्त कुनै खास प्रकृतिको साक्षीको परीक्षण श्रव्य-दृश्य सम्वाद मार्फत (भिडियो कन्फरेन्स) गराउन अदालतले आदेश गर्न पनि सक्छ। यस्तो गरेमा सोही बमोजिम साक्षी परीक्षण गर्नुपर्छ।

यस बमोजिमको निवेदन परेमा र निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा वा अदालतले आदेश दिएमा अदालतले त्यस्तो साक्षी श्रव्य-दृश्य संवाद मार्फत (भिडियो कन्फरेन्स) बुझ्न सक्छ।

यस बमोजिम श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) गर्दा अदालतको अनुमति लिई मुद्दाको सम्बन्धित पक्ष त्यस्तो सम्वाद स्थलमा उपस्थित भई सोधपुछ, जिरह वा पुनः सोधपुछ गर्न सक्छ। यस बमोजिम साक्षी बुझ्दा त्यस्तो साक्षीले व्यक्त गरेको कुरा अभिलेख हुने व्यवस्था गर्नुपर्छ र अदालतले श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) को अभिलेख राख्नु पर्छ।[२१८]

कुनै कसूरको अनुसन्धान वा पुर्पक्षको सिलसिलामा नेपाल राज्य बाहिर रहेको साक्षीलाई बुझ्नु परेमा वा निजको बकपत्र गराउन परेमा त्यस्तो साक्षीलाई सो प्रयोजनका लागि तोकिए बमोजिम श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) वा अन्य यस्तै प्रविधि मार्फतबुझ्न वा निजको बकपत्र गराउन सकिन्छ।[२१९] यसरी बुझ्दा वा बकपत्र गराउँदा त्यस्तो साक्षीले भनेको कुरा वा गरेको बकपत्रको अभिलेख हुने व्यवस्था गर्नुपर्छ।[२२०]

## ३. बन्द सवाल मार्फतः

फौजदारी मुद्दामा भने मुद्दा दायर रहेको अदालतको अधिकार क्षेत्र भएको इलाकाभन्दा बाहिर रहे बसेको वा कुनै कारणले अदालतमा उपस्थित हुन नसक्ने तर नबुझी नहुने साक्षीलाई मुद्दाको गम्भीरता हेरी बन्द सवाल द्वारा बुझ्नु पर्ने भएमा अदालतले त्यसको

[२१८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०९ अनुसूची बमोजिमको ढाँचामा ४०

[२१९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११५(५)

[२२०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११५(६)

सूचना मुद्दाका पक्षहरुलाई दिनु पर्छ।[२२१] मुद्दाको कुनै पक्षले चाहेमा बन्दसवालमा आफूले साक्षीसँग सोधन चाहेको प्रश्नहरु समावेश गरियोस भनि कारण खुलाई अदालतमा निवेदन दिन सक्छ।[२२२]

यस्तो निवेदन परेमा र अदालतले त्यस्तो प्रश्न त्यस्तो बन्दसवालमा समावेश हुनु मनासिब ठानेमा त्यस्तो प्रश्न समेत त्यस्तो बन्दसवालमा समावेश गर्न आदेश दिन्छ र सोही बमोजिम बन्द सवालको प्रश्नहरु तयार गर्नुपर्छ।[२२३]

बन्दसवालद्वारा साक्षी बुझ्दा मुद्दाको कुनै पक्षले चाहेमा बन्दसवाल पठाइएको अदालतमा उपस्थित भई प्रमाण सम्बन्धी प्रचलित कानून बमोजिम साक्षी परीक्षण, जिरह वा पुनः सोधपुछ गर्न सक्छ।[२२४] मुद्दाको कुनै पक्षले बन्दसवाल पठाइएको अदालतमा उपस्थित भई साक्षी परीक्षण, जिरह वा पुनः सोधपुछ गर्न चाहेमा सोही व्यहोराको निवेदन दिनु पर्छ। यसरी निवेदन दिएमा अदालतले त्यसरी साक्षी परीक्षण, जिरह वा पुनः सोधपुछ गर्न चाहने मुद्दाको पक्षलाई बन्दसवाल पठाइएको अदालतमा हाजिर हुन तारिख तोकी पठाउनु पर्छ।[२२५] बन्दसवाल पठाइएको अदालतमा बन्दसवाल गर्नुपर्ने व्यक्ति तोकिएको तारिखमा हाजिर नभएमा सोही व्यहोरा उल्लेख गरि बन्दसवाल पठाउने अदालतलाई प्राप्त बन्दसवाल फिर्ता पठाउनु पर्छ।[२२६]

कुनै फौजदारी मुद्दाका नेपाल राज्य बाहिर रहे बसेको कुनै साक्षी वा प्रमाण बुझ्नु परेमा वा बन्दसवाल गर्नु परेमा त्यस्तो विषयमा पारस्परिक कानूनी सहायता सम्बन्धी प्रचलित कानून बमोजिम साक्षी वा प्रमाण बुझ्न सकिन्छ। त्यसरी बुझिएको साक्षी वा प्रमाण विवरण सम्बन्धित मुलुकको कानून बमोजिम प्रमाणित भएको हुनु पर्छ। यसरी बुझ्नु पर्ने वा बुझिएको साक्षी वा प्रमाण नेपाली भाषा बाहेक अन्य भाषामा बुझ्नु पर्ने वा बुझिएको रहेछ भने सोको नेपाली भाषामा आधिकारिक अनुवाद गरि अदालतमा पेश गर्नुपर्छ।[२२७]

---

[२२१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०७(१)
[२२२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०७(२)
[२२३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०७(३) अनुसूची ३९ बमोजिमको ढाँचामा
[२२४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०७(५)
[२२५] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५९
[२२६] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६०
[२२७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११५

बन्द सवाल प्राप्त भएमा त्यस्तो अदालतले सम्बन्धित पक्षबाट उपस्थित गराइएको साक्षीलाई आफ्नो अदालतमा मुद्दा परेसरह बन्द सवालका प्रत्येक प्रश्नको जवाफको बकपत्र तयार गर्नुपर्छ। बन्दसवालद्वारा साक्षी बुझ्दा मुद्दाको कुनै पक्षले चाहेमा बन्दसवाल पठाइएको अदालतमा उपस्थित भई प्रमाण सम्बन्धी प्रचलित कानून बमोजिम साक्षी परीक्षण, जिरह वा पुनः सोधपुछ गर्न सक्छ।[२२८]

## छ. सम्बन्धित अदालतमा साक्षी परीक्षण

साक्षी रहे बसेको ठाँउमा गई साक्षी बुझ्ने वा श्रव्य—दृश्य सम्वाद मार्फत (भिडियो कन्फरेन्स) साक्षी बुझ्ने अवस्थामा बाहेक अदालतमा साक्षी परीक्षण गर्ने अवस्थामा पक्षलाई तारिख तोकिएको दिनमा नै परीक्षण गर्ने गरि अदालतले साक्षी परीक्षण गर्ने दिन तोक्नु पर्छ। सो तोकिएको तारिखका दिनमा नै अदालतमा उपस्थित भएका सम्पूर्ण साक्षीहरूको परीक्षण गरिसक्नु पर्छ। सम्पूर्ण साक्षीहरूको सोही दिन परीक्षण गर्न समय अभावको कारणले नभ्याउने भएमा अदालतले त्यसको कारण खुलाई त्यसको भोलिपल्ट अर्थात् साक्षी परीक्षण गरेको दिनको लगत्तै पछि अड्डा खुलेको पहिलो दिन साक्षी परीक्षण गर्ने गरि साक्षी तथा पक्षहरूलाई तारिख तोक्नु पर्छ।[२२९] भोलिपल्ट समेत सबै साक्षीको बकपत्र गराउन सकिने नसकिने अन्जाम गरि नसकिने जति बाँकी साक्षीलाई क्रमशः अर्को दिन उपस्थित हुने गरि तारिख तोकी बकपत्र गराउनु पर्छ।[२३०]

बकपत्रको लागि तोकिएको तारिखको दिनको अपरान्ह एक बजेसम्म मुद्दाको कुनै पक्ष उपस्थित नभएको अवस्थामा उपस्थित भएसम्मका पक्षको साक्षीको बकपत्र गराउनु पर्छ।[२३१]

साक्षीको बकपत्र गराउने प्रयोजनका लागि बकपत्र हुने दिन उपस्थित भएका साक्षीहरु तथा सम्बन्धित मुद्दाको मिसिल समेत इजलाश समक्ष पेश गर्नुपर्छ।[२३२]

---

[२२८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०७(५)

[२२९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०६(१)

[२३०] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५४(४)

[२३१] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५४(५)

[२३२] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५४(१)

साक्षी परीक्षण जुन न्यायाधीशको इजलाशमा पेश भएको छ सोही न्यायाधीशले गराउनु पर्छ।[२३३] न्यायाधीशले बकपत्र अभिलेख गर्न तथा साक्षी परीक्षण गर्न आवश्यक पर्ने कर्मचारीको सहायता लिन सक्छ। साक्षी परीक्षण गर्दा साक्षीले व्यक्त गरेको कुराको बकपत्र तयार गरि निजको सहीछाप गराई अभिलेख गर्नुपर्छ।

न्यायाधीशले कुनै साक्षीलाई बकपत्र गराउँदा निजको व्यवहार र मुखाकृति कस्तो थियो, निजसँग सोधिएको प्रश्नहरुको जवाफ दिंदा निज उत्तेजित भएको, हडवडाएको वा डराएको थियो वा थिएन, निजको मुखाकृतिबाट निजले दिएको जवाफ साँचो वा झुठो के कस्तो झल्कन्थ्यो जस्ता कुरा र अन्य आवश्यक कुराको सम्बन्धमा आफूलाई लागेको कुराहरुको टिपोट बनाउन सक्छ। यस्तो टिपोटमा न्यायाधीशले सहीछाप गरि मिसिल संलग्न राख्नु पर्छ। साक्षीको बकपत्रलाई प्रमाणको रुपमा मूल्याङ्कन गर्दा यस्तो टिपोटलाई आधार लिन सकिन्छ।[२३४]

साक्षी परीक्षणको क्रममा केही औपचारिकता र केही प्रक्रियागत कुराहरुमा ध्यान दिनु पर्ने हुन्छ। सो सम्बन्धमा ध्यान दिनु पर्ने कुराहरु निम्नानुसार छन्।

**१. बकपत्रको क्रमः** प्रचलित नेपाल कानूनका अधिनमा रही अदालतले निर्धारित गरेको क्रम अनुसार साक्षी उपस्थित गराई बकपत्र गराउनु पर्छ।[२३५]

**२. शपथः** साक्षी बकाउँदा आफूले देखे, जाने वा सुनेको कुरा ईमान धर्म सम्झी साँचो बयान गरुँला भन्ने व्यहोराको शपथ लिन लगाई बकाउनु पर्छ।[२३६] बकपत्र गर्न उपस्थित भएको साक्षीले बकपत्र गर्नुअघि निजले सत्य कुरा मात्र व्यक्त गर्ने उद्घोषण गरि परिशिष्ट-१२ को ढाँचामा अरुले सुन्ने गरि शपथ लिनु पर्छ र त्यस्तो शपथ सम्बन्धित मिसिलमा संलग्न गर्नुपर्छ।[२३७]

---

[२३३] फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०८(१)

[२३४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११०

[२३५] प्रमाण ऐन, २०३१ को दफा ४८

[२३६] प्रमाण ऐन, २०३१ को दफा ४९(१)

[२३७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०६(२) र अनुसूची ३७

**३. रोहबरः** साक्षी बकाउँदा मुद्दाका सबै पक्षहरूको रोहबरमा बकाउनु पर्छ। तर, अदालतद्वारा साक्षी बकाउन तोकिएको तारीख र समयमा उपस्थित भएसम्मका पक्षको रोहबरमा साक्षी बकाउनु हुन्छ। [२३८]

**४. अर्को साक्षीले सुन्न नपाउनेः** साक्षी बकाउँदा एउटा साक्षीले बकेको अर्को साक्षीले सुन्न नपाउने गरि बकाउनु पर्छ।[२३९]

**५. ततिम्बाः** एक पटक बकाई सकेको साक्षीलाई कुनै मनासिब कारणबाट फेरी नबकाई नहुने देखिएमा अघि स्पष्ट नभएका कुराहरूको मात्र ततिम्बा गरि बकाउनु हुन्छ।[२४०]

**६. बकपत्र सहिछाप र प्रमाणितः** न्यायाधीशले अदालतमा साक्षी परीक्षण गर्दा मुद्दामा निजबाट खुलाउनु पर्ने विषयको प्रश्न सोधेर त्यस्तो प्रश्न, साक्षीले दिएको जवाफ र त्यसमा कानून बमोजिम जिरह भएको भए सोको विवरण समेत बकपत्रमा अभिलेख गर्नुपर्छ। यसरी विवरण अभिलेख भएपछि साक्षीलाई कुनै विषयमा कुनै कुरा व्यक्त गर्न बाँकी भए नभएको सोधी बाँकी भए त्यस्तो कुरा समेत व्यक्त गर्न लगाई बकपत्रमा त्यस्तो कुरा अभिलेख गर्नुपर्छ। त्यस्तो बकपत्रको कागजमा निज र मुद्दाका उपस्थित पक्ष वा वारिसको रोहबरमा साक्षी परीक्षण भएको कुरा उल्लेख गरि त्यस्ता सबै व्यक्तिहरूको सहीछाप गराई न्यायाधीशले प्रमाणित गर्नुपर्छ।[२४१] साक्षीको बकपत्र गराउँदा *परिशिष्ट-१७* बमोजिमको ढाँचामा गराउनु पर्छ।[२४२] साक्षी परीक्षण गर्दा सम्बन्धित साक्षीले न्यायाधीशद्वारा सोधिएको प्रश्नको जवाफ नदिएमा, दिन इन्कार गरेमा वा जुन प्रश्नको जवाफ खोजिएको हो सोको जवाफ नदिई असम्बन्धित विषयको जवाफ दिएमा न्यायाधीशले सोको कैफियत खुलाई प्रमाणित गर्नुपर्छ।

बकपत्रको कागजमा साक्षी, मुद्दाका पक्ष कसैले वा सबैले सहीछाप गर्न इन्कार गरेमा सोही व्यहोरा उल्लेख गरि साक्षी परीक्षण गर्ने न्यायाधीशले त्यस्तो कुरा प्रमाणित गरि सम्बन्धित मुद्दाको मिसिलमा राख्नु पर्छ।[२४३]

---

[२३८] प्रमाण ऐन, २०३१ को दफा ४९(२)

[२३९] प्रमाण ऐन, २०३१ को दफा ४९(३)

[२४०] प्रमाण ऐन, २०३१ को दफा ४९(४)

[२४१] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५७

[२४२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची ३८

[२४३] प्रमाण ऐन, २०३१ को दफा ४९ (५)

**७. सोधपूछ र जिरहको प्रक्रियाः** कुनै साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सोही पक्षले निजसँग सोधपूछ गर्न सक्छ। त्यसपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्छ।[२४४] अर्को पक्षले जिरह गरि सकेपछि जुन पक्षको साक्षी हो, सोही पक्षले सो साक्षीसँग पुनः सोधपूछ गर्न सक्छ।[२४५] पुनः सोधपूछ गर्दा आफ्नो विपक्षले गरेको जिरहसँग सम्बन्धित कुरामा मात्र सोधपूछ गर्न सक्छ। जिरहसँग कुरामा मात्र सोधपूछ गर्न सक्ने सामान्य नियम हो। तापनि अदालतले अनुमति दिएमा कुनै पक्षले आफ्नो साक्षीसँग पुनः सोधपूछ गर्दा कुनै नयाँ कुराका सम्वन्धमा प्रश्न सोध्न सक्छ। सो बमोजिम कुनै नयाँ कुरा प्रश्न सोधिएकोमा सो पक्षको विपक्षीले त्यस सम्वन्धमा उक्त साक्षीसँग फेरी जिरह गर्न सक्छ।[२४६]

साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सोही पक्षले निजसँग सोधपूछ नगरि अदालतबाट सोधपूछ गरियोस् भनि लिखित दरखास्त दिएमा अदालतले नै सो साक्षीसँग सोधपुछ गर्नुपर्छ। अदालतले सोध्नुपर्ने प्रश्न सोधी जवाफ लिएपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्छ। अदालतले कुनै साक्षीसँग सोधपूछ गरेकोमा जुन पक्षको साक्षी हो, सो पक्षले सोधपूछ वा पुनः सोधपूछ गर्न पाउँदैन। कुनै पक्षले आफ्नो साक्षीहरू मध्ये कुनैसँग आफैंले सोधपूछ गर्न र कुनैसँग अदालतबाटै सोधपूछ गरियोस् भनि दरखास्त दिन पाउँदैन।[२४७]

हस्ताक्षर, ल्याप्चे, विदेशी कानून, विज्ञान, रीति रिवाज, कला, वैज्ञानिक वा प्राविधिक रुपमा परीक्षण हुनु पर्ने विषय वा यस्तै अन्य विषय सम्बन्धी कुरा यकिन गर्नुपर्ने हुन आएमा अदालतले विशेष दक्षता, अनुभव, वा तालीम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकपत्र गराउन हुन्छ। सो बमोजिम अदालतले कुनै **विशेषज्ञलाई साक्षी सरह बकपत्र** गराउँदा मुद्दाको पक्षलाई जिरह गर्ने मौका दिनु पर्छ।[२४८]

- **सहअभियुक्तको जिरह**

---

[२४४] प्रमाण ऐन, २०३१ को दफा ५०(१)

[२४५] प्रमाण ऐन, २०३१ को दफा ५०(२)

[२४६] प्रमाण ऐन, २०३१ को दफा ५०(३)

[२४७] प्रमाण ऐन, २०३१ को दफा ५०(६)

[२४८] प्रमाण ऐन, २०३१ को दफा ५२

कुनै अभियुक्तले बयान गर्दा कुनै अर्को अभियुक्तलाई पोल गरेमा त्यसरी पोल गरेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तलाई जिरह गर्ने अवसर दिन सकिन्छ। पोल गरिएको **सहअभियुक्त** साधारण तारिख, धरौटी वा पुर्पक्षका लागि थुनामा रहेको भए मुद्दाको फैसला हुनुभन्दा अघि निजलाई उपस्थित हुने गरि तारिख तोकी सोही तारिखका दिन त्यसरी पोल गरिएको अभियुक्तलाई जिरह गर्ने अवसर दिनु पर्छ।[२४९] पोलमा पर्ने अभियुक्तले पोल गर्ने सहअभियुक्तको जिरह गर्दा पोल गरेको विषयमा मात्र सीमित रही जिरह गर्न पाउँछ।[२५०]

आफूलाई पोल गर्ने सहअभियुक्तको जिरह गर्न चाहने अभियुक्तले अदालत समक्ष जिरहको लागि निवेदन दिन सक्छ।[२५१] तर पोल गर्ने सहअभियुक्तको जिरह गर्न पाउँ भनि अभियुक्तले बयान गर्दा जिकिर लिएमा निजले छुट्टै निवेदन दिनु पर्दैन।[२५२]

यस्तो निवेदन परेमा वा अभियुक्तले बयानमा जिरहको जिकिर लिएको भएमा अदालतले त्यस्तो पोल गर्ने सहअभियुक्तको बयान व्यहोरा समेतलाई विचार गरि जिरह गर्ने मौका दिने नदिने सम्बन्धमा आदेश गर्नुपर्छ।[२५३] आदेश हुँदा जिरह गर्ने मौका दिने आदेश भएमा अदालतले त्यस्तो सहअभियुक्तको जिरह गर्ने प्रयोजनका लागि बकपत्र हुने दिन तोकी त्यस्तो सहअभियुक्त तारिखमा रहेको भए तारिखको दिनमा र थुना वा कैदमा रहेको भए कारागार मार्फत बकपत्रको प्रयोजनका लागि अदालतमा उपस्थित हुन जानकारी दिनु पर्छ। त्यस्तो सहअभियुक्तले तारिख गुजारी बसेको भए निजका नाममा समाव्हान जारी गर्नुपर्छ।[२५४] जिरह हुने तारिखको जानकारी सरकारी वकील कार्यालयलाई पनि दिनु पर्छ।[२५५]

[२४९] प्रमाण ऐन, २०३१ को दफा ५०(५ख)

[२५०] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५६(५)

[२५१] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५६(१)

[२५२] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५६(२)

[२५३] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५६(३)

[२५४] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५६(४)

[२५५] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५६(७)

सहअभियुक्त अनुपस्थित रहेको कारणले मात्र मुद्दामा अन्य साक्षी प्रमाण बुझ्न वा मिसिल संलग्न अन्य प्रमाणका आधारमा मुद्दाको कारवाही र किनारा गर्न बाधा छैन।[२५६]

**८. सूचक प्रश्नः** कुनै पक्षले आफ्नो साक्षीसँग सोधपूछ वा पुनः सोधपूछ गर्दा आफूले इच्छा गरेको जवाफ सुझाउने सूचक प्रश्न विपक्षीले आपत्ति गरेमा सोध्न पाउँदैन। तर अदालतले अनुमति दिएमा त्यस्तो प्रश्न सोध्न हुन्छ।[२५७] अदालतले कुनै पक्षलाई आफ्नो साक्षीसँग कुनै सूचक प्रश्न सोध्ने अनुमति दिंदा अदालतको विचारमा सो प्रश्न परिचायक, विवादरहित वा सो प्रश्नसँग सम्बन्धित कुरा पूर्णरूपमा प्रमाणित भई सकेको छ भन्ने लागेमा मात्र अनुमति दिन्छ।[२५८]

**९. अदालतको हस्तक्षेप**

अदालतले बकपत्रको क्रममा कुनै साक्षीलाई अनावश्यक रूपमा बेइज्जत गर्ने वा झिझाउने किसिमका प्रश्न सोध्न रोक लगाउन सक्छ।[२५९] साक्षीलाई अनुचित, वा असम्बद्ध किसिमका प्रश्न सोध्न अदालतले मनाही गर्नुपर्छ।[२६०] साक्षी परीक्षण गर्दा अदालतले साक्षीलाई सम्बद्ध विषयसँग सम्बन्धित आवश्यक प्रश्न सोध्न पनि सक्छ।[२६१]

नेपाल सरकार वादी भएको कुनै मुद्दामा प्रतिवादीको उपस्थितिले वा अन्य कुनै मनासिब कारणले कुनै साक्षीलाई बकपत्र गर्न अनुचित दबाब परेको वा पर्ने प्रवल सम्भावना छ भन्ने कुरा अदालतलाई लागेमा त्यस्तो प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउने वा निज प्रतिवादीको कानून व्यवसायी तथा निजले रोजेको मानिसको रोहबरमा बकपत्र गराउने गरि अदालतले आवश्यक व्यवस्था मिलाउन सक्छ।[२६२]

---

[२५६] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५६(६)

[२५७] प्रमाण ऐन, २०३१ को दफा ५०(४)

[२५८] प्रमाण ऐन, २०३१ को दफा ५०(५)

[२५८] प्रमाण ऐन, २०३१ को दफा ५०(५क) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०३

[२५९] प्रमाण ऐन, २०३१ को दफा ५१

[२६०] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५४ (६(

[२६१] प्रमाण ऐन, २०३१ को दफा ५३

[२६२] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५४(७)

# परिच्छेद – ९

## दसी व्यवस्थापन

अभियोगपत्रसाथ कुनै मालसामान वा वस्तु दसी प्रमाणको रुपमा वा जफतको माग दाबी लिई पेश गरेको भए सम्बन्धित अधिकारीले त्यस्ता दसीका सामानहरुको फोटोसहितको छुट्टै अभिलेख खडा गरि सुरक्षित रुपमा राख्नु पर्छ।[२६३] तर दसीका सामानहरु **सुरक्षित राख्न सकिने अवस्था नभएमा वा जफत गर्नुपर्ने दाबी नभएका** सामानहरु छन् वा **लिलाम वा फिर्ता गर्न नमिल्ने प्रकृतिका सामान छन्** भने तीनको फरक प्रकारले व्यवस्थापन गर्ने गरि कानूनमा व्यवस्था गरिएको छ।

### क. सुरक्षित राख्न सकिने अवस्था नभएका दसी वा मालसामानको व्यवस्थापन

अभियोगपत्र साथ दाखिल भएका दसीका मालसामानको परिमाण र प्रकृतिको कारणबाट अदालतमा सुरक्षित राख्न सकिने अवस्था नभएमा अदालतले खोजेका बखत दाखिल गर्ने गरि त्यस्तो मालसामान सुरक्षित तबरले राख्न सम्बन्धित निकाय वा व्यक्तिलाई थुनछेकका बखत आदेश दिन सक्छ।[२६४]

### ख. जफत गर्नुपर्ने दाबी नभएका दसी वा मालसामानको व्यवस्थापन

अभियोगपत्र साथ दसीको रुपमा अदालतमा दाखिल भएका तर जफत गर्नुपर्ने दाबी नभएका र त्यस्तो मालसामानको स्वामित्व सम्बन्धमा विवाद नरहेको अवस्थाका मालसामान सम्बन्धित मालधनीले फिर्ता पाउँ भनि मालसामानको विवरण र स्वामित्वको प्रमाणसहित सम्बन्धित सरकारी वकील कार्यालय मार्फत निवेदन दिएमा अदालतले त्यस्ता मालसामान सम्बन्धित मालधनीलाई फिर्ता दिन सक्छ।[२६५]

मालधनीले मालसामान फिर्ता पाऊँ भनि निवेदन नगरेमा अदालतले सम्बन्धित मालधनीलाई त्यस्तो मालसामान फिर्ता लैजान अनुसन्धान गर्ने निकाय वा प्रहरी कार्यालयमार्फत अवधि तोकी सूचना दिन सक्छ।[२६६]

---

[२६३] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १३ (१)
[२६४] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १४ (१)
[२६५] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १४ (२)
[२६६] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १४ (३)

सम्बन्धित धनीले फिर्ता नलगेको वा धनी पत्ता नलागेको अवस्थामा कानून बमोजिम लिलाम बिक्री गरि त्यस्ता मालसामान वा वस्तुको छुट्टा छुट्टै लिलाम बिक्रीको मूल्य उल्लेख गरि धरौटीमा आम्दानी बाँध्ने गरि इजलाशले आदेश दिन सक्छ।[२६७]

अदालतमा अभियोगपत्रसाथ पेश भएको तर दसी प्रमाण खण्डमा उल्लेख नगरिएको र जफतको माग दाबी समेत नलिएका मुद्दासँग असम्बन्धित देखिएका मालसामान वा वस्तु अभियोगपत्रको पीठमा व्यहोरा जनाई मुद्दा दर्ता गर्ने अधिकारीले सरकारी वकील कार्यालयलाई फिर्ता दिनु पर्छ।[२६८]

### ग. जफतको दाबी भएको वा फिर्ता दिन नमिल्ने प्रकृतिको भएको, दसी वा मालसामानको व्यवस्थापनः

अभियोगपत्र साथ पेश गरिएका दसी वा अन्य मालसामान जफतको दाबी भएको वा फिर्ता दिन नमिल्ने प्रकृतिको भएको वा मुद्दाको किनारा नभएसम्म त्यस्ता मालसामान त्यसै राख्दा खिया लागि, टुटी फुटी, सडी गली वा अन्य कुनै कारणबाट नोक्सान हुन जाने वा पछि प्रयोगमा आउन नसक्ने अवस्थाको भएमा कानून बमोजिम लिलाम बिक्री गरि त्यस्ता मालसामान वा वस्तुको छुट्टा छुट्टै लिलाम बिक्रीको मूल्य उल्लेख गरि धरौटीमा आम्दानी बाँध्ने गरि इजलाशले आदेश दिन सक्छ।[२६९]

तर दसीको रूपमा पेश भएका प्रचलित कानून बमोजिम लिलाम गर्न नमिल्ने वन्यजन्तुको आखेटोपहार, धुलो, रक्तचन्दन, यार्सागुम्बा जस्ता विभिन्न जडिबुटीहरू तथा वन पैदावार मुद्दा चल्दैका अवस्थामा वा मुद्दा फैसला भई अन्तिम हुन बाँकी रहे तापनि सडी गली वा अन्य कुनै तरिकाले नष्ट भई जाने अवस्था भएमा त्यस्ता मालसामानको हकमा अदालतबाट भएको आदेश बमोजिम व्यवस्थापन गर्नुपर्छ।[२७०]

प्रचलित कानून बमोजिम लिलाम वा फिर्ता गर्न नमिल्ने हात हतियार, खरखजाना विष्फोटक पदार्थ जस्ता चिजवस्तु सम्बन्धित सुरक्षा निकायमा पठाउनु पर्छ।[२७१] अदालतमा पेश हुन आएका दसीका मालसामान ऐतिहासिक वा पुरातात्विक वा राष्ट्रिय

---

[२६७] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १५ को खण्ड (क)

[२६८] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १४ (४)

[२६९] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १५ को खण्ड (ख)

[२७०] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १६ (१)

[२७१] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १६ (२)

महत्वका हुन् भन्ने अदालतलाई लागेमा त्यस्ता मालसामानको प्रकृति अनुसार राष्ट्रिय पुस्तकालय वा राष्ट्रिय सङ्ग्रहालय वा राष्ट्रिय अभिलेखालयमा वा अन्य सम्बन्धित सरकारी निकायमा राष्ट्रिय सम्पत्तिको रूपमा राख्न पठाउनु पर्छ। [२७२]

---

[२७२] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १६ (३)

# परिच्छेद – १०
# पेशी व्यवस्थापन

अदालत वा मुद्दा हेर्ने निकायमा मुद्दा दर्ता भएपछि सो मुद्दाको सुनुवाई गर्नुपर्छ। मुद्दा हेर्ने अधिकारीको इजलाशबाट सुनुवाई गर्नुपर्छ। हरेक मुद्दाको सुनुवाईको आफ्नै प्रकारको महत्व हुने हुँदा यस्तो सुनुवाईको उचित व्यवस्थापन हुनु पर्दछ। यसो हुनुको तात्पर्य मुद्दाको सुनुवाई फलानो मितिमा हुन्छ भन्ने कुराको जानकारी सम्बन्धित मुद्दाका पक्ष, सरकारी वकील, पक्षको कानून व्यवसायी र स्वयं मुद्दा हेर्ने अधिकारीलाई जानकारीको लागि पनि हो। अपवादको अवस्थामा बाहेक हरेक मुद्दाको सुनुवाई खुला इजलाशमा हुनु पर्ने न्यायिक मान्यता छ। यसलाई हाम्रो फौजदारी कार्यविधि कानूनको सामान्य सिद्धान्तको रुपमा पनि अङ्गिकार गरिएको छ। अन्य सरोकारवालाले पनि मुद्दा सुनुवाई हुने दिन निश्चित भएमा सुनुवाईमा भाग लिन वा आफ्नो उपस्थित जनाउन सक्छन्।

त्यसमा पनि नियमित अदालत बाहेक यस्ता मुद्दाको कारवाही किनारा हुने कारणले मुद्दा हेर्ने अधिकारीको अन्य कार्यसँग सामञ्जस्यता गर्नु पर्ने हुन्छ। फलानो मुद्दाको फलानो दिन सुनुवाई गर्ने भनि निश्चित गरेमा मुद्दा हेर्ने अधिकारीले आफ्नो कार्यतालिका निश्चित गर्न पनि सहज हुन्छ। कार्यबोझ अनुसार सप्ताहमा यो यो दिन मुद्दा हेर्ने भनि कार्यतालिका बनाउनु यसको सहज र प्रभावकारी उपाय हो। यस्तो मुद्दाको सुनुवाईको लागि पेशी सूचीको कानूनी व्यवस्था नभए पनि नियमित अदालतहरुमा पेशी सूची प्रकाशनको कानूनी व्यवस्था सबैतहको अदालतका नियमावलीमा छन्। यस अतिरिक्त मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९९ ले **ऐन र यस नियमावलीमा लेखिएदेखि बाहेकका अन्य अदालती कार्यविधिका विषयमा ऐन र यस नियमावलीको प्रतिकूल नहुने गरि अदालत आफैंले व्यवस्थित गर्न सक्नेछ** भन्ने व्यवस्था गरेको हुँदा औचित्यका आधारमा यसलाई लागू गरिनु बाञ्छनीय देखिन्छ।

यस सन्दर्भमा सबैभन्दा पहिलो कार्य मुद्दाको पेशी व्यवस्थापन गर्ने कार्य हो। दर्ता भएका मुद्दाको कार्यबोझ अनुसार एक सप्ताहमा हेर्ने मुद्दाको संख्या निर्धारण गरि सोही अनुसार पक्षहरुलाई मुद्दा पेस हुने दिनको तारिख दिनु पर्छ।

## साप्ताहिक मुद्दा पेशी सूची

पक्षहरुलाई मुद्दा पेस हुने दिनको तारिख दिएपछि सप्ताहभरिमा पेस हुने मुद्दाहरुको सूची बनाई प्रकाशन गर्नुपर्छ। यस प्रयोजनको लागि मुद्दा हेर्ने अधिकारीको कार्यालयमा त्यस्तो सूची सूचनापाटीमा टाँस गर्ने र सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्छ।

यस्तो पेशी सूचीमा पक्ष विपक्षहरुको नाम, मुद्दाको नाम र नम्बर, मुद्दा पेशी हुने दिन र मुद्दामा कानून व्यवसायी नियुक्त भएको भए निजको नाम समेत उल्लेख गर्नुपर्छ। यस्तो सूचीमा पेस हुने दिन अनुसार मुद्दाको विवरण उल्लेख गर्नुपर्छ। पेस हुने दिनको मुद्दाको सूची बनाउँदा कार्यालयमा अभियोगपत्र दर्ता भएको मितिको आधारमा पुरानो मुद्दा देखि क्रमैसँग राख्नु पर्छ।

यस्तो साप्ताहिक मुद्दा पेशी सूची सो सप्ताह सुरु हुनुभन्दा अघि नै प्रकाशन गरि सक्नु पर्छ। यसको लागि अघिल्लो हप्ताको शुक्रवार प्रकाशन गर्ने निश्चित गर्नु उपयुक्त हुन्छ।

साप्ताहिक मुद्दा पेशी सूचीमा नपरेको कुनै पनि मुद्दा त्यो हप्तामा सुनुवाई गर्नु हुँदैन। कुनै दिन अभियोगपत्र पेस भएको अवस्थामा भने बयान, थुनछेकको आदेश र त्यस्तो मुद्दा फैसला गर्न सकिने अवस्था भए सो मुद्दा फैसला गर्न हुन्छ। त्यस्को लागि पनि पुरक पेशी सूची प्रकाशन गर्नु उपयुक्त हुन्छ।

## दैनिक मुद्दा पेशी सूची

साप्ताहिक पेशी सूचीका आधारमा मुद्दा पेस हुने दिनको दैनिक मुद्दा पेशी सूची प्रकाशन गर्नुपर्छ। सो दैनिक मुद्दा पेशी सूचीमा पनि पुरानो मुद्दाको क्रमले नै सूची बनाउनु पर्छ। तर अघिल्लो दिन हेर्दाहेर्दै बाँकी रहेर भोलीपल्ट हेर्ने भनि तोकेको मुद्दालाई सबैभन्दा माथिको क्रममा राख्नु पर्छ। त्यस्तो मुद्दा छ भने त्यसपछि र त्यस्तो मुद्दा छैन भने थुनुवा भएको मुद्दा सबै भन्दा माथिल्लो क्रममा राख्नु पर्छ। त्यस पछिको क्रममा पचहत्तर वर्ष माथिका व्यक्तिहरु वा अशक्तता भएका व्यक्ति तारिखमा रहे छन् भने त्यस्तो मुद्दा समावेश गर्नुपर्छ। एकै दिन त्यस्ता प्राथमिकता पाउने मुद्दाहरु एक भन्दा बढी रहे छन् भने तिनलाई दर्ताको क्रमले राख्नु पर्छ।

मुद्दा हेर्ने अधिकारीले मुद्दाको सुनुवाई गर्दा दैनिक पेशी सूचीमा प्रकाशित मुद्दाको प्राथमिकताक्रम अनुसार माथिबाट क्रमशः सुनुवाई गर्नुपर्छ। पेशी सूचीको अघिल्लो मुद्दा सुनुवाई नगरि पछिल्लो मुद्दाको कारवाही गर्नु हुँदैन।

# परिच्छेद – ११
# मुद्दा सुनुवाई र फैसला

अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दर्ता भएपछि सो मुद्दाको सुनुवाई गर्नुपर्छ। यस सन्दर्भमा कानूनले केही आधारभूत कुराहरुको व्यवस्था गरेको छ। तिनको पालना अनिवार्य हुन्छ। कानूनले व्यवस्था गरेका त्यस्ता केही आधारभूत कुराहरु निम्नानुसार छन्।

## सुनुवाई सम्बन्धी आधारभूत कुराहरु

**क. सुनुवाई खुला इजलाशमा गर्नु पर्नेः** कानूनले तोकेका केही मुद्दा र अदालतले बन्द इजलाशबाट नै कुनै मुद्दाको सुनुवाई हुन मनासिब देखेमा बाहेक सबै मुद्दाको सुनुवाई खुला इजलाशमा गर्नुपर्छ। [२७३]

**ख. पक्षलाई रोहबरमा राख्नु पर्नेः** मुद्दाको सुनुवाई गर्दा वा निर्णय गर्नु पर्ने विषय ठहर गर्दा पक्षहरूलाई रोहबरमा राख्नुपर्छ। तर मुद्दा सुनुवाईका लागि तोकिएको तारिखका दिन कुनै पक्ष उपस्थित नभएमा पनि मुद्दाको निर्णय गर्न बाधा छैन।

**ग. स्वार्थ बाझिएको मुद्दा हेर्न नहुनेः** न्यायाधीशले देहायका मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्न हुँदैन।

(क) आफ्नो वा आफ्नो नजिकको नातेदारको हक, हित वा सरोकार रहेको मुद्दा,

(ख) कुनै बखत आफू वारिस, कानून व्यवसायी वा साक्षी भएको मुद्दा,

(ग) आफूले न्यायाधीशको हैसियतमा कुनै अदालतमा निर्णय गरेको वा अन्तिम आदेश गरेको मुद्दा,

(घ) कुनै बखत आफूले मुद्दा चल्ने वा नचल्ने विषयमा राय दिएको मुद्दा,

(ङ) अन्य कुनै कारणले आधारभूत रुपमा आफ्नो र आफ्नो एका सगोलका परिवारका सदस्यको स्वार्थ गाँसिएको मुद्दा।

---

[२७३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२९

"**नजिकको नातेदार** भन्नाले अपुताली परे खान पाउने नाताको व्यक्ति वा मामा, माइज्यू, सानी आमा, ठूली आमा, सानु बाबु, ठूला बाबु, सासू, ससुरा, फुपू, फुपाजु, जेठान, साला, जेठी सासू, साली, दिदी, बहिनी, भिनाजु, बहिनी ज्वाइ, छोरी ज्वाइ, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाइ, भाञ्जी बुहारी, आमाका बाबु, आमाकी आमा वा त्यस्तो नाता पर्ने व्यक्तिको परिवारको सदस्य सम्झनु पर्छ भनि संहिताले स्पष्ट गरेको छ।

उल्लिखित अवस्था देखिएमा न्यायाधीशले मुद्दा हेर्न नहुने कारण खुलाई आदेश गर्नुपर्छ। यस प्रतिकूल हुने गरि कुनै न्यायाधीशले कुनै मुद्दाको कारवाही सुनुवाई वा किनारा गर्न लागेमा मुद्दाको कुनै पक्षले आवश्यक प्रमाण सहित मुद्दाको कारवाही, सुनुवाई वा किनारा नगर्न निवेदन दिन सक्छ। यस बमोजिमको निवेदन प्राप्त भएमा मुद्दा हेर्ने न्यायाधीशले मुद्दाको कारवाही, सुनुवाई वा किनारा गर्नु अघि त्यस्तो निवेदन बमोजिमको माग दाबी मनासिब भए वा नभएको यकिन गरि मुद्दा हेर्न नहुने भएमा सोही बमोजिम आदेश गर्नुपर्छ। यस बमोजिम आदेश भएकोमा मुद्दा स्थानान्तरणको लागि सम्बन्धित पुनरावेदन सुन्ने अदालत समक्ष लेखी पठाउनु पर्छ।

## घ. न्यायाधीश आफैंले गर्नुपर्ने

अदालतले गर्ने कामहरूमध्ये अभियुक्त वा साक्षीको बयान लिने वा बकपत्र गराउने, साक्षीलाई शपथ गराउने, पुर्पक्षका लागि थुनामा राख्ने वा धरौट वा जमानतमा राख्न आदेश दिने, मुद्दामा निर्णय दिनु पर्ने कुराहरुको आदेश पर्चा खडा गर्ने, प्रमाण बुझ्ने सम्बन्धी आदेश दिने, अन्तरिम वा अन्तरकालीन आदेश दिने, मुद्दाको सुनुवाई गर्ने, मुद्दाको प्रारम्भिक र पूर्व सुनुवाई छलफल गराउने, आवश्यक अन्य कुनै किसिमको आदेश गर्ने, र फैसला गर्ने, वा अन्तिम आदेश दिने काम न्यायाधीश आफैले गर्नुपर्छ। बयान वा बकपत्रको अभिलेखनको प्रयोजनको लागि न्यायाधीशले कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणीसम्मको कर्मचारीको सहयोग लिन सक्छ।[२७४]

## सुनुवाईका चरणहरुः

कुनै पनि मुद्दामा प्रारम्भिक सुनुवाई, पूर्व सुनुवाई र अन्तिम निर्णयका लागि सुनुवाई हुन सक्छ।

[२७४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७७

## १. प्रारम्भिक सुनुवाई

कुनै मुद्दा सम्बन्धमा अभियुक्तले बयान गर्दा अदालतको अधिकार क्षेत्र नभएको, वादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको वा हदम्याद नभएको भन्ने प्रश्न उठाएमा अदालतले पहिले त्यस्तो प्रश्नका सम्बन्धमा निर्णय गरेर मात्र त्यस्तो मुद्दाको अन्य कारवाही अगाडि बढाउनु पर्छ।

वादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको वा हदम्याद नभएको भन्ने देखिएमा सो मुद्दा खारेज गर्नुपर्छ। यसरी खारेज भएमा सो मुद्दाको कारवाहीको अन्त्य हुन्छ। सो खारेज हुने कारण सहितको फैसला लेख्नु पर्छ।

अधिकार क्षेत्रको प्रश्नमा भने आफ्नो अधिकार क्षेत्रभित्र नपर्ने देखिएमा अधिकार क्षेत्र भएको अदालतमा पठाउन आदेश दिनु पर्छ।

अभियुक्तले हकदैया नभएको, हदम्यादभित्र मुद्दा नपरेको वा अदालतको क्षेत्राधिकार नभएको सम्बन्धमा लिएको जिकिर मनासिब नदेखिएमा अदालतले त्यस्तो मुद्दाको कानून बमोजिम कारवाही, सुनुवाई र किनारा गर्नुपर्छ। सो मुद्दाको कारवाही अघि बढछ।

यस्तो निर्णय उपर त्यस्तो निर्णय भएको मितिले तीस दिनभित्र पुनरावेदन सुन्ने अदालतमा उजुर गर्न सकिन्छ।

यसरी भएको प्रारम्भिक सुनुवाईमा अदालतले त्यस्तो मुद्दामा हकदैया भएको, हदम्यादभित्र मुद्दा दायर भएको वा त्यस्तो मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र त्यस्तो अदालतलाई भएको भनि गरेको निर्णय उपर पुनरावेदन सुन्ने अदालतमा उजुर नगरेमा वा पुनरावेदन सुन्ने अदालतबाट सोही बमोजिम निर्णय भएमा सो निरुपण भएको प्रश्न पुनरावेदन सुन्ने अदालतमा पुनः उठाउन पाईंदैन।[२७५]

## २. पूर्व सुनुवाई

फौजदारी मुद्दामा कुनै अभियुक्तले निज उपर लागेको कसूरको आरोप स्वीकार गरि अदालतमा साविती बयान गरेमा अदालतले त्यस्तो बयानको सत्यता र विश्वसनीयतालाई समेत विचार गरि तत्काल उक्त मुद्दाको फैसला गर्न सक्छ।[२७६] यस अवस्था बाहेक

---

[२७५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५१

[२७६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२३(१)

अर्थात् अभियुक्तले कसूर इन्कार गरेको वा इन्कार प्रतिउत्तर दिएको अवस्थामा अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्नको लागि वादी तथा प्रतिवादीवीच छलफल गराउने आदेश दिन सक्छ। त्यसरी छलफल गर्ने भनि निर्धारण गरिएको दिन वादी, प्रतिवादी र नेपाल सरकार वादी हुने मुद्दाको हकमा अभियुक्त समेत अदालतमा उपस्थित हुनुपर्छ। त्यस्तो अभियुक्तले चाहेमा निजको कानून व्यवसायी समेत उपस्थित हुन सक्छ। छलफलमा वादीले दाबी र प्रतिवादीले प्रतिवाद र तत्सम्बन्धी प्रमाण प्रस्तुत गर्न सक्छन्। वादी प्रतिवादीले पेश गरेको दाबी, प्रतिबाद तथा प्रमाणबाट अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्न सक्छ।[२७७] यसरी यकिन भएको ठहर गर्नु पर्ने कुराहरु समेत खुलाई आदेश पर्चा खडा गरि प्रमाण बुझ्ने तारिख तोक्नु पर्छ।

## ३. अन्तिम सुनुवाई

प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि अदालतले सामान्यतया एक महिनाभित्र मुद्दाको सुनुवाई गरि निर्णय गर्नुपर्छ।[२७८] कुनै कसूरको अभियोग लागेको अभियुक्तले आफू उपर लागेको आरोप खण्डन गर्न वा आफ्नो प्रतिरक्षाको लागि आफूले रोजेको कानून व्यवसायी नियुक्त गरि बहस पैरवी गराउन सक्छ।[२७९]

सुनुवाई गर्दा मुद्दामा थप कुराहरू स्पष्ट गर्नको लागि लिखित बहस नोट पेश गर्न अदालतले आदेश गर्न सक्छ। यस्तो आदेश भएमा मुद्दाका पक्ष आफैंले वा निजले नियुक्त गरेको कानून व्यवसायीले अदालतद्वारा तोकिएको अवधिभित्र लिखित बहस नोट पेश गर्नुपर्छ।

## ४. बहस पैरवी (Pleading)

मुद्दाको सुनुवाई गर्दा मुद्दाका पक्षहरूले नियुक्त गरेको कानून व्यवसायी मार्फत आफ्नो दाबी वा प्रतिरक्षा गर्न बहस पैरवी गर्न सक्छन्। कुनै कसूरको अभियोग लागेको अभियुक्तले आफू उपर लागेको आरोप खण्डन गर्न वा आफ्नो प्रतिरक्षाको लागि आफूले रोजेको कानून व्यवसायी नियुक्त गरि बहस पैरवी गराउन सक्छ।[२८०]

---

[२७७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२४(१) देखी (४)

[२७८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१(१)

[२७९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३० (१)

[२८०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३० (१)

कानून व्यवसायीद्वारा प्रतिनिधित्व भएको मुद्दामा अदालतमा सुनुवाई हुँदा निजको उपस्थिति र निजको बहस महत्वपूर्ण हुन्छ। निजको आफ्नो पक्षप्रति र अदालत प्रति उत्तिकै गहन दायित्व र जिम्मेवारी हुन्छ। त्यसैले अदालतका नियमहरुमा बहसको विषय बहसको क्रम र इजलाशको मर्यादा सम्बन्धमा व्यवस्था गरिएका छन्।[२८१] यी व्यवस्थाहरुले कानून व्यवसायीको अदालत समक्षको प्रस्तुतिलाई व्यवस्थापन गर्ने उद्देश्य राखेको छ।

**क. इजलाशको मर्यादाः** कानून व्यवसायी इजलाशमा प्रवेश गर्दा, इजलाश कक्षमा रहँदा, बहस गर्दा वा इजलाश कक्षबाट बाहिर निस्कँदा इजलाशको मर्यादा कायम गर्नुपर्छ।

**ख. बहसको विषयः** मुद्दा सुनुवाई गर्ने इजलाशले मुद्दा सुनुवाईको क्रममा सो मुद्दामा छलफल हुने बुँदाहरु निर्धारण गर्नुपर्छ। यसले बहसलाई विषयवस्तुमा केन्द्रित गर्न सहयोग गर्छ। कानून व्यवसायीले बहस गर्दा मुद्दामा निर्णय गर्नु पर्ने प्रश्नमा केन्द्रित रही बहस गर्नुपर्छ।

**ग. बहसको क्रमः** बहस गर्दा सुरु तहको अदालतमा भए निवेदक वा वादीको तर्फबाट उपस्थित पुनरावेदन तहमा भए निवेदक वा पुनरावेदक तर्फबाट उपस्थित कानून व्यवसायीले बहस गर्नुपर्छ। त्यसपछि प्रत्यर्थी तर्फबाट उपस्थित कानून व्यवसायीले बहस गर्नुपर्छ। कुनै मुद्दामा दुवै पक्षको तर्फबाट निवेदन वा पुनरावेदन परेको रहेछ भने कसको तर्फबाट पहिला बहस गर्ने भन्ने कुरा सम्बन्धित इजलाशले निर्धारण गर्नुपर्छ र सोही बमोजिम बहसको क्रम कायम हुन्छ।

कुनै मुद्दामा एकै पक्षबाट एकभन्दा बढी कानून व्यवसायी भएमा सो मध्ये वरिष्ठ कानून व्यवसायीले प्रमुख कानून व्यवसायीको रुपमा बहस गर्नुपर्छ। अन्य कानून व्यवसायीले त्यसपछि क्रमशः थप तथ्यगत वा कानूनी प्रश्नमा बहस गर्नुपर्छ। तर इजलाशको अनुमति तथा प्रमुख कानून व्यवसायीको सहमतिमा प्राथमिकता क्रममा पछि भएको कानून व्यवसायीले पनि पहिले बहस गर्न सक्छ।

---

[२८१] सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ८४ देखी ८७; उच्च अदालत नियमावली, २०७३ को नियम ८७ ८७क ८७ख; जिल्ला अदालत नियमावली, २०७५ को नियम ६१ देखी ६४

**घ. बहसको समय र समयको व्यवस्थापनः** एकभन्दा बढी कानून व्यवसायी भएको मुद्दामा बहसको समय लगायत समग्र बहस व्यवस्थापन गर्ने जिम्मेवारी प्रमुख कानून व्यवसायीको हुन्छ।

मुद्दामा पक्षको तर्फबाट नियुक्त कानून व्यवसायीले इजलाशले निर्धारण गरेको समयभित्र आफ्नो बहस समाप्त गर्नुपर्छ। निर्धारित समय अपुग हुने भई अतिरिक्त समय आवश्यक पर्ने भएमा सोको उचित र पर्याप्त कारण सहित आवश्यक पर्ने समय माग गरि बहस सुरु हुनुभन्दा अघि अनुरोध गर्नुपर्छ। सो व्यहोरा मनासिब देखिएमा इजलाशले थप समय प्रदान गर्न सक्छ।

**ङ. बहस नोटः** इजलाशले सुनुवाईको लागि पेशी तोकिएको मुद्दामा पेशीको दिन अगावै निश्चित समय तोकी बहसनोट पेस गर्न आदेश दिन सक्छ। कानून व्यवसायी आफैले बहसनोट पेस गर्न चाहेमा मुद्दाको सुनुवाई अगावै बहसनोट पेस गर्न सक्छ। इजलाशले अन्यथा आदेश दिएमा बाहेक सामान्यतयाः बहस सम्पन्न भईसके पछि बहसनोट लिईंदैन। बहसनोट तयार गर्दा निर्णय गर्नु पर्ने प्रश्न स्पष्ट खुलाई सो प्रश्नमा सीमित रहनु पर्छ।

**च. बहसको अभिलेखः** इजलाशले आवश्यक ठानेमा कानून व्यवसायीको बहस रेकर्ड गरि अभिलेख गर्न सक्छ।

## ५. राय निर्माण र राय लेखन

मुद्दाको सुनुवाई सम्पन्न भएपछि कुनै प्रमाण बुझ्नुपर्ने अवस्था भएमा बाहेक सो सुनुवाई गरेको मुद्दाको फैसला गर्नुपर्छ। फैसलाको अर्थ सो मुद्दामा वादीले प्रस्तुत गरेको अभियोग दाबी बमोजिम हुने वा नहुने ठहर गर्ने हो। मुद्दामा फैसला गर्ने कुरा अत्यन्तै महत्वपूर्ण संवेदनशिल कुरा हो। कसूरदारले सजायबाट उन्मुक्ति नपाओस र बेकसूर वा निर्दोष सजायको भागी हुनु नपरोस भन्ने कुरामा फैसला गर्ने अधिकारी असाध्यै सतर्क रहनु पर्छ।

फैसला गर्दा कानून, प्रमाण, न्यायिक मान्यता, न्याय र कानूनका मान्य सिद्धान्तहरु सान्दर्भिक हुन्छन। मुद्दामा गरिएको फैसला कारण सहितको (Reasoned Decision) हुनु पर्छ। मुद्दा हेर्ने अधिकारी कुनै निष्कर्षमा पुग्दा के आधारमा त्यस्तो निष्कर्षमा पुगेको हो भनि फैसलामा देखिनु पर्छ।

त्यसकारण मुद्दाको सुनुवाई गरे पछि सो मुद्दामा लिईएको दाबी सम्बन्धी कानुनी व्यवस्था बमोजिम कसूरदार ठहर गर्न प्रमाणहरु पर्याप्त छन् छैनन, प्रस्तुत भएका प्रमाणहरुले के अवस्था देखाएका छन्, प्रस्तुत प्रमाणहरु प्रमाण कानून र अन्य प्रचलित कानून बमोजिम ग्राह्य छन् छैनन्, कानून बमोजिम ग्राह्य छन् भने तिनको प्रमाणिक मूल्य कस्ता छन् जस्ता कुराहरु विचार गरिनु पर्छ। त्यस्तै प्रस्तुत मुद्दाका प्रकृतिका सन्दर्भमा कस्ता मान्यताहरु विकसित भएका छन्, माथिल्लो अदालतबाट यस्तै प्रकारका वा यस्तै तथ्य समावेश भएका मुद्दाहरुमा कस्तो दृष्टिकोण राखिएको छ भन्ने जस्ता कुराहरुको आधारमा सो मुद्दामा निष्कर्षमा पुग्ने वा राय निर्माण गर्ने कार्य गर्नुपर्छ।

माथि लेखिएका कुराहरुमा विचार गरि त्यसको आधारमा मुद्दा हेर्ने अधिकारीले फैसला लिखित रुपमा अभिव्यक्त गर्नुपर्छ। फैसलाको पूर्णपाठ सोही दिन तयार गर्न सम्भव नभएमा सो दिन निर्णय सम्म मात्र सुनाई त्यसलाई राय किताबमा[२८२] अभिलेख गर्नुपर्छ। राय किताबमा अभियुक्तले कसूर गरे नगरेको ठहर गरि कसूर गरेको ठहर भएमा निजलाई हुने सजाय समेत खुलाउनु पर्छ। कुनै अभियुक्तलाई सजायमा छुट दिन प्रस्ताव गरि अभियोगपत्र दायर भएको मुद्दामा फैसला गर्दा कसूरदार ठहर भएको अभियुक्तलाई कसूर गरे वापत हुने सजाय किटान गरि त्यस्तो सजायमा सरकारी वकीलले लिएको प्रस्ताव बमोजिम सजायमा छुट दिने गरि फैसला गर्नुपर्छ।[२८३] फैसला गर्दा एउटै मिसिलबाट गर्नु पर्ने काम मध्ये केही बाँकी राखी पछि बुझी छिन्ने भनि फैसला गर्न पनि हुँदैन।[२८४]

यस्तो निर्णय अदालतले सम्भव भएसम्म आफ्नो वेवसाइटमा तत्काल राख्नु पर्छ।[२८५]

---

[२८२] राय किताव सो निर्णय लेखनको प्रयोजनका लागि उपयोग गरिने कापी वा रजिष्टर हो। त्यसमा यस्तो निर्णय बाहेक अन्य कुरा लेख्न हुँदैन। राय किताबमा मुद्दा नम्बर, मुद्दाको नाम, पक्ष बिपक्षको नाम, कसूर ठहर भएको निर्णय मिति र निर्णय नम्बर, कसूर ठहर गर्ने न्यायाधीशको नाम समेत उल्लेख गर्नु पर्छ। मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६७ (६)

[२८३] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १९

[२८४] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६८

[२८५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ (९)

## ६. फैसला वा अन्तिम आदेश लेखन

निर्णय सुनाएको न्यायाधीशले २१ कार्य दिनभित्र फैसला लेखी मिसिल संलग्न राख्नुपर्छ।[२८६] फैसलाको पूर्णपाठ लेख्दा *परिशिष्ट-१८* बमोजिमको ढाँचामा लेख्नुपर्छ।[२८७]

फैसलाको पूर्ण पाठमा चार खण्ड हुन्छन्। पहिलो खण्डमा इजलाश र मुद्दाको विवरण, दोस्रो तथ्य खण्ड, तेस्रो सम्बन्धित अदालतको ठहर खण्ड र चौथो तपसिल खण्ड हुन्छ।

इजलाश र मुद्दाको विवरणमा फैसला गर्ने अधिकारीको नाम, मुद्दा नम्बर, मुद्दाको नाम, पक्ष विपक्षको नाम, निर्णय मिति र निर्णय नम्बर उल्लेख गर्नुपर्छ।

तथ्य खण्डमा अनुसन्धान क्रममा संकलित कागजातहरुको संक्षिप्त व्यहोरा, अभियोग दाबी र त्यस्को कानूनी आधार र माग गरिएको सजायको व्यहोरा, अभियुक्तले गरेको बयान, भएका आदेश र आदेश बमोजिम सम्पन्न कार्यहरु, बुझिएका प्रमाण तथा कागजातहरुको संक्षिप्त व्यहोरा उल्लेख गर्नुपर्छ।

ठहर खण्डमा मुद्दाको संक्षिप्त विवरण तथा सोसँग सम्बन्धित आवश्यक कुरा, मुद्दामा कुनै कानून व्यवसायीले बहस गरेको भए त्यस्तो बहसको मुख्य मुख्य बुँदा, मुद्दाका पक्षहरुले पेश गरेको प्रमाण, ती प्रमाणको विश्वसनियता वा खण्डनीय, त्यसको आधार, प्रमाणको पर्याप्तता वा अपर्याप्तता, मुद्दामा कुनै पक्षले कुनै कानूनी प्रश्न उठाएको भए त्यस सम्बन्धी कुरा, कसूर ठहर हुने वा नहुने आधार तथा त्यसको कारण, पुनरावेदन लाग्ने वा नलाग्ने र पुनरावेदन गर्नु पर्ने अदालत तथा अन्य आवश्यक केही रहेछ भने सो कुराहरु पनि उल्लेख गर्नुपर्छ।[२८८]

फैसलाको अन्तिम भाग भनेको तपसिल खण्ड हो। यही खण्ड नै मुलतः कार्यान्वयनको क्रममा हेरिन्छ। यसमा मुख्यतः निर्णय भएको कुराको कसरी कार्यान्वयन हुने हो भन्ने कुरा लेखिन्छ। यस खण्डमा सजाय र त्यसको विवरण तथा कार्यान्वयनको तरिका, सम्पत्ति दिने दिलाउने तथा त्यसको कार्यान्वयनको तरिका, धरौटी फिर्ता, सम्पत्ति

[२८६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१(६)

[२८७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची ४३

[२८८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१(३)

फुकुवा, दसीमा प्रस्तुत भएका वस्तुहरूको व्यवस्थापन, बरामद चिजवस्तु जफत वा फिर्ता गर्ने कुरा र हार्ने पक्षलाई पुनरावेदनको म्याद दिने कुराहरु उल्लेख गर्नुपर्छ।

## ७. फैसला प्रमाणीकरण

माथि लेखिए बमोजिम तयार गरिएको फैसलामा फैसला भएको मिति र फैसला तयार भएको मिति उल्लेख गरि मुद्दा हेर्ने अधिकारिले हस्ताक्षर गरि प्रमाणीकरण गर्नुपर्छ।[२८९] यसरी प्रत्येक हप्ता तयार भई प्रमाणीकरण भएका फैसलाको विवरण कार्यालयको सूचना पाटीमा टाँस गरि आफ्नो वेबसाईटमा समेत राख्नु पर्छ।[२९०]

## ८. फैसलाको जानकारी

फैसला तयार भई प्रमाणिकरण भई सके पछि केही अवस्थामा पक्षहरुलाई जानकारी दिनु पर्ने हुन्छ। केही अवस्थामा जानकारी नदिए पनि पक्षले जानकारी पाएको मानिन्छ। कस्तो पक्षलाई जानकारी दिनु पर्ने हो भन्ने सम्बन्धमा निम्न व्यवस्था छ।

निम्न लिखित व्यक्तिहरुलाई फैसलाको सूचना दिनु पर्छ।

- मुद्दाको कारवाहीमा सुरुदेखि नै संलग्न नरहेको अभियुक्त वा प्रतिवादी,
- थुना वा कैदमा रहेको अभियुक्त
- एउटा मात्र पक्ष भई एकतर्फी कारवाही भएको मुद्दाको अभियुक्त

यी व्यक्तिहरुलाई फैसलाको सूचना दिनु पर्दा *परिशिष्ट-१९* को ढाँचामा फैसलाको सूचना दिनु पर्छ।[२९१]

यस्तो सूचना समाव्हान सरह तामेल गर्नु पर्छ। समाव्हान तामेलीको कार्यविधि यस अघि नै चर्चा गरि सकिएको हुँदा यहाँ पुनरावृति गरिएको छैन। त्यस्तो सूचना सो प्रक्रियाबाट तामेल हुन नसकेमा नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय स्तरको कुनै दैनिक समाचारपत्रमा सूचना प्रकाशन गर्नुपर्छ।[२९२] वन्यजन्तु सम्बन्धी मुद्दामा भएको फैसलाको जानकारी सम्बन्धित सरकारी वकीलको कार्यालयलाई समेत दिनु

[२८९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ (६क)

[२९०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ (१०)

[२९१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची ४४

[२९२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२

पर्छ।[२९३] सरकारी वकील कार्यालयले फैसलाको जानकारी प्राप्त गरेको मितिबाट पुनरावेदनको म्याद प्रारम्भ हुन्छ।

## ९. फैसला वा आदेशको सामान्य त्रुटि सच्याउने

फैसलामा दस्तखत भईसकेपछि कसैले पनि सो फैसलामा हेरफेर वा थपघट गर्न हुँदैन।[२९४] तर पक्षको निवेदनबाट वा सम्बन्धित कर्मचारीले दिएको प्रतिवेदनबाट फैसला वा आदेशमा रहेको लेखाई सम्बन्धी सामान्य त्रुटि सच्याउनु पर्ने देखेमा मुद्दा हेर्ने अधिकारीले फैसला वा आदेश संशोधन गर्ने गरि छुट्टै आदेश दिन सक्छ। सामान्य त्रुटि भन्नाले ठहर गरिएको विषय र इन्साफमा फरक नपर्ने गरि फैसलामा भएका अङ्क र अक्षरमा भएको फरक, वादी, प्रतिवादी वा साक्षीको नाम, थर, ठेगानामध्ये कुनै एकको उल्लेखनको त्रुटि, छपाई वा प्रिन्टिङ्गमा भएका साना तिना त्रुटि सम्झनु पर्छ।

यस्तो आदेश मूल फैसला वा आदेशको अभिन्न अङ्ग मानिन्छ। यसरी गरिएको आदेशको व्यहोरा मुद्दाका अन्य पक्षलाई पनि जानकारी गराउन आवश्यक देखिएमा अदालतले सूचना दिन सक्छ।[२९५]

## १०. थुनुवा वा कैदीलाई रिहाई गर्दा अपनाउनु पर्ने कार्यविधि[२९६]

फैसला वा आदेश बमोजिम कुनै थुनुवा वा कैदीलाई रिहाई गर्नुपर्ने भएमा निजलाई रिहाई गर्नु पर्ने कारण, कैदी वा थुनुवाको पुरा नाम र ठेगाना तथा मुद्दाको विवरण खोली सम्बन्धित कारागारलाई त्यसको आदेश पठाउनु पर्छ। यस्तो आदेश प्राप्त भएपछि सम्बन्धित कारागारले त्यस्तो आदेश बमोजिम थुनुवा वा कैदीलाई तुरुन्त रिहाई गर्नुपर्छ।

फैसला वा आदेश बमोजिम रिहा गर्नु पर्ने थुनुवा वा कैदी सो दिन अदालतमा उपस्थित रहेकोमा फैसला भएपछि तत्काल निजलाई रिहाई गरि त्यसको सूचना सम्बन्धित कारागारलाई दिनु पर्छ।

---

[२९३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२(४)

[२९४] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ७०

[२९५] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६९

[२९६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७८

**११. रोक्का रहेको सम्पत्ति फुकुवाः**

कुनै मुद्दामा कुनै सम्पत्ति रोक्का रहेको छ र फैसला वा आदेशले सो सम्पत्ति फुकुवा हुने छ भने त्यसरी रोक्का रहेको सम्पत्ति फुकुवा गर्नु पर्दा रोक्का राख्ने सम्बन्धित कार्यालय र व्यक्तिलाई त्यसको सूचना दिनु पर्छ।[२९७]

[२९७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७९

# परिच्छेद - १२
# फैसलाको जानकारी र पुनरावेदनको म्याद

## फैसला बन्धनकारी हुने

कुनै अदालत वा मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय वा फैसलामा चित्त नबुझ्ने पक्षले सो भन्दा माथिल्लो तहको अदालत वा निकायमा सो फैसला जाँच्नको लागि दिईने निवेदन नै पुनरावेदन हो। पुनरावेदनको अधिकार कानूनले प्रदान गरेको हुन्छ। कानूनले कस्तो मुद्दाको पुनरावेदन कहाँ लाग्ने हो भनि निश्चित गरि दिएको हुन्छ। मुद्दा हेर्ने अधिकारीले गरेको फैसलामा चित्त नबुझ्ने पक्षले सो फैसला विरुद्ध पुनरावेदन दिई सो फैसला वा निर्णय बदर नगराएसम्म सम्बन्धित पक्षको हकमा सो निर्णय वा फैसला बाध्यकारी हुन्छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले तोकिएको अधिकारीले गरेको फैसला उपर जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको छ। यस ऐनले पैंतीस दिन भित्र पुनरावेदन दिन सकिने व्यवस्था पनि गरेको छ। यसबाट ऐनले पुनरावेदन लाग्ने अदालत र पुनरावेदन दिने अवधि समेतको व्यवस्था गरेकोले पुनरावेदन दिने अदालत र पुनरावेदन दिने अवधि सम्बन्धमा सोही व्यवस्था आकर्षित हुन्छ। यस बाहेकका अन्य कुराहरु सम्बन्धमा यो ऐन र यस अन्तर्गत बनेका नियमावलीहरुमा कुनै व्यवस्था नभएको हुँदा प्रचलित कानूनको व्यवस्था आकर्षित हुने हुन्छ। यस पुस्तिकाको सुरुमा नै कार्यविधिको अन्य व्यवस्था सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र यस अन्तर्गत बनेको नियमावली, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ आकर्षित हुने बारे चर्चा गरि सकिएको छ। तसर्थ अन्य कुराका हकमा मुलुकी फौजदारी कार्यविधि संहिता र नियमावलीमा भएको व्यवस्थालाई आधार लिनु पर्छ।

## पुनरावेदनको म्याद सुरु हुने

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनले पैंतीस दिन भित्र पुनरावेदन दिन सकिने व्यवस्था गरे पनि सो अवधि कहिले देखि सुरु हुने भन्ने सम्बन्धमा व्यवस्था रहेको छैन। तसर्थ प्रचलित कानूनमा थाहा पाएको मितिले पुनरावेदनको अवधि सुरु हुने भनि भएको व्यवस्थालाई अनुसरण गर्नु पर्ने हुन्छ।

मुद्दाको कारवाहीमा सुरुदेखि नै संलग्न नरहेको अभियुक्त वा प्रतिवादी, थुना वा कैदमा रहेको अभियुक्त र एउटा मात्र पक्ष भई एकतर्फी कारवाही भएको मुद्दाको अभियुक्तलाई फैसलाको सूचना दिनु पर्ने हुँदा[२९८] सो सूचना तामेल भएको मितिलाई थाहा पाएको मिति मानिन्छ। तसर्थ यस्ता अवस्थाका प्रतिवादीहरुका हकमा सो मितिबाट पुनरावेदनको म्याद सुरु हुन्छ।

अन्य अवस्थाका प्रतिवादीहरुले फैसलाको नक्कल लिएर वा अन्य कुनै तवरबाट जानकारी पाएको रहेछ भने सो मितिबाट पुनरावेदनको म्याद सुरु हुन्छ। तर अदालतबाट सुनुवाई हुँदाका बखत मुद्दाको पक्ष वा निजको कानून व्यवसायी उपस्थित भई बहस पैरवी गरेको रहेछ र सोही दिन फैसला भएको रहेछ भने मुद्दाको पक्षले त्यस्तो फैसला भएको थाहा पाएको मानिन्छ।[२९९] त्यस्तो कुनै अवस्था रहेनछ भने पनि फैसला भएको मितिले एक वर्षको अवधि नाघेपछि पक्षले फैसला भएको स्वतः थाहा पाएको मानिन्छ।[३००]

यस बमोजिमको मुद्दामा भएको फैसलाको जानकारी सम्बन्धित सरकारी वकीलको कार्यालयलाई दिनु पर्ने कानूनी व्यवस्था छ।[३०१] सो बमोजिम फैसलाको जानकारी प्राप्त भएको मितिबाट वादी पक्ष अर्थात् नेपाल सरकारको हकमा पुनरावेदन गर्ने म्याद सुरु हुन्छ।[३०२]

### पुनरावेदनको म्याद थामिने

पुनरावेदनको लागि कानूनले निर्धारित गरेको अवधि भित्र नै पुनरावेदन गर्नुपर्छ। तर त्यस अवधिभित्र पुनरावेदन गर्न नसकेको कारण देखाई पुनरावेदन गर्न चाहने पक्षले निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिब ठहराएमा पुनरावेदन सुन्ने अदालतले बढीमा तीस दिनसम्मको म्याद थामिदिन सक्छ।[३०३]

---

[२९८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२

[२९९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(३)

[३००] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ (४)

[३०१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा१३२(४)

[३०२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ (३) को प्रतिवन्धात्मक वाक्यांँश

[३०३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ (१)को प्रतिवन्धात्मक वाक्यांँश

# परिच्छेद - १३
# पुनरावेदन दर्ता र कारवाही

## मुद्दा हेर्ने निकाय मार्फत पुनरावेदन गर्न सकिने

मुद्दा हर्ने अधिकारीले गरेको फैसला उपर चित्त नबुझ्ने पक्षले पुनरावेदन तहको अदालतमा सो फैसला विरुद्ध पुनरावेदन गर्न पाउँछ। यस्तो पुनरावेदनपत्र कानूनले तोकेको म्याद भित्र पुनरावेदन सुन्ने अदालत वा निकायमा दर्ता गर्नुपर्छ। वन्यजन्तु अपराध मध्ये संरक्षक वा डिभिजनल वन अधिकृतले गरेको फैसला उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्छ। तसर्थ सुरु तहको फैसला अर्थात् संरक्षक वा डिभिजनल वन अधिकृतले गरेको फैसला उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दर्ता गर्नुपर्छ। तर प्रचलित कानूनले फैसला गर्ने अदालत वा निकाय मार्फत पनि पुनरावेदन दर्ता हुन सक्ने व्यवस्था गरेको हुँदा[३०४] मुद्दा हेर्ने अधिकारी वा निकायले आफ्नो फैसला उपर आफ्नै कार्यालय वा निकाय मार्फत पुनरावेदन दर्ता गर्ने सम्बन्धमा ध्यान दिनु पर्ने तथा अपनाउनु पर्ने कार्यविधि सम्बन्धमा जानकारी राख्नु पर्ने हुन्छ। यस परिच्छेदमा सोही सम्बन्धी कानूनी व्यवस्थाको चर्चा गरिएको छ।

## पुनरावेदनपत्रको ढाँचा र पुनरावेदनपत्रमा खुलाउनु पर्ने कुराः

पक्षले पुनरावेदन दिंदा तोकिएको ढाँचामा दिनु पर्छ।[३०५] यस्तो पुनरावेदनमा अन्य कुराको अतिरिक्त पुनरावेदक र प्रत्यर्थीको पुरा नाम र ठेगाना, मुद्दाको संक्षिप्त विवरण, तल्लो अदालतको निर्णयमा चित्त नबुझेको कुरा र त्यसको आधार, पुनरावेदन सुन्ने अदालतबाट निर्णय हुनु पर्ने कुराहरु र सम्बन्धित कानून स्पष्ट रुपमा उल्लेख गरि पुनरावेदकले सहीछाप गर्नुपर्छ।[३०६]

पुनरावेदन साथ जुन फैसला उपर पुनरावेदन दिन खोजेको हो त्यस्तो फैसलाको प्रतिलिपि र फैसलाबाट निजलाई कुनै सजाय भएको रहेछ भने निजले त्यस्तो सजाय भोगेको वा

---

[३०४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३५

[३०५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३६ (१) अनुसूची ४५बमोजिमको ढाँचामा

[३०६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३६ (२)

बुझाएको वा त्यस वापत कैदमा रहेको वा जमानत दिएको वा धरौट राखेको निस्सा समेत संलग्न गर्नुपर्छ।[३०७]

धरौट वा जमानत नदिने व्यक्तिलाई कैद सजाय भएको रहेछ भने निजले त्यस्तो सजाय वापत कैदमा बसेर मात्र पुनरावेदन गर्न सक्छ।[३०८] मुद्दाको कारवाहीको सिलसिलामा थुनामा वा कैदमा परी फैसला बमोजिमको सजाय भुक्तान गरि सकेको व्यक्ति भए पुनरावेदन गर्नको लागि कैदमा बस्न वा धरौट वा जमानत दिन पर्दैन।[३०९]

सुरु अदालतमा पुर्पक्षको लागि धरौट वा जमानत दिने व्यक्तिको हकमा पुनरावेदन गर्दा त्यस्तो धरौट वा जमानतबाट पुगेसम्म सोही धरौट वा जमानतलाई कायम गर्न सकिन्छ।[३१०] पुनरावेदन गर्ने व्यक्ति बाहेक अरु कसैको सम्पत्ति धरौट वा जमानत रहेकोमा त्यस्तो व्यक्तिको मञ्जुरीविना त्यस्तो सम्पत्तिलाई धरौट वा जमानत कायम गर्न सकिँदैन।[३११]

## पुनरावेदनपत्रको जाँच

प्रचलित कानूनले फैसला गर्ने अदालत मार्फत पनि पुनरावेदन दर्ता हुन सक्ने व्यवस्था गरेको हुँदा सो दर्ता गर्दा पुनरावेदनपत्रको रीत पुगे नपुगेको जाँच गर्नु पर्ने हुन्छ। त्यसकारण पुनरावेदनपत्रमा उल्लेख गर्नु पर्ने विवरण सम्बन्धमा जानकारी राख्नु पर्ने हुन्छ।

पुनरावेदनपत्रमा पुनरावेदक र प्रत्यर्थीको पुरा नाम र ठेगाना, मुद्दाको संक्षिप्त विवरण, तल्लो अदालतको निर्णयमा चित्त नबुझेको कुरा र त्यसको आधार, पुनरावेदन सुन्ने अदालतबाट निर्णय हुनु पर्ने कुराहरु र सम्बन्धित कानून स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्छ। यस अतिरिक्त पुनरावेदनपत्रमा निम्न विवरण उल्लेख भएको हुनु पर्छ।[३१२]

---

[३०७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३६ (३)

[३०८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(१) देखी (५)

[३०९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ (८)(क)

[३१०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ (९)

[३११] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ (११)

[३१२] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ७१

(क) फैसला वा अन्तिम आदेश गर्ने अदालतको नाम,

(ख) पुनरावेदक वादी वा प्रतिवादी भएको व्यहोरा,

(ग) मुद्दाको नाम,

(घ) फैसला वा अन्तिम आदेश भएको मिति, थाहा पाएको मिति र पुनरावेदनको म्याद सम्बन्धी विषय,

(ङ) मुद्दामा भएको सजाय र कायम भएको बिगो,

(च) फैसला वा अन्तिम आदेशमा चित्त नबुझेको विषय, त्यसको आधार र कारण,

(छ) पुनरावेदन जिकिर र सोको कानूनी आधार,

(ज) अन्य पक्ष वा प्रत्यर्थीको पुनरावेदन परे वा नपरेको जानकारी भए सो व्यहोरा,

(झ) पुनरावेदक कैद वा थुनामा परेको भए कहिलेदेखि कैद वा थुनामा परेको हो सो कुरा,

(ञ) दण्ड, जरिवाना, बिगो बुझाएको भए कहिले, कहाँ बुझाएको हो त्यसको प्रमाण,

(ट) पुनरावेदन दस्तुर बुझाएको प्रमाण,

(ठ) पुनरावेदनको म्याद सम्बन्धी विषय,

(ड) अधिकार क्षेत्र सम्बन्धी विषय।

अदालतमा दर्ताको लागि पेश गरेको पुनरावेदनपत्र देहाय बमोजिमको भए नभएको हेरी रीत पुगेको देखिए दर्ता गर्नु पर्छ।[३१३]

(क) रीत र ढाँचा मिलेको,

(ख) पुनरावेदन गर्ने म्यादभित्रको भएको,

(ग) उल्लेख गर्नु पर्ने आवश्यक विवरण उल्लेख गरेको,

(घ) तल्लो तहको अदालतबाट सो मुद्दामा भएको फैसला वा अन्तिम आदेशको स्पष्ट बुझिने प्रमाणित प्रतिलिपि संलग्न गरेको,

---

[३१३] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ७२ (१)

(ङ) पुनरावेदनपत्रको स्पष्ट बुझिने प्रतिलिपि संलग्न गरेको,

(च) लागेको दण्ड जरिवाना र पुनरावेदन दस्तुर दाखिल गरेको।

### पुनरावेदनपत्र र सम्बन्धित मिसिल पठाउने

माथि लेखिए बमोजिम पुनरावेदन दर्ता भएकोमा त्यस्तो अदालतले पुनरावेदकले निजलाई भएको सजाय भोगेको वा बुझाएको वा त्यस वापत धरौट वा जमानत दिएको भए त्यस्तो व्यहोरा खोली पुनरावेदन सुन्ने अदालतमा यथासम्भव चाँडो पुनरावेदन तथा सम्बन्धित मिसिल समेत साथै पठाई पुनरावेदकलाई त्यस कुराको जानकारी दिनु पर्छ।[३१४]

[३१४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३५ (२) र (३)

# परिच्छेद - १४
# फैसला कार्यान्वयन

## अ. फैसला कार्यान्वयन सम्बन्धी अभिलेख

### क. सजायको लगत

अदालतबाट कुनै मुद्दाको फैसला भए पछि सम्बन्धित अदालतले त्यस्तो फैसला बमोजिम लागेको दण्ड, जरिवाना वा ठहरेको विगो वा क्षतिपूर्तिको लगत तयार गर्नुपर्छ। पुनरावदेन अदालतबाट कसूरदार ठहरेकोमा त्यसको लगत खडा गरि कार्यान्वयन गर्न सम्बन्धित जिल्ला अदालतमा फैसलाको प्रतिलिपि पठाउनु पर्छ।

यसरी लगत खडा गरेपछि सम्बन्धित अदालतले फैसला कार्यान्वयन गर्नुपर्छ। फैसला कार्यान्वयनको लागि कुनै काम कुनै निकायले गर्नु पर्ने रहेछ भने सम्बन्धित निकायलाई त्यस्तो काम गर्न आदेश दिनु पर्छ।[३१५]

**सजायको लगत कट्टा[३१६]**

यसरी अदालतबाट तयार भएको लगत सामान्यतया कार्यान्वयन भए पछि कट्टा हुन्छ। यस बाहेक केही अवस्थाहरुमा सजाय कार्यान्वयन नभए पनि लगत कट्टा हुन्छ। माथि लेखिए बमोजिम खडा भएको लगत देहायको अवस्थामा कारण खुलाई कट्टा गर्नु पर्छ।

(क) कसूरदारले कैद भुक्तान गरेमा,

(ख) कसूरदारले प्रचलित कानून बमोजिम श्रम गरि कैद भुक्तान गरेमा,

(ग) कसूरदारको मृत्यु भई सजाय मिनाहा भएमा,

(घ) कसूरदारले प्रचलित कानून बमोजिम सुधार गृह वा सामुदायिक केन्द्रमा कैद भुक्तान गरेमा वा सामुदायिक सेवा गरि कैद भुक्तान गरेमा,

(ङ) कसूरदारले सजाय माफी पाएमा,

---

[३१५] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५१ (१)(२) र (३)

[३१६] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६०

(च) कसूरदारले यस परिच्छेद बमोजिम जरिवाना वा विगो वा क्षतिपूर्ति वापतको पूरै रकम बुझाएमा, वा

(छ) कसूरदारलाई लागेको कैद वा सजाय वा विगो वा क्षतिपूर्ति वापतको रकम असूल गरिएमा।

यस अतिरिक्त एक वर्षसम्मको कैद सजाय भएकोमा बाह्र वर्ष सम्म अदालतमा उपस्थित नभएमा, कारागारमा कैद बस्न नआएमा वा पक्राउ हुन नसकेमा निजको हकमा खडा भएको कैदको लगत कट्टा गरिदिनु पर्ने व्यवस्था रहेको छ।

तथापि यसरी लगत कट्टा भएको व्यक्ति त्यस्तो अवधि भुक्तान भएपछि फेला परेमा अदालतले निजको हकमा लगत कट्टा नभए सरह फैसला कार्यान्वयन गर्नुपर्छ। मुद्दाको कारवाहीको क्रममा निजको सम्पत्ति रोक्का गरिएको रहेछ भने त्यस्तो सम्पत्ति जफत गरि लिलाम बिक्री गरि प्राप्त रकम संचित कोषमा दाखिला गर्नुपर्छ।

सजाय भुक्तान नभएको कारणले लगत कट्टा भएको व्यक्तिले त्यस्तो लगत ठेकिने गरि भएको फैसला बमोजिमको सजाय भुक्तान नगरेसम्म प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज कुनै पनि सार्वजनिक जवाफदेहीको पदमा नियुक्ति वा मनोनयन हुन, तोकिन वा निर्वाचित हुन अयोग्य भएको मानिने भनि कानूनले व्यवस्था गरेको छ।

**ख. कार्यान्वयन गर्ने निकाय**[३१७]

नियमित अदालत बाहेक अन्य न्यायिक निकायबाट भएको फैसलाको कार्यान्वयन सम्बन्धित निकायले गर्नुपर्छ। फैसला कार्यान्वयन गर्ने सम्बन्धमा कानूनमा अन्यथा व्यवस्था नभएकोमा फौजदारी कार्यविधि संहिता बमोजिम नै फैसला कार्यान्वयन गर्नुपर्छ।

**ग. फैसला कार्यान्वयन स्थगित**

कानून बमोजिम पुनरावेदन लाग्न सक्ने मुद्दामा पुनरावेदन परेको भए पुनरावेदनको रोहबाट मुद्दाको अन्तिम किनारा नभएसम्म वा पुनरावेदन नपरेकोमा पुनरावेदन लाग्न सक्ने म्याद भुक्तान नभएसम्म तथा साधक पेश हुने मुद्दा भए पेश भएको साधकको

[३१७] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५२ (४)

निकासा नभएसम्म फैसला कार्यान्वयन स्थगन गर्नुपर्छ। पुनरावेदन परेकोमा पुनरावेदन गर्ने पक्षले पुनरावेदन गरेको व्यहोराको निवेदन सम्बन्धित अदालतमा दिनु पर्छ।[३१८]

### घ. फैसला कार्यान्वयनको क्रममा भएको काम कारवाही उपरको उजुरी

फैसला कार्यान्वयनको सिलसिलामा सम्बन्धित कर्मचारीले गरेको काम कारवाही उपर चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सोही अदालतका न्यायाधीश समक्ष पन्ध्र दिनभित्र उजुर गर्न सक्छ।[३१९] यसरी परेको उजुरी एक महिनाभित्र टुङ्गो लगाउनु पर्छ।[३२०] यस बमोजिम परेको उजुरी उपर भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्छ।[३२१] यस्तो उजुरी दुई महिनाभित्र टुङ्गो लगाउनु पर्छ।[३२२]

### ङ सम्पत्ति रोक्का, कब्जा वा नियन्त्रण राख्ने कार्यविधि[३२३]

कुनै अभियुक्त, प्रतिवादी वा कसूरदारको सम्पत्ति रोक्का राख्दा, कब्जा वा नियन्त्रणमा लिँदा सम्बन्धित अदालतले देहाय बमोजिम गर्नु पर्छ।

(क) दर्ता वा छुट्टै अनुमति प्राप्त भएको सम्पत्ति भए दर्ता नामसारी गर्ने वा लाइसेन्स दिने वा नवीकरण गर्ने कार्यालयलाई रोक्काको जनाउ दिने,

(ख) नगद सम्पत्ति भए त्यस्तो नगद राख्ने संस्थालाई रोक्काको जनाउ दिने,

(ग) बाली वा बहाल आउने सम्पत्ति भए सम्बन्धित स्थानीय तहलाई त्यस्तो बाली वा बहाल असूल गरि धरौटी खातामा जम्मा गर्न आदेश दिने,

(घ) चाँडै नासिने वा बिग्रने सम्पत्ति वा चौपाया भए त्यस्तो सम्पत्ति लिलाम बिक्री गरि त्यसबाट प्राप्त रकम धरौटी खातामा जम्मा गर्न लगाउने।

कुनै व्यक्तिको सम्पत्ति रोक्का राख्दा निजले अरु कसैलाई कुनै ऋण दिएको वा लगानी गरेको भए त्यस्तो ऋण वा लगानीको साँवा, व्याज वा अन्य कुनै प्रतिफल समेत निजले

---

[३१८] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५३ (१) र (२)

[३१९] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६८ क(१)

[३२०] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६८ क(३)

[३२१] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६८क (२)

[३२२] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६८ क (३)

[३२३] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६७

असूल उपर गर्न नपाउने गरि ऋणीलाई अदालतले आदेश दिनु पर्छ। यस्तो रकम ऋणीलाई नै अदालतमा दाखिल गर्न लगाउनु पर्छ।

यसरी रोक्का भएको सम्पत्ति उपर अरु कसैको हक भए त्यस्तो व्यक्तिले आफ्नो हक देखाई त्यसरी रोक्का भएको थाहा पाएको पैंतीस दिनभित्र रोक्का गर्ने अदालतमा निवेदन गर्न सक्छ। यस्तो उजुर परेमा त्यस्तो अदालतलाई कानून बमोजिम सम्पत्तिको हक बेहकको निर्णय गर्ने अधिकार भए सोही अदालतले तत्सम्बन्धी निर्णय गर्न र त्यस्तो अधिकार नभए अधिकार प्राप्त अदालतमा त्यस्तो उजुरी पठाई दिनु पर्छ।

अदालतले कुनै निर्णय गरेकोमा त्यस्तो निर्णयमा चित्त नबुझने व्यक्तिले कानून बमोजिम पुनरावेदन गर्न सक्छ।

### आ. सजाय असूली

#### क. कैद असूली

अदालतबाट फैसला हुँदा कसूरदार ठहरी कैदको सजाय पाएको व्यक्ति अनुसन्धानको सिलसिलामा हिरासत वा थुनामा बसेको भए निजलाई त्यसरी थुनामा बसेको अवधि फैसला बमोजिमको कैदमा कटाई बाँकी अवधिको लागि मात्र कैद गर्नुपर्छ।[३२४]

कैद सजाय पाउने व्यक्ति अदालतमा उपस्थित रहेको भए निजलाई अदालतले कारागारमा चलान गरि पठाउनु पर्छ। निज उपस्थित भएको रहेनछ वा थुना वा कैदमा पनि बसेको रहेनछ भने निजलाई पक्राउ गरि कारागारमा बुझाउने गरि सम्बन्धित प्रहरी कार्यालयलाई तोकिएको ढाँचामा आदेश पठाउनु पर्छ।[३२५]

फैसला कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा कारागार कार्यालयले सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनु पर्छ र जिल्ला अदालतबाट निकासा भए बमोजिम गर्नुपर्छ।[३२६]

अदालतमा उपस्थित कसूरदारको हकमा कैदी पूर्जी जारी भई आएपछि र फरारको हकमा समेत कसूरदार प्रहरी कार्यालयबाट पक्राउ भई अदालतमा पेश गरि निजको नाममा कैदी पूर्जी जारी भई आएपछि कारागार कार्यालयले त्यस्तो कसूरदारलाई कानून

---

[३२४] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६१(१)

[३२५] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५१ (४) अनुसूची ४९

[३२६] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५१(५)

बमोजिम कैदमा राख्नु पर्छ।[३२७] तर अठार वर्ष उमेर नपुगेको बालबालिका कसूरदार ठहरिएकोमा निजलाई नेपाल सरकारले व्यवस्था गरेको छुट्टै बाल सुधार गृह वा यस्तै अन्य गृहमा राख्नु पर्छ। कारागार कार्यालयले कैदमा राख्दा कसूरदार कहिलेदेखि थुनामा रहेको वा पक्राउ परेको हो निजको कैद अवधि कहिले भुक्तान हुने हो भन्ने कुरा समेतको अभिलेख तयार गरि अद्यावधिक रुपमा राख्नु पर्छ।[३२८]

## १ कैद वापत रकम तिर्न सकिने

फौजदारी कार्यविधि संहिताले केही मुद्दाहरुमा सजायको स्थगन गर्न सकिने र विदेशीलाई रकम तिरेर कैदमा बस्नु नपर्ने सुविधा दिन सकिने व्यवस्था गरेको छ। यसरी रकम तिरेमा कसूरदारले कैद भुक्तान गरेको मानिन्छ।[३२९]

कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसूरदारको उमेर, कसूरको गम्भीरता, कसूर गरेको तरिका, आचरण समेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्ने समेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यस वापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहर्याएमा कैद वापतको रकम तिरी कैद बस्नु नपर्ने गरि आदेश दिन सक्छ।[३३०] यसरी आदेश भएको कसूरदारले कैद वापत रकम बुझाउँदा एक दिन कैदको ३०० रुपैयाँका दरले रकम बुझाउनु पर्छ।[३३१]

यस्तो आदेश दिनुअघि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको कसूर नगरि राम्रो आचरण पालन गर्नेछु भन्ने व्यहोराको कागज गराउनु पर्छ।[३३२] कैदबाट छुटेको व्यक्तिको कैदको लगत कैद भुक्तान हुने अवधिसम्मका लागि कायम रहन्छ। निजले राम्रो आचरण नगरेमा वा कसूर गरेमा अदालतले जुनसुकै बखत यो आदेश रद्द गर्न

[३२७] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५४(१)
[३२८] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५४(२)
[३२९] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५(८)
[३३०] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५(१)
[३३१] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा१५५(३)
[३३२] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५ (२)

सक्छ।[३३३] यसरी आदेश रद्द भएकोमा त्यस्तो कसूरदारले निजलाई भएको पूरै सजाय कैदमा बसी भुक्तान गर्नुपर्छ।[३३४] कैद बस्न छुट भएको व्यक्तिले त्यसरी छुटेको मितिले तीन वर्षभित्र कैदको सजाय हुने कुनै कसूर गरेमा निजलाई पहिले भएको फैसला बमोजिमको कैद समेत थपी सजाय कार्यान्वयन गर्नुपर्छ।[३३५]

यस अघि प्रचलनमा रहेको मुलुकी ऐनको दण्ड सजाय महलको ११ नं. मा यस्तै प्रकारको व्यवस्था रहेको थियो। सो कानूनी व्यवस्थाका सन्दर्भमा सर्वोच्च अदालतबाट भएको व्याख्या प्रासंगिक नै हुँदा यहाँ चर्चा गरिएको छ। सो व्यवस्था संविधान द्वारा प्रदत्त समानताको हक प्रतिकुल भएको भनि सो व्यवस्थालाई चुनौती दिई परेको एउटा निवेदनमा अपराधको प्रकृति, अवस्था, असर र गम्भीरता जस्ता दण्ड निर्धारणका विविध तत्वहरूलाई आधार मानी सानातिना अपराधको पुनरावृत्ति नहोस् र कसूरदारले पनि सुध्रिने मौका पाई एउटा असल नागरिक बन्न सकोस् भन्ने उद्देश्यले दण्डको सुधारात्मक सिद्धान्त (Reformative Theory) अवलम्बन गरि न्यायकर्ताले उपयुक्त दण्ड निर्धारण गर्न सक्ने गरि भएको कानूनी व्यवस्थालाई संविधानविपरीत भन्न नसकिने भनि निर्णय भएको छ।[३३६]

दण्ड सजायको ११क नं. को प्रयोग गर्ने आधार उल्लेख गर्दै सर्वोच्च अदालतले कस्तो अवस्थामा दण्ड सजायको ११क नं. को प्रयोग गर्ने भन्ने कुराका हकमा मूलतः कसूरको गम्भीरता, सजायको मात्रा, कसूरबाट पीडित वर्गमा पर्ने मर्का, सार्वजनिक हकहित र नैतिकतामा पर्ने असर, क्षति पूरणीय वा अपूरणीय के हो? कसूर गरेको ठहर भएका व्यक्तिमा पश्चातापको भाव झल्केको छ, छैन र निजमा सुधारको संभावना छ, छैन आदि विचार गरि त्यस्तो व्यवस्थाको अर्थपूर्ण एवं सार्थकढंगले प्रयोग गर्नु पर्दछ भनेको छ। यस कानूनी व्यवस्थाको प्रयोग गर्दा किञ्चित पनि दुरूपयोग वा लापरवाहीपूर्ण प्रयोग भयो भने सजायको उद्देश्य हासिल हुदैन र कानूनको अभिष्ट पराजित हुन्छ। दण्ड सजायको ११क नं. को प्रयोग गर्दा उल्लिखित कुराहरू दण्ड सजाय दिने अधिकारीले विचार पुर्‍याउनु पर्ने भनि मार्गदर्शन गरिएको छ।[३३७]

---

[३३३] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५ (९)

[३३४] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५ (१०)

[३३५] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५ (४)

[३३६] नेपाल कानून पत्रिका, २०६९ अङ्क ७ नि नं ८८५४

[३३७] नेपाल कानून पत्रिका, २०६४ अङ्क ५ नि नं ७८४५

**विदेशी नागरिकको** हकमा एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएकोमा कैद सजाय वापत प्रति दिन ५०० रुपैयाँका दरले हुन आउने रकम बुझाएमा कैदमा बस्नु नपर्ने आदेश हुन सक्छ।

एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय पाई थुना वा कैदमा रहे बसेको विदेशी नागरिकले कैदको सट्टा रकम तिरी कैदबाट छुटकारा पाउन निवेदन दिएमा अदालतले कैद सजाय वापत प्रति दिन ५०० रुपैयाँका दरले हुन आउने रकम एकमुष्ट तोकी त्यस्तो रकम बुझाएमा बाँकी अवधि कैदमा बस्नु नपर्ने गरि आदेश दिन सक्छ।[३३८] यसरी आदेश दिँदा अदालतले त्यस्तो व्यक्तिलाई ७ दिनभित्र नेपाल बाहिर पठाउने आदेश दिनु पर्छ। अध्यागमन कार्यालयले अदालतको आदेश बमोजिम त्यस्तो व्यक्तिलाई नेपाल बाहिर पठाउनु पर्छ।[३३९]

यसरी प्राप्त भएको रकम अर्थात् कैद वापतको रकमको पचास प्रतिशत रकम कानून बमोजिम खडा भएको पीडित राहत कोषमा जम्मा गर्नुपर्छ।[३४०]

## २ मृत्यु भएमा सजाय मिनाहा हुने

अदालतबाट कसूरदार ठहरी सजाय पाएको व्यक्तिको मृत्यु भएमा मृत्यु हुँदाका बखतसम्म कार्यान्वयन हुन बाँकी रहेको सम्पूर्ण कैद सजाय वा जरिवाना स्वतः मिनाहा हुन्छ।[३४१]

सरकारी वा निजी बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम भर्नु पर्ने व्यक्तिको त्यस्तो बिगो, क्षतिपूर्ति वा रकम भराउनु अगावै मृत्यु भएमा निजको हकको सम्पत्तिबाट असूल उपर हुनेसम्म असूल उपर गरि भराई दिनु पर्छ।[३४२] त्यस्तो रकम भराउँदा क्रमशः सरकारी बिगो, क्षतिपूर्ति, निजी क्षतिपूर्ति र बिगोलाई प्राथमिकता दिई क्रमशः भराउनु पर्छ।[३४३]

---

[३३८] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५(५) सपठीत दफा १५९(४)

[३३९] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५(६)

[३४०] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५(७)

[३४१] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५८(१)

[३४२] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५८ (२)

[३४३] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५८ (३)

## ३ सजाय माफी

अदालतको फैसला बमोजिम ठेकिएको सजाय पाएको व्यक्तिको हकमा नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट माफी, मुलतवी, परिवर्तन वा कम हुन सक्छ। यसको लागि कानूनले केही प्रक्रिया र नकारात्मक सूची समेत निर्धारण गरेको छ।

अदालतको फैसला बमोजिम ठेकिएको सजाय पाएको व्यक्तिले सो सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्न गृह मन्त्रालय मार्फत राष्ट्रपति समक्ष निवेदन दिन सक्छ।[३४४] यस्तो निवेदन आवश्यक कारवाहीको लागि राष्ट्रपतिले गृह मन्त्रालयमा पठाएमा सो मन्त्रालयले कसूरको प्रकृति र कसूर गर्दाको अवस्था, कसूरदारको उमेर तथा शारीरिक अवस्था, कसूरदारलाई तोकिएको सजायको हद, कसूरदारले सो सजाय पाउनुअघि कुनै कसूर गरि कैदको सजाय पाएको वा नपाएको वा पाएको भए त्यस्तो कसूरको प्रकृति र निजले भोगेको सजाय र कसूरदार थुनामा रहेको वा नरहेको कुराहरु विचार गरि निजलाई भएको सजाय माफी गर्ने, मुल्तवी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने सम्बन्धमा निर्णयको लागि नेपाल सरकार समक्ष पेश गर्न सक्छ।[३४५] यस सन्दर्भमा नेपाल सरकारले कानून बमोजिम स्थापित प्यारोल तथा प्रोवेशन बोर्डको परामर्श पनि लिन सक्छ।[३४६]

यसरी सिफारिस भएको अवस्थामा निवेदकलाई भएको सजाय पूरै वा आंशिक रुपमा माफी हुनु पर्ने, त्यसलाई मुलतवी राख्नु पर्ने, परिवर्तन गर्नु पर्ने वा कम गर्नु पर्ने मनासिब कारण देखेमा त्यसको आधार खुलाई आफनो राय सहित राष्ट्रपति समक्ष सिफारिस गर्नुपर्छ।[३४७] यस्तो प्रस्ताव वा सिफारिस गर्ने प्रयोजनको लागि नेपाल सरकारले आवश्यक मापदण्ड बनाउन सक्छ।[३४८]

केही मुद्दाहरु र केही अवस्थाहरुमा भने सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्न कारवाही गर्न सकिँदैन। भ्रष्टाचार, यातना, जबरजस्ती करणी, क्रुर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको, जाति हत्या, विष्फोटक पदार्थ, अपहरण,

---

[३४४] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५९ (१)
[३४५] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५९ (३)
[३४६] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५९ (६)
[३४७] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५९ (७)
[३४८] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५९ (११)

शरीर बन्धक वा व्यक्ति बेपत्ता, मानव बेचविखन तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, र तीन वर्षभन्दा बढी कैद सजाय हुने लागूऔषधको ओसारपसार वा कारोबारका कसूरका कसूरदारलाई भएको सजाय सम्बन्धमा भने यस्तो कारवाही गर्न नसकिने गरि बन्देज लगाईएको छ।[३४९] त्यस्तै कुनै अदालतमा पुनरावेदन, साधक जाँच वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउने अवस्थाको रोहमा विचाराधीन रहेको वा जुन अदालतको फैसलाबाट सजाय तोकिएको हो त्यस्तो सजाय अन्तिम भई नसकेको अवस्थामा गृह मन्त्रालयले कारवाही गर्न नसक्ने व्यवस्था छ।[३५०]

नेपाल सरकारबाट भएको सिफारिस बमोजिम कुनै कसूरदारलाई ठेकिएको सजाय राष्ट्रपतिबाट माफी भएमा, त्यसलाई मुलतवी राखिएमा, परिवर्तन भएमा वा कम गरिएमा नेपाल सरकारले त्यसको सूचना सम्बन्धित अदालतलाई दिनु पर्छ।[३५१] यस्तो सूचना प्राप्त गरेपछि सम्बन्धित अदालतले सोही बमोजिम सजायको लगत कट्टा वा अद्यावधिक गर्नुपर्छ।[३५२]

राष्ट्रपतिबाट कुनै व्यक्तिलाई ठेकिएको सजाय माफी भएको, सजाय परिवर्तन वा कम भएको कारणले सम्बन्धित अदालतको फैसला बदर हुँदैन र त्यस्तो व्यक्तिले भोगि सकेको सजाय वा भुक्तानी गरिसकेको जरिवाना वा बिगोलाई कुनै असर पर्दैन।[३५३]

## ख. जरिवाना असूली

कुनै कसूरदार अनुसन्धानको सिलसिलामा थुनामा बसेकोमा निजलाई कैदको सजाय नभई जरिवाना मात्र हुने ठहरेको भए निज थुनामा बसेको अवधिको एक दिनको ३०० रुपैयाँको दरले हिसाव गरि हुन आउने जम्मा रकम त्यस्तो कसूरदारले बुझाउनु पर्ने जरिवानाको रकममा कट्टा गर्नुपर्छ।[३५४]

[३४९] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५९ (४)
[३५०] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५९(५)
[३५१] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५९(८)
[३५२] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५९(९)
[३५३] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५९(१०)
[३५४] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६१(२)

अदालतबाट खडा भएको लगत अनुसार जरिवाना तिर्नु पर्ने व्यक्तिले जरिवानाको रकम तत्काल बुझाउनु पर्छ।[३५५] त्यस्तो व्यक्तिले जरिवाना तत्काल बुझाउन नसकी त्यस वापत कुनै सम्पत्ति जमानत दिएमा अदालतले एक वर्षभित्र त्यस्तो रकम चुक्ता हुने गरि बढीमा तीन किस्तामा जरिवाना बुझाउने आदेश दिन सक्छ।[३५६]

किस्तावन्दीमा जरिवाना रकम बुझाउने व्यवस्था भएकोमा वा मुद्दाको कारवाहीको सिलसिलामा कैद वा थुनामा परी सजाय भुक्तान गरिसकेकोमा वा निजले राखेको धरौट वा जमानतबाट जरिवानाको रकम असूल हुने भएमा बाहेक कसूरदारले जरिवानाको रकम तत्काल नवुझाएमा अदालतले जरिवाना वापत कैद गर्न सम्बन्धित कारागारको नाउँमा आदेश पठाउनु पर्छ।[३५७]

कसूरदार ठहर भएको व्यक्तिले राखेको धरौट वा जमानतबाट असूल गर्दा जरिवानाको रकमले पहिलो प्राथमिकता पाउँछ।[३५८]

## इ. बिगो असूली

### क. सरकारी बिगो असूली

अदालतबाट फैसला हुँदा असूल उपर हुनु पर्ने गरि ठहर भएको सरकारी बिगो वा अन्य कुनै रकम सम्बन्धित व्यक्तिले बुझाउनु पर्छ।[३५९] सरकारी बिगो वा त्यस्तो रकम त्यस्तो व्यक्तिले नबुझाएमा निजको सम्पत्ति जायजात गरि असूल उपर गर्नुपर्छ।[३६०]

कुनै कसूरदारले कुनै रकम धरौट राखेको भए त्यस्तो धरौटबाट पुगेसम्म फैसला बमोजिम निजले बुझाउनु पर्ने बिगो, असूल गर्न पर्छ। त्यस्तो धरौटबाट असूल गर्दा जरिवाना असूल गरि बाँकी रहेमा सरकारी बिगो भराई दिनु पर्छ। धरौटबाट असूल गर्ने कुरामा सरकारी बिगोले दोस्रो प्राथमिकता पाउँछ।[३६१]

---

[३५५] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६२(१)
[३५६] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६२(२)
[३५७] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६२ (४)
[३५८] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६६ (१) (२)
[३५९] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६४(१)
[३६०] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६४(२)
[३६१] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६६(२)

कुनै कसूरदारको हकमा कुनै व्यक्तिले आफ्नो सम्पत्ति धरौट वा जमानत दिएको रहेछ भने अदालतले त्यस्तो व्यक्तिको सम्पत्ति लिलाम बिक्री गर्नुअघि निजलाई फैसला बमोजिम कसूरदारले बुझाउनु पर्ने जरिवाना, बिगो, क्षतिपूर्ति वा अन्य रकम बुझाउन ४५ दिनको सूचना दिनु पर्छ र त्यस्तो समयभित्र निजले त्यस्तो रकम बुझाएमा निजले धरौट वा जमानत दिएको हदसम्मको सम्पत्ति फुकुवा गरिदिनु पर्छ।[३६२]

बिगो भराउने गरि फैसला भएकोमा सरकारी बिगोलाई निजी बिगोभन्दा प्राथमिकता दिई भराई दिनु पर्छ।[३६३] तर सरकारी बिगो भराइदिने गरि फैसला हुनुभन्दा पहिले नै निजी बिगो भराई दिने गरि कुनै फैसला भएको रहेछ भने सरकारी बिगोले प्राथमिकता पाउँदैन।

फैसला बमोजिम भराउनु पर्ने सरकारी बिगो वा अन्य कुनै रकम असूल नभएमा वा असूल हुने अवस्था नभएमा त्यस्तो बिगो वा रकम भर्नु पर्ने कसूरदारको सम्पत्ति पहिले नै रोक्का भएको रहेनछ भने फैसला भएपछि यथासम्भव चाँडो रोक्का गर्नुपर्छ।[३६४]

बिगो वा अन्य रकम फैसला अन्तिम भएको मितिले तीस दिनभित्र कसूरदारले नबुझाएमा निजको रोक्का भएको चल सम्पत्तिको हकमा त्यस्तो सम्पत्ति रहेको निकाय वा संस्थाबाट प्राप्त गरि र अचलको हकमा लिलाम बिक्री गरि भराई दिनु पर्छ।[३६५]

**सरकारी बिगो वापत कैदः**

सम्पत्ति लिलाम बिक्री गर्दा पनि असूल नभएको सरकारी बिगो वापत त्यस्तो व्यक्तिलाई कैद गर्नुपर्छ।[३६६] देहायको सरकारी बिगो वा त्यस्तो रकम वापत अधिकतम ७ वर्षभन्दा बढी नहुने गरि देहायको अवधिसम्म कैद सजाय हुन्छ।[३६७]

(क) पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्मको विगो वापत एक महिना,

(ख) दश हजार रुपैयाँभन्दा बढी पच्चीस हजार रुपैयाँसम्मको विगो वापत तीन महिना,

[३६२] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६६(५)
[३६३] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६३(१)
[३६४] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६३(२)
[३६५] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६३(३)
[३६६] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६३(४)
[३६७] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६४ (३)र (५)

(ग) पच्चीस हजार रुपैयाँभन्दा बढी पचास हजार रुपैयाँसम्मको विगो वापत छ महिना,

(घ) पचास हजार रुपैयाँभन्दा बढी एक लाख रुपैयाँसम्मको विगो वापत एक वर्ष,

(ङ) एक लाख रुपैयाँभन्दा बढी प्रत्येक पचास हजार रुपैयाँसम्मको विगो वापत छ महिनाको दरले।

पाँच हजार रुपैयाँ भन्दा कम रकम वापत कैद गर्नु पर्दा प्रति दिनको ३०० रुपैयाँ कट्टी हुने गरि गर्नुपर्छ।[३६८]

**ख. फरार प्रतिवादीको हकमा सजाय असूली प्रक्रिया**

कैद सजाय पाउने व्यक्ति अदालतमा उपस्थित रहेको भए निजलाई अदालतले कारागारमा चलान गरि पठाउनु पर्छ। निज उपस्थित भएको रहेनछ वा थुना वा कैदमा पनि बसेको रहेनछ भने निजलाई पक्राउ गरि कारागारमा बुझाउने गरि सम्बन्धित प्रहरी कार्यालयलाई तोकिएको ढाँचामा आदेश पठाउनु पर्छ।[३६९]

यसरी पक्राउ पूर्जी जारी गरिएको व्यक्तिको सम्पत्ति पहिले नै रोक्का नरहेको भएमा वा निज पक्राउ हुन नसकेमा सम्बन्धित प्रहरी कार्यालयले निजको अंशहकको सम्पत्ति रोक्का राख्नको लागि त्यस्तो सम्पत्तिको विवरण खुलाई अदालत समक्ष प्रतिवेदन पेश गर्न सक्छ।[३७०] सम्बन्धित अदालतले त्यस्तो व्यक्तिको हकको सम्पत्ति रोक्का गर्न सम्बन्धित मालपोत कार्यालय वा अन्य निकाय वा संस्थालाई आदेश दिनु पर्छ।[३७१]

**सम्पत्ति लिलाम गर्न सकिनेः**

पक्राउ गर्ने आदेश भएको मितिले छ महिनासम्ममा पनि कसूरदार पक्राउ हुन नसकेमा फैसला बमोजिम बुझाउनु पर्ने जरिवाना वा क्षतिपूर्तिको रकम रोक्का रहेको सम्पत्ति नगद भए सम्बन्धित निकाय वा संस्थाबाट प्राप्त गरि र अन्य चल वा अचल भए लिलाम बिक्री गर्नुपर्छ। त्यसरी लिलाम बिक्रीबाट आएको रकम मध्ये जरिवाना वा सरकारी बिगो वापतको रकम संचित कोषमा दाखिला गर्नुपर्छ। संचित कोषमा दाखिला

---

[३६८] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६४ (४)

[३६९] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५१(४) अनुसूची ४९

[३७०] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५६ (१)

[३७१] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५६(२)

गरि बाँकी रहेमा क्षतिपूर्ति भराउनु पर्ने भए क्षतिपूर्ति भराई बाँकी रकम निजको हकवालालाई फिर्ता गर्नुपर्छ।[३७२]

सजायको लगत कट्टा हुनुभन्दा पहिले कसूरदार पक्राउ भएमा र निजले आफूलाई लागेको जरिवाना विगो वा क्षतिपूर्ति वापतको रकम नगदै बुझाउन चाहेमा रोक्का रहेको सम्पत्ति लिलाम बिक्री भई नसकेको भए त्यस्तो सम्पत्ति रोक्का राख्दा भएको खर्च असूल गरि कैद सजाय कार्यान्वयन गर्नुपर्छ।[३७३] सम्पत्ति लिलाम बिक्री भई सकेकोमा रोक्का राख्दा र लिलाम बिक्री गर्दा भएको खर्चहरु कटाई लिलाम बिक्रीबाट प्राप्त भएको रुपैयाँ निजलाई फिर्ता दिई कैद सजाय कार्यान्वयन गर्नुपर्छ।[३७४]

---

[३७२] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५७(१)

[३७३] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५७(२)

[३७४] फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५७(२)

# परिच्छेद - १५
# अभिलेख संरक्षण

## अभिलेख संरक्षणको आवश्यकताः

मुद्दा हेर्ने अधिकारीले मुद्दाको कारवाही किनारा गर्ने मुख्य कार्य भए पनि सो सम्बन्धी अभिलेख कागजातहरुको संरक्षण गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ। मुद्दाको मिसिल विभिन्न प्रयोजनको लागि आवश्यक हुन सक्छ। विशेष गरि सोही व्यक्तिले पुनः कसूर गर्दा सो मिसिल हेर्नु पर्ने अवस्था हुन सक्छ। त्यसकारण मुद्दा हेर्ने अधिकारीले त्यस्तो मिसिल संरक्षणको लागि व्यवस्थापन गर्नु पर्ने हुन्छ। यस प्रयोजनको लागि सबै भन्दा पहिले त्यस्तो मिसिल जिम्मा लिने कर्मचारी तोक्नु पर्छ। त्यस्तो कर्मचारी सरुवा हुँदा मिसिलको पनि बर बुझारथ गर्ने व्यवस्था मिलाउनु पर्छ। मिसिलमा मुद्दाको कागजातका साथै व्यक्तिले जमानतको सिलसिलामा राखेका सम्पत्तिका स्वामित्वको प्रमाण वा अन्य महत्वपूर्ण कागजातहरु रहन सक्छन। त्यसकारण पनि यसको संरक्षणमा उचित ध्यान दिनु पर्ने अपरिहार्यता छ।

## संरक्षित मिसिलको अभिलेखीकरणः

अभिलेख संरक्षणको जिम्मा पाएका कर्मचारीले मिसिलहरुलाई निम्नानुसार व्यवस्थापन गर्नु उपयुक्त हुन्छः

(क) अभिलेख शाखामा प्राप्त छिनुवा मिसिलमा पञ्जिका बमोजिमको कागजपत्र भए नभएको जाँची जिम्मा लिई साल सालको फौजदारी मुद्दा छुट्याई अभिलेखमा दर्ता गरि सुरक्षित राख्ने,

(ख) प्राप्त छिनुवा मिसिलमा अवस्था अनुसार पक्षलाई फैसला भएको सूचना वा पुनरावेदनको म्याद जारी गरे नगरेको, फैसला कार्यान्वयन सम्बन्धी लगत किताबमा कसे नकसेको र फैसला अपलोड भए नभएको जाँच गरेर मात्र मिसिल बुझ्ने,

(ग) सोही कार्यालय मार्फत पुनरावेदन दर्ता गरेको अवस्थामा वा अन्य अदालतमा पुनरावेदन परी मिसिल माग भएको अवस्थामा जारी भएको पुनरावेदन म्याद

मिसिल संलग्न गरि अभिलेख किताबमा जनाइ सुरु तथा कुनै प्रमाण मिसिल रहेछ भने सो सहित पठाउने,

(घ) अन्य अदालतबाट माग भएको मिसिल अभिलेख किताबमा जनाई ७ दिनभित्र पठाउने,

(ङ) अन्य अदालतमा पठाउनु पर्ने र अन्य अदालतबाट आएका छिनुवा मिसिल अभिलेख किताबमा जनाई अभिलेख शाखाबाट मात्र बुझ्ने बुझाउने कार्य गर्ने।

(च) मिसिल कागजको नक्कलको लागि दरखास्त परेमा रीत पुऱ्याई नक्कल दिने।

## पुराना कागजात धुल्याउने

मिसिल संरक्षणको अर्को महत्वपूर्ण पाटो भनेको मिसिललाई छरितो बनाई एउटा निश्चित अवधि पछि त्यसमा भएका केही महत्वपूर्ण लिखतहरु बाँकी राखी अन्य कागजात त्यसबाट हटाउनु पर्छ। त्यस प्रक्रियालाई कानूनी भाषामा लिखतहरु धुल्याउने भनिन्छ। कानूनले मुद्दाको अन्तिम निर्णय भएको पाँच वर्षपछि केही लिखतहरु बाहेक अन्य लिखतहरु धुल्याउनु पर्ने व्यवस्था गरेको छ। "अन्तिम निर्णय भएको "भन्नाले पुनरावेदन परेको फैसलाको सम्बन्धमा पुनरावेदन सुन्ने अदालतबाट भएको निर्णय सम्झनु पर्छ। सो मुद्दाको मिसिलमा रहेका देहायका लिखतहरु बाहेक अरु लिखतहरु धुल्याउनु पर्ने व्यवस्था छ।[३७५]

(क) अभियोगपत्र,

(ख) उपस्थित, अनुपस्थित पक्षको नाममा जारी भएको समाव्हान,

(ग) अभियुक्तको बयान,

(घ) सम्पत्ति धरौट, जमानतको, रोक्का र फुकुवा सम्बन्धी कागजात,

(ङ) प्रमाणका सक्कल लिखतहरु,

(च) विशेषज्ञको राय,

(छ) पुनरावेदन परेको भए पुनरावेदन पत्र

---

[३७५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७२ तथा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९८

(ज) अदालतबाट भएको फैसला वा अन्तिम निर्णय

(झ) धरौट, जरिवाना, बिगो, क्षतिपूर्ति वा अन्य रकम वापत बुझाएको नगदी रसिद,

(ञ) कानून बमोजिम संरक्षण गर्न आवश्यक देखिएका अन्य कुनै लिखत

कानूनबमोजिम धुल्याउने कागज, मिसिल छुट्याई कागज र मिसिल धुल्याउने कार्य गर्नुपर्छ। यसरी धुल्याइएका मिसिलको अभिलेख राख्नु पर्छ।

# परिच्छेद - १६
# विविध

## साक्षीको संरक्षणः

कुनै मुद्दामा साक्षी रहेको व्यक्तिलाई अदालत समक्ष उपस्थित हुन वा अदालतमा बकपत्र गरिसकेपछि आफ्नो सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा निजले त्यसको कारण खुलाई सुरक्षाको प्रबन्ध गरिदिन अदालत (मुद्दा हेर्ने अधिकारी) समक्ष निवेदन दिन सक्छ। अदालत (मुद्दा हेर्ने अधिकारी) ले त्यस्तो साक्षीको सुरक्षाको प्रवन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्छ। अदालतले आदेश दिएमा त्यस्तो सुरक्षाको प्रबन्ध गर्ने कर्तव्य त्यस्तो निकायको हुन्छ।[३७६]

## मुद्दा फिर्ता[३७७]

वन्यजन्तुको अवैध शिकार तथा व्यापार सम्बन्धी मुद्दा बाहेक अन्य मुद्दा फिर्ता लिन सकिन्छ। यसरी मुद्दा फिर्ता गर्नु पर्ने भएमा नेपाल सरकारले महान्यायाधिवक्तासँग परामर्श गरि नेपाल सरकारले बनाएको निर्देशिका बमोजिम फिर्ता लिने निर्णय गर्न सक्छ।

नेपाल सरकारले कुनै मुद्दा फिर्ता लिने निर्णय गरेमा महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकील मार्फत सम्बन्धित अदालतमा मुद्दा फिर्ता लिनु पर्ने कारण सहितको निवेदन दिनु पर्छ। यस्तो निवेदन पर्न आएमा अदालतले मुद्दा फिर्ता लिने आदेश दिनुअघि सुनुवाई गराउनु पर्छ।

यसरी सुनुवाई भएपछि मुद्दा फिर्ता लिने आदेश गर्न मनासिब हुने देखिएमा कारण खुलाई सम्बन्धित अदालतले मुद्दा फिर्ता लिन सक्ने आदेश गर्न सक्छ।

## प्रतिवादीको मृत्यु भएमा[३७८]

कुनै मुद्दाको अभियुक्त वा प्रतिवादीको मृत्यु भएमा त्यस्तो मुद्दा खारेज गरिदिनु पर्छ। तर एकभन्दा बढी अभियुक्त वा प्रतिवादी भएकोमा कुनै एक अभियुक्तको मृत्यु हुँदैमा मुद्दा खारेज गर्न मिल्दैन।

---

[३७६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११४

[३७७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६

[३७८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३

बिगो वा क्षतिपूर्ति समावेश भएको मुद्दामा अभियुक्तको मृत्यु भएपनि अदालतले मिसिल संलग्न प्रमाण र बुझ्न आवश्यक देखिएको अन्य प्रमाणहरु समेत बुझी बिगो वा क्षतिपूर्ति कायम गर्ने निर्णय गर्नुपर्छ।

### लिखतहरुको पञ्जिका

प्रत्येक मुद्दामा *परिशिष्ट-२०* बमोजिमको ढाँचामा पञ्जिका खडा गरि दर्ता मितिको क्रमले लिखतहरुको क्रम संख्या र विवरण जनाई पञ्जिका खडा गरि राख्नु पर्छ।[३७९]

### लिखतको अनुवाद

नेपाली भाषा बाहेक अन्य कुनै भाषामा लेखिएको कुनै लिखत प्रमाणको रुपमा पेश भएमा र त्यस्तो लिखत नेपाली भाषामा अनुवाद गर्नु पर्ने देखिएमा त्यस्तो लिखत पेश गर्ने पक्षलाई त्यस्तो लिखतको नेपाली भाषामा आधिकारिक अनुवाद गरि पेश गर्ने आदेश दिन सकिन्छ।[३८०]

### अनुवादकको सहयोग

नेपाली भाषा नबुझ्ने वा बोल्न नसक्ने कुनै अभियुक्त वा साक्षीको बयान वा बकपत्र लिनु परेमा वा अन्य कुनै प्रयोजनको लागि आवश्यक भएमा अदालतले सम्बन्धित भाषा वा सांकेतिक भाषाको अनुवादकको सहयोग लिन सक्छ। यसरी अनुवादकको सहयोग लिदा लाग्ने खर्च नेपाल सरकारले व्यहोर्नु पर्छ।[३८१]

### नक्कल दिनु पर्ने

मुद्दाको सरोकारवाला पक्ष वा निजको कानून व्यवसायीले कुनै मुद्दाको मिसिलमा रहेको कुनै लिखतको नक्कल दस्तुर तिरी लिन सक्छ। तर फैसलाको नक्कल जुनसुकै कानून व्यवसायीले पनि लिन पाउँछ। कानून बमोजिम गोप्य राख्नु पर्ने लिखतको नक्कल दिन हुँदैन।[३८२]

---

[३७९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७१ र अनुसूची ५०

[३८०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७३

[३८१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७४

[३८२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७५

# परिच्छेद - १७
# सजाय निर्धारण

कुनै मुद्दामा अभियुक्त वा प्रतिवादीलाई कसूरदार ठहर गरिसकेपछि निजलाई के कति सजाय हुने भन्ने पनि निश्चित गर्नुपर्छ। कानूनमा नै कस्तो कसूर गरेको ठहरेमा यति कैद वा जरिवाना हुन्छ भनेर निश्चित सजाय परिमाण तोकिएको अवस्थामा सजाय निर्धारणमा खास समस्या हुँदैन। फैसला गर्ने अधिकारीले कसूर गरेको ठहर गरेपछि त्यस्तो कसूरको लागि कानूनले नै तोकेको परिमाणमा सजाय तोक्नु पर्ने हुन्छ। तर कतिपय कसूरमा कानूनले सजायको परिमाणलाई यति नै भनेर नतोकि यतिदेखि यतिसम्म भनेर सजायको तल्लो र माथिल्लो हदमात्र तोकिदिएको हुन्छ। यस्तो अवस्थामा खास कसूरमा कति सजाय गर्ने भन्ने कुरा मुद्दा हेर्ने अधिकारीको स्वविवेक वा तजबीजमा भर पर्दछ। मुद्दा हेर्ने अधिकारीलाई कानूनले दिएको सजाय निर्धारण सम्बन्धी यस्तो स्वविवेकीय अधिकारको प्रयोग गर्दा सम्बन्धित अधिकारीले वास्तवमा आफ्नो विवेकको प्रयोग गर्नुपर्छ। यसमा सद्विवेकको प्रयोग गर्दा वस्तुनिष्ठ आधार प्रयोग गर्नुपर्छ। यस सम्बन्धमा सजाय निर्धारण मापदण्डलाई आधार बनाउनु पर्ने हुन्छ।

## सजायको उद्देश्यः

कुनै पनि कसूरदारलाई सजाय गर्नुको पछाडी कानूनले निश्चित उद्देश्य राखेको हुन्छ। सजाय निर्धारण गर्दा त्यस्तो उद्देश्य प्राप्त हुने गरि गर्नु पर्दछ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले सजायका उद्देश्यहरुलाई देहाय बमोजिम उल्लेख गरेको छ।

फैसला गर्ने अधिकारीले देहायका कुनै वा सबै उद्देश्यलाई विचार गरि सजाय निर्धारण गर्नु पर्छ।[३८३]

(क) कसूर गर्न कसूरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने,

(ख) समाज वा समुदायलाई सुरक्षा गर्ने,

(ग) पीडितलाई क्षतिपूर्ति सहित न्याय प्रदान गर्ने,

---

[३८३] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा १३

(घ) कसूरदारलाई समाजमा पुनर्स्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने,

(ङ) कसूरदारलाई समाजबाट अलग राख्ने,

(च) कसूरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध गराई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गराउने,

(छ) कानूनद्वारा निषेधित आचरणको निन्दा गर्ने।

फैसला गर्ने अधिकारीको स्वविवेकीय अधिकारको प्रयोग गरि सजाय निर्धारण गर्ने कार्यलाई बस्तुनिष्ठ बनाउन कानूनले केही आधार र सिद्धान्तको व्यवस्था गरेको छ। वन्यजन्तु सम्बन्धी कसूरको प्रकृति र मुद्दा हेर्ने अधिकारीले मुद्दा हेर्न पाउने कसूरको प्रकृतिको परिप्रेक्षमा प्रचलित कानूनको सान्दर्भिक व्यवस्थाहरु निम्नानुसार रहेको छ।

### १. घटी सजाय हुने

कुनै कसूर सम्बन्धमा कसूर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानून बमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरि निर्धारण गर्नुपर्छ।[३८४]

### २. कानून बमोजिमको सजाय निर्धारण गर्नु पर्ने

कुनै कानूनले कुनै कसूरका सम्बन्धमा निश्चित अवधिको कैद वा निश्चित रकमको जरिवाना वा सजाय तोकेको रहेछ भने त्यस्तो कसूरको कसूरदारलाई सोही बमोजिमको कैद, जरिवाना वा सजाय गर्नुपर्छ। तर कानूनले निश्चित अवधिको कैद वा निश्चित रकमको जरिवाना वा सजाय नतोकी सजायको तल्लो र माथिल्लो हदमात्र तोकेको रहेछ भने सजाय निर्धारण गर्दा कानूनले निर्धारण गरेको सीमा भित्र रही फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ बमोजिम गर्नुपर्छ।[३८५]

### ३. छुट्टाछुट्टै सजाय निर्धारण गर्नु पर्ने[३८६]

एकै वारदातमा एकभन्दा बढी कसूर गर्ने कसूरदारलाई सजाय निर्धारण गर्दा प्रत्येक कसूर अलग अलग भएको मानी त्यस वापत छुट्टाछुट्टै सजाय निर्धारण गर्नुपर्छ। दुई वा त्यसभन्दा बढी कामबाट कुनै कसूर हुने रहेछ र त्यस्ता काममध्ये कुनै एक काम

[३८४] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा ५

[३८५] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा ७

[३८६] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा ११

आफैमा छुट्टै कसूर हुने रहेछ भने सबैभन्दा बढी सजाय हुने कसूरमा मात्र सजाय हुन्छ।

**४. सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने कुराहरु**[३८७]

देहायका कुराहरुलाई विचार गरि सजाय निर्धारण गर्नु पर्छ।

(क) कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक भन्दा बढी हुन नहुने,

(ख) सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुने भन्दा चर्को सजाय हुन नहुने,

(ग) उस्तै परिस्थितिमा घटेको कसूरको अर्को कसूरदारलाई पहिले दिइएको सजायसँग अमिल्दो वा असमान सजाय हुन नहुने,

(घ) एकभन्दा बढी कसूरको लागि सजाय गर्दा वा कुनै कसूरमा सजाय भोगिरहेको कसूरदारलाई अर्को कसूर वापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिक भन्दा बढी हुन नहुने,

(ङ) कसूरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने।

**५. बालबालिकालाई सजाय गर्दा विचार गर्नु पर्ने कुराहरुः**

सोह्र वर्ष उमेर पुरा नभएका बालबालिकालाई सजाय गर्दा कैदको सजाय गर्नु हुँदैन। बालबालिकालाई सजाय गर्दा देहायका कुराहरुलाई समेत विचार गर्नु पर्छ।[३८८]

(क) निजको सर्वोत्तम हित,

(ख) कसूरको गम्भीरता र दोषको मात्रा,

(ग) निजको व्यक्तिगत परिस्थिति, "**व्यक्तिगत परिस्थिति** भन्नाले बालबालिकाको उमेर, शिक्षा, पारिवारिक स्थिति, सामाजिक अवस्था, कसूरको किसिम, कसूरबाट पुग्न गएको हानि नोक्सानी र कसूर गर्नुको उद्देश्य समेतका कुरा सम्झनु पर्छ।

(घ) अपराधप्रतिको पश्चाताप,

(ङ) असल र उपयोगी जीवन जिउने चाहना।

---

[३८७] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा १४

[३८८] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा१६

## ६. जरिवानाको सजाय निर्धारण गर्ने आधार।[३८९]

कुनै कसूरमा जरिवानाको सजाय निर्धारण गर्दा माथि उल्लेखित सजायको उद्देश्य सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने कुराहरुका अतिरिक्त त्यस्तो कसूर र जरिवानाको अधिकतम र न्यूनतम हद विगो खुलेकोमा विगोको अङ्क समेत विचार गर्नुपर्छ। जरिवाना निर्धारण गर्दा देहायका कुराहरु समेतलाई विचार गर्नु पर्छ।

(क) कसूरदारको आर्थिक हैसियत र आय आर्जन क्षमता,

(ख) कसूरदारले गरेको कसूरको कारणबाट अरु व्यक्तिलाई हुन गएको आर्थिक हानी नोक्सानी,

(ग) कसूरदारले गरेको कसूरको कारणबाट कसूरदार वा निजको परिवारले प्राप्त गरेको लाभ,

(घ) जरिवानाबाट कसूरदारले पालन पोषण गर्नु पर्ने परिवारलाई पर्ने असर,

(ङ) जरिवाना नतिरेको कारणबाट सरकारलाई पर्न सक्ने दायित्व,

(च) कसूरदार सङ्गठित संस्था भएमा त्यस्तो संस्थाको आर्थिक हैसियत र कारोबार,

## ७. प्रत्येक कसूरदारले जरिवाना व्यहोर्नु पर्ने गरि जरिवाना निर्धारण गर्नु पर्ने

कुनै कसूरमा एकभन्दा बढी कसूरदारलाई जरिवाना निर्धारण गर्दा प्रत्येक कसूरदारले कसूरको मात्रा अनुसार जरिवाना तिर्नु पर्ने गरि निर्धारण गर्नुपर्छ।[३९०]

## ८. जरिवाना तत्काल बुझाउनु पर्ने

फैसलाले तोकिएको जरिवाना कसूरदारले तत्काल बुझाउनु पर्छ। तर त्यस्तो कसूरदारले त्यस्तो जरिवाना तत्काल बुझाउन नसकी त्यस वापत कुनै सम्पत्ति जमानत दिएमा अदालतले एक वर्ष भित्र त्यस्तो रकम चुक्ता हुने गरि बढीमा तीन किस्तामा जरिवाना बुझाउने गरि आदेश दिन सक्छ।[३९१]

---

[३८९] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा १८

[३९०] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा २१

[३९१] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा २०

## ९. अन्य सजाय पर्याप्त नभएमात्र कैद सजाय गर्नु पर्ने

कुनै कसूरदारलाई सजाय गर्दा जरिवाना पर्याप्त नहुने भएमामात्र कैदको सजाय गर्नुपर्छ।[३९२]

## १०. कैद सजाय निलम्बन[३९३]

वन तथा वन्यजन्तु सम्बन्धी कसूरमा कसूरदार ठहरिएका बालबालिका बाहेक अन्य कसूरदारलाई भएको कैद सजाय निलम्बन गर्न पाइँदैन। बालबालिकाको हकमा सजाय निलम्बन गर्दा निजको उमेर तथा कसूर गर्दाको परिस्थिति समेतलाई विचार गरि सर्त तोकी वा नतोकी देहाय बमोजिम निर्णय गर्न सकिन्छ।

(क) परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा सम्झाउन तथा बुझाउन लगाउने,

(ख) सेवा प्रदान गर्ने संघसंस्था वा व्यक्तिहरुबाट बालबालिकालाई अभिमुखीकरण गर्न लगाउने,

(ग) एकल, सामुहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन लगाउने,

(घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित सर्तहरु पालना गर्ने गरि निश्चित अवधिका लागि निजहरुको संरक्षकत्वमा राख्न लगाउने।

## ११. कैद अवधिको गणना

कैद अवधिको गणना गर्दा कसूरदार हिरासतमा वा थुनामा रहेकोमा त्यस्तो मितिदेखि र हिरासतमा नरहेकोमा कारागारमा बसेको मितिदेखि गणना गर्नुपर्छ। यस अवधिमा हिरासत वा कैदबाट छुटेको दिनलाई कैद अवधिमा गणना गरिँदैन।[३९४] जरिवाना वापत कैद ठेक्नु पर्दा एक दिनका लागि रु ३००।— रुपैंयाको दरले ठेक्नु पर्छ।

---

[३९२] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा २३

[३९३] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा २४

[३९४] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४०

परिशिष्ट दिइएको मुद्दाको तथ्य र विवरण र नाम उदाहरणको लागि मात्र दिइएको हो, कहि कसैसँग मिल्न गएमा संयोग मात्र हुनेछ । अनुसन्धान अधिकारीले आफूले अनुसन्धान गर्ने मुद्दाको सम्बन्धमा लिखत तयार गर्दा यस्तै ढाँचामा उक्त मुद्दाको तथ्य अनुसाल मिलाई लिखत तयार गर्नु पर्दछ ।

# परिशिष्ट-१

## पक्राउ पूर्जीको अनुमति सम्बन्धी अभिलेखको ढाँचा

.............................अदालत

**पक्राउ पूर्जीको अनुमति सम्बन्धी अभिलेख**

| क्र. सं. | अनुमति माग गरेको मिति | अनुमति माग गर्ने अनुसन्धान अधिकारी वा कार्यालय प्रमुख | पक्राउ गर्नु पर्ने व्यक्तिको नाम, थर, वतन वा परिचयात्मक विवरण | कसूरको नाम | अनुमति प्रदान गर्ने न्यायाधीश | अनुमति प्रदान भए नभएको | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## परिशिष्ट- २

## जरुरी पक्राउको स्वीकृति सम्बन्धी अभिलेखको ढाँचा

............................अदालत

जरुरी पक्राउको स्वीकृति सम्बन्धी अभिलेख

| क्र.सं. | स्वीकृति माग गरेको मिति | स्वीकृति माग गर्ने अनुसन्धान अधिकारी वा कार्यालय प्रमुख | पक्राउ गरिएको व्यक्तिको नाम, थर, वतन वा परिचयात्मक विवरण | कसूरको नाम र पक्राउ गरिएको मिति र समय | स्वीकृति सम्बन्धी आदेश दिने न्यायाधीश | स्वीकृति प्रदान भए नभएको व्यहोरा | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## परिशिष्ट-३

## अनुसन्धानको लागि हिरासतमा राख्ने अनुमति सम्बन्धी आदेशको ढाँचा

## ...................... अदालत

माननीय न्यायाधीश श्री.............

अनुसन्धानको लागि हिरासतमा राख्ने अनुमति सम्बन्धी

आदेश

यसमा........... को जाहेरीले .......................समेत भएको .....................मुद्दामा ...........कार्यालयको च.नं. ....................मिति.....................को पत्रमा उल्लिखित देहायका व्यक्तिलाई .......................... आधार र कारणबाट मिति...................देखि...............सम्म........... पटक............. दिन अनुसन्धानका लागि हिरासतमा राख्न मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४ बमोजिम अनुमति दिइएको छ।

<u>हिरासतमा राख्ने अनुमति दिईएको व्यक्ति</u>

१...................

२...................

३...................

४...................

......................

न्यायाधीश

इति सम्वत्..........साल ..........महिना.......गते रोज........शुभम्।

# परिशिष्ट-४

## जाहेरी दरखास्त वा सूचनाको अभिलेखको ढाँचा

## ......................... अदालत

जाहेरी दरखास्त वा सूचनाको अभिलेख

| क्र. सं. | अदालतमा जाहेरी दरखास्त वा सूचना प्राप्त मिति | जाहेरी दरखास्त दर्ता गर्ने कार्यालय | जाहेरी दरखास्त दर्ता नं र मिति | जाहेरवालाको नाम,थर,वतन | अभियुक्तको नाम,थर,वतन | कसूरको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

# परिशिष्ट-५

# अभियुक्तको बयानको नमूना

<table>
<tr><td colspan="2">चितवन राष्ट्रिय निकुञ्जका मुद्दा हेर्ने अधिकारी प्रमुख संरक्षण अधिकृत श्री ——————— समक्ष प्रतिवादी——————————— ले गरेको बयान</td></tr>
<tr><th>सोधिएको प्रश्न</th><th>बयान गर्ने व्यक्तिले दिएको जवाफ</th></tr>
<tr><td>१ - तपाईको नाम, थर, ठेगाना के हो? तपाईको हजुर बुबा, बुबा र आमाको नाम के हो ? तपाईको उमेर कति भयो ? तपाई के पेशा वा व्यवसाय गर्नु हुन्छ ? तपाईको शैक्षिक योग्यता कति छ ?</td><td>१ -</td></tr>
<tr><td>२ - तपाईंलाई यहाँ किन ल्याइएको हो भन्ने थाहा पाउनु भएको छ ?</td><td>२ —</td></tr>
<tr><td>३ — तपाईको शारीरिक र मानसिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको जबाफ दिन सक्नु हुन्छ ?</td><td>३ —</td></tr>
<tr><td>४ ——— को प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी तपाईँ समेत भएको —— मुद्दामा यस कार्यालयमा पेश भएको अभियोगपत्र पढेर सुनाइन्छ। यस सम्बन्धमा तपाईंको के भनाई छ ?</td><td>४ —</td></tr>
<tr><td>५ — यसपछी क्रमशः अनुसन्धानको सिलसिलामा तयार भएका प्रमाण कागजहरु सुनाउने र त्यसमा तपाईंको भनाई के छ भनि प्रश्न राख्नु पर्छ।</td><td></td></tr>
<tr><td>६ —</td><td></td></tr>
<tr><td>७ —</td><td></td></tr>
<tr><td>८ —</td><td></td></tr>
<tr><td>९ —</td><td></td></tr>
</table>

| | |
|---|---|
| १० — तपाईले यसभन्दा पहिले वन्यजन्तु सम्बन्धी कुनै कसूरमा कारवाही चलेर सजाय पाउनु भएको छ ? | |
| ११— यस विषयमा तपाईंको अरु केही भन्नुपर्ने छ की? | |
| ११ — तपाईको बयान तपाईले भने बमोजिम लेखिएको छ छैन पढेर बुझेर भन्नु होस्। | |
| | बयान गर्ने व्यक्तिको नाम थरः<br>सहिछापः |
| मितिः साल महिना गते रोज शुभम्। | |

# परिशिष्ट-६
# थुनछेक आदेशको नमूना

चितवन राष्ट्रिय निकुञ्जका मुद्दा हेर्ने अधिकारी प्रमुख संरक्षण अधिकृत श्री ———

वादी

—— को प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

——जिल्ला —— गाउँपालिका/नगरपालिका वडा नं—— बस्ने ——१

(यसैगरि प्रत्येक प्रतिवादीको नाम थर वतन लेख्ने————————————————..)

मुद्दाः

<u>आदेश</u>

—— को प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी —— समेत भएको —— मुद्दामा आज अभियोगपत्र साथ पेश भएका प्रतिवादीहरुको बयान कार्य सम्पन्न भई थुनछेक प्रयोजनकालागि पेश हुन आएको प्रस्तुत मिसिल अध्ययन गरि वादी नेपाल सरकारतर्फबाट उपस्थित हुनु भएका जिल्ला सरकारी वकील कार्यालयका विद्वान—— श्री ———— तथा प्रतिवादी ——का तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री ———— ले गर्नु भएको बहस समेत सुनियो।

यसमा ———— व्यहोराको अभियोगपत्र दावी रहेको देखिन्छ। प्रतिवादी ————ले अधिकार प्राप्त अधिकारी समक्ष ———— व्यहोराको बयान गरेको देखिन्छ। मिसिल संलग्न ———— कागजबाट ———— देखिन्छ। (मिसिल संलग्न अन्य प्रमाणहरुको संक्षिप्त व्यहोरा सहित उल्लेख गर्ने र प्रमाणहरुको केही विवेचना गर्ने र सो प्रमाणले प्रतिवादीलाई कसुरदार वा बेकसुर कतातर्फ इङ्गित गर्दछ विवेचना गर्ने )।

अभियोगपत्र साथ प्रस्तुत यी प्रमाणहरुको रोहमा प्रतिवादी ———— को हकमा अहिले नै कसुरदार हो/ कसुरदार होईनन भन्न नसकिने हुँदा निजलाई **पुर्पक्ष निमित्त तारेखमा राखी / निजको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड ( ङ ) को पूर्वावस्था विद्यमान रहेकाले थुनामा राखी / निजको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड ( घ ) को पूर्वावस्था विद्यमान रहेकाले निजबाट रु —— नगद वा जेथा जमानतमा लिई** ( कुनै एक )मुद्दा पुर्पक्ष गर्न उपयुक्त देखिएकोले यो आदेश गरि दिएको छु।

अतः प्रतिवादी ————लाई पुर्पक्ष निमित्त **तारेखमा राखी / कानून बमोजिमको थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यालय————मा पठाई / निजबाट रु —— नगद वा जेथा जमानतमा लिई मुद्दा पुर्पक्षका निमित्त निजलाई तारेखमा राख्नु। सो धरौट दिन नसके निजलाई कानून बमोजिमको थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यालय————मा पठाई** ( कुनै एक ) कानून बमोजिम मुद्दाको कारवाही अघी बढाउनु।

निज प्रतिवादीः

मुद्दा हेर्ने अधिकारीको दस्तखत

दस्तखतः

मितिः

# परिशिष्ट-७
# थुनुवा पूर्जीको ढाँचा

## थुनुवा पूर्जी

श्री ............................................. ठेगाना ........................................... तपाईँलाई ............................................... प्रतिवेदन/जाहेरीले वादी नेपाल सरकार प्रतिवादी तपाईँ समेत भएको .......................कसूरको सिलसिलामा यस कार्यालयको मिति ........... को आदेश बमोजिम तपाईँलाई **आदेश भए बमोजिमको धरौट दिन नसकेकोले /पुर्पक्ष निमित्त** ( कुनै एक ) थुनामा राखी मुद्दाको कारवाही गर्नु पर्ने भएकोले आजैका मितिदेखि कारागार कार्यालय ...........मा थुनामा राखी यो थुनुवा पूर्जी दिइएको छ।

सम्बन्धित अधिकारीकोः–

सहीः–

नामः–

दर्जाः–

कार्यालयः–

मितिः-

# परिशिष्ट-८

# तारेखमा अनुपस्थित भए धरौट जफत हुने कागजको नमूना

................................................. प्रतिवेदन/जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म समेत भएको ...................... मुद्दामा यस कार्यालयको मिति ........... को रु........... धरौट बुझाउने आदेश बमोजिम नगद रु ........../ सो वापत .......... जिल्ला.......... गाउँपालिका नगरपालिका वडा नं .......... कित्ता नं ..........को क्षेत्रफल.......... जग्गा धरौट दिएको छु। मुद्दा पुर्पक्षको सिलसिलामा यस कार्यालयबाट तोकिएको तारेखमा उपस्थित हुनेछु। यस कार्यालयबाट तोकिएको तारेखमा उपस्थित भईन भने मैले राखेको धरौट मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७५ बमोजिम जफत भएमा मेरो मञ्जुरी छ। यस विषयमा उजुर वाजुर गर्ने छैन भनि मेरो राजिखुसीले यो कागज लेखी दिएको छु।

# परिशिष्ट-९
## पक्राउ पूर्जी बमोजिम उपस्थित हुन आउने सूचना

श्री ————.. ————..————.. अदालतबाट जारी भएको सूचना

श्री ...................................... को जाहेरी/प्रतिवेदनले वादी नेपनल सरकार प्रतिवादी तपाईं/तपाईं समेत भएको ...................... मुद्दामा तपाईं/तपाईं समेत भई ................................ को ...................................... भएको भनि अभियोगपत्र पेश भएको हुँदा तपाईंको नाउँको पक्राउ पूर्जी यसैसाथ पठएको छ। पक्राउ पूर्जी बमोजिम यपस्थित हुन सूचित गरिएको छ।

अदालतको छाप सम्बन्धित
अधिकारीको सहीछाप

# परिशिष्ट-१०

## पक्राउ पूर्जी/समाव्हान/म्याद/सूचनाको अभिलेखको ढाँचा

## .............................अदालत

पक्राउ पूर्जी /समाव्हान /म्याद सूचनाको अभिलेख

**तामेलदारको नामः**

| क्र.सं. | मुद्दाको नम्बर र दायरी मिति | वादी प्रतिवादीको नाम थर वतन | मुद्दाको नाम | फाँट र फाँटवालाको नाम | म्याद तामेल गर्नुपर्ने व्यक्तिको नाम थर | तामेलदारले बुझेको मिति र दस्तखत | तामेली मिति | फाँटवालाले बुझेको मिति र दस्तखत | बेरितपूर्वक तामेल भएको भए सोको कारण | पूनः तामेल गर्न पठाएको भए सोको कारण र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# परिशिष्ट-११

## पक्राउ पूर्जी/समाव्हान/म्याद/सूचनाको तामेलीको ढाँचा

**तामेली मितिः..................**

**पक्राउ पूर्जी/समाव्हान/म्याद/सूचनाको तामेलीको व्यहोरा**

**क) म्यादवालाले बुझिलिएकोमा**

मेरो नाउँमा जारी भएको एक प्रति पक्राउ पूर्जी / समाव्हान / म्याद / सूचना देहायका साक्षीहरूको रोहबरमा म आफैंले बुझी लिएँ भनि दस्तखत गर्ने ....................

दस्तखत...................

**ख) म्यादवाला व्यक्तिको एकाघरको परिवारको सदस्यले बुझिलिएकोमा**

म्यादवाला व्यक्ति फेला नपर्दा निजको नाउँको यसै बमोजिमको एक प्रति पक्राउ पूर्जी / समाव्हान / म्याद / सूचना देहायका साक्षीहरूको रोहबरमा बुझिलिएँ भनि दस्तखत गर्ने म्यादवाला.......... ....................को एकाघरको .................... नाताको वर्ष ........को ......................

दस्तखत...................

**ग) पक्राउ पूर्जी / समाव्हान / म्याद / सूचना बुझिलिनु पर्ने व्यक्तिको घर दैलोमा टाँस भएकोमा**

म्यादवाला व्यक्ति वा निजको एकाघरको उमेर पुगेको परिवारको सदस्य समेत घरमा फेला नपरेकोले / बुझ्न इन्कार गरेकोले निजको नाउँको पक्राउ पूर्जी / समाव्हान / म्याद / सूचना हामी देहायका साक्षीका रोहबरमा निजको घर दैलोमा सबैले देख्ने गरि टाँसी..................... गा.पा. / न.पा.को वडा नं. ..... को कार्यालयमा एक प्रति म्याद दिएको ठीक छ भनि दस्तखत गर्ने हामी देहायका मानिसहरूः—

दस्तखत................

**घ) पक्राउ पूर्जी / समाव्हान / म्याद / सूचना बुझिलिनु पर्ने व्यक्ति वा निजको घरद्वार फेला नपरेकोमा**

यसै बमोजिमको पक्राउ पूर्जी / समाव्हान / म्याद / सूचना बुझी लिनु पर्ने व्यक्ति वा निजको घर समेत खोज तलास गर्दा फेला नपरेकोले पक्राउ पूर्जी / समाव्हान / म्याद / सूचना फिर्ता पठाएका छौ भनि दस्तखत गर्ने देहायका मानिसहरूः—

निज हाल.................... जिल्ला ................ गा.पा. / न.पा. ——.. वडा नं. ———. गाउँ / टोलमा बसोबास गरिरहेको बुझिएको / निजको हालको बसोवासको ठेगाना थाहा नभएको।

**साक्षी**

माथि उल्लिखित खण्ड ................ बमोजिम हामीहरूको रोहबरमा तामेली भएको ठीक हो भनि दस्तखत गर्नेः

१.......................जिल्ला .................गा.पा. / न.पा. वडा नं.......गाउँ / टोल. .................बस्ने वर्ष ................का ..............................।

२. .............जिल्ला ...............गा.पा. / न.पा. वडा नं........गाउँ / टोल. .......................बस्ने वर्ष ..............का ..............................।

**रोहबर**

......... जिल्ला .......... गा.पा. / न.पा वडा नं. ........ का सदस्य......................................।

**घर दैलोमा टाँस भएकोमा**

यसै बमोजिको एक प्रति पक्राउ पूर्जी / समाव्हान / म्याद / सूचना यस .................... गा.पा / न.पा.वडा नं. ...को कार्यालयको सूचना पाटीमा टाँस गर्न प्राप्त भयो भनि दस्तखत गर्नेः—

दस्तखतः ...............

कर्मचारी वा पदाधिकारीको नामः ...............

मितिः .......

**काम तामेल गर्नेकोः—**

दस्तखतः——————————.

तामेलदारको नामः——————.

मितिः——————

# परिशिष्ट-१२

## पक्राउ पूर्जी/ समाव्हान/ म्याद –सूचनाको तामेली प्रतिवेदनको ढाँचा

## ................... अदालत

पक्राउ पूर्जी/ समाव्हान/ म्याद सूचनाको तामेली प्रतिवेदन
..................अदालतमा पेश गरेको पक्राउ पूर्जी/ समाव्हान/ म्याद –सूचनाको तामेली प्रतिवेदन

मुद्दा नं..................

वादी..........................................................
प्रतिवादी..............................................
भएको........................................................... मुद्दामा यस अदालतबाट जारी भएको जना............. का नाउँको पक्राउ पूर्जी/ समाव्हान/ म्याद –सूचना तामेल गर्न यस अदालतबाट खटिगई कानूनको रीत पुर्‍याई काम तामेल गरि सो तामेली पक्राउ पूर्जी/ समाव्हान/ म्याद –सूचनाको प्रति यसैसाथ पेश गरेको छु। लेखिएको व्यहोरा ठीक छ फरक परे कानून बमोजिम सहुँला बुझाउला।

तामेल गर्न बुझेको मितिः......................
तामेल भएको प्रति................
तामेल नभएको प्रति..............
जम्मा प्रति...
तामेल हुन नसकेको भए सोको कारण...
तामेल गर्न खटिएको मितिः...............
तामेल गरेको मितिः.................
नगरपालिका/गाँउपालिकाको वडा समितिको कार्यालयमा बुझाएको भए भरपाई थानः.........

दस्तखत.......................                                    तामेलदारको नामः

............... अदालतबाट

यो प्रतिवेदनसाथ पेश हुन आएको तामेली पक्राउ पूर्जी/ समाव्हान/ म्याद -सूचनाको जाँच गर्दा रीत पुर्याई/वेरीतसँग तामेल भएको देखिँदा पेश गरेको छु।

......................

......................

फाँटवाला          मितिः...................          अधिकृत

## परिशिष्ट-१३

## तारिख किताबको ढाँचा

....................................बाट खडा गरिएको तारिख किताब

सम्वत् ...........................................................

| महिना, गते ,बार | क्र.सं. | मुद्दा | उजुरवाला, पुनरावेदक वा निवेदकको नाम | अभियुक्त वा प्रत्यर्थीको नाम | कुन कामको लागि तारिख तोकीएको | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

सहीछापः

## परिशिष्ट- १४

## तारिख भरपाईको ढाँचा

......................अदालत/कार्यालयमा खडा गरिएको तारिख भरपाई

वादी                                                                                                प्रतिवादी

**मुद्दा**

मिति ............................................... मा

मिति....................... मा मुद्दा पेशी सूचीमा चढाइने भएकोले / ................................ काम गर्ने भएकोले मिति .................................. का दिन ............ बजे यस अदालत/कार्यालयमा उपस्थित हुनेछु भनि सही गर्ने ..................................................

वादी                                                                                                प्रतिवादी

# परिशिष्ट-१५

## तारिख पर्चाको ढाँचा

...................... बाट जारी भएको ................................ नाउँको

**तारिख पर्चा**

............................... मुद्दा ............... साल ............. नम्बर .................................. विरुद्ध .................................. को निमित्त .................................................... को तारिख तोकिएकोले सो दिन ......................... बजे ..................................... मा उपस्थित हुनु होला।

तारिख तोक्ने कर्मचारीको सहीछाप

............................... को निमित्त .................................................... को तारिख तोकिएकोले सो दिन ......................... बजे ..................................... मा उपस्थित हुनु होला।

तारिख तोक्ने कर्मचारीको सहीछाप

# परिशिष्ट-१६
## साक्षीले दिने शपथको ढाँचा

म ईश्वरको नाममा शपथ लिन्छु/
........................................................................................ कि
सत्यनिष्ठा सहित प्रतिज्ञा गर्दछु।

.................................................... विरुद्ध
................................................ को
.................................................... मुद्दामा मैले देखे, जाने र सुनेको व्यहोरा सबै साँचो बयान गर्नेछु, कुनै कुरा लुकाउने वा ढाँट्ने छैन र अदालत तथा मुद्दाको पक्षहरूको तर्फबाट सोधिएको सबै प्रश्नहरूको देखे, जाने र सुने सम्मको सही उत्तर दिनेछु। झुट्टा ठहरे कानून बमोजिम सजाय होस्।

शपथ लिनेको सहीछापः शपथ
गराउनेको सहीछापः

# परिशिष्ट-१७

## साक्षी बकपत्रको ढाँचा

मुद्दा ..........................................................................

साल ............................................................................................ नम्बर

.................................................................... विरुद्ध

..........................................................................

साक्षी

................................................................................................................

को बयान

### प्रश्न र तिनको जवाफहरू

| | |
|---|---|
| प्रश्न : तपाईंको र तपाईंको बाबु आमाको नाम के हो? तपाईंको उमेर कति? पेशा के हो? घर कहाँ छ? | जवाफः-<br>....................................................<br>....................................................<br>.................................................... |

बकपत्र गर्ने व्यक्तिको सहीछापः बयान गराउने कर्मचारी/न्यायाधीशको सहीछापः

................................................................................................................

द्रष्टव्यः मुद्दाका पक्षहरूले जुन क्रमले सोधपुछ, जिरह वा पुनः सोधपुछ गरेको हो सो क्रमले प्रश्नहरू र तिनको जवाफ लेख्नु पर्छ र साथै अदालतले सुरुमा, बीचमा वा अन्त्यमा साक्षीसँग कुनै प्रश्न सोधेको भए सव प्रश्न र त्यसको जवाफ पनि क्रम मिलाएर लेख्नु पर्छ।

# परिशिष्ट-१८

## फैसलाको ढाँचा

.................................................................. अदालत

........................................................................................ को

इजलाश

फैसला

................................. मुद्दा .......................... साल

........................ नम्बर

.................................................................. विरुद्ध

..................................................................

१.

........................................................................................

..................................................................................................

..................................................................................................

........................... (उजुरीको मुख्य व्यहोरा)

२.

........................................................................................

..................................................................................................

..............................................................................................

(अभियुक्तको बयान वा प्रतिउत्तरपत्रको मुख्य व्यहोरा)

३.

........................................................................................

..........................................................................................................
..........................................................................................................
............... (अदालतले निर्णय दिनु पर्ने कुराहरु)

४.

..............................................................................................
..........................................................................................................
..........................................................................................................
............... (कारण सहितको अदालतको निर्णय)

५.

..............................................................................................
..........................................................................................................
........................................................................................ (कानून बमोजिम प्यारोल वा प्रोवेशनमा छोड्न मिल्ने नमिल्ने कुरा)

६.

..............................................................................................
..........................................................................................................
..........................................................................................................
...... (अन्य आवश्यक कुरा)

मिति ....................................................

..............................

न्यायाधीशको सहीछाप

# परिशिष्ट-१९

## अनुसूची -४४

## (दफा १३२ को उपदफा (१) सँग सम्बन्धित)

<u>फैसलाको सूचनाको ढाँचा</u>

..........................................................बाट

............................................................................ लाई दिइएको

फैसलाको सूचना

(पक्षको पुरा नाम र ठेगाना)

....................................................... मुद्दा ...................... साल .................. नम्बर........................................................................

उपर्युक्त मुद्दामा ......................... मितिमा यस ........................................... बाट ........................................................................ निर्णयको मुख्य व्यहोरा)...................................................................... फैसला भएकोले तपाईंलाई सूचित गरिएको छ।

..............................................

(अदालतको छाप) (सूचना पठाउने अधिकारीको सहीछाप)

मिति : ..................................

# परिशिष्ट-२०

## लिखत पञ्जिकाको ढाँचा

.............................................................................. विरुद्ध

..............................................................................

मुद्दा ........................................................ साल ............................ को मि. नं. ..................

| लिखतहरूको क्रम सङ्ख्या | लिखतहरूको छोटकरी विवरण | लिखत दाखिल गर्ने पक्षको नाम | लिखत दाखिल भएको मिति | कर्मचारीको सहीछाप |
|---|---|---|---|---|
| | | | | |

तयार गर्नेको सहीछाप

प्रमाणित गर्नेको सहीछाप

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय
बबरमहल, काठमाडौं